# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

"लोकको साहित्यलाई लोकसाहित्य भनिन्छ । यसको सिर्जना शिष्ट समुदायबाट नभई सामान्य समुदाय वा लोकबाट गरिन्छ ।"[१] लोकसाहित्यका विविध विधाहरूमध्ये लोकनाटक प्रमुख विधा हो । लोकनाटकलाई लोकनृत्य पनि भनिन्छ । जीवनजगत्को अभिनय गर्ने परम्परा ज्यादै प्राचीन मानिन्छ । लोकनाटकहरूमा पनि लोकजीवनबाट नै अभिनय लिएर लोकमञ्चमा प्रस्तुत गर्ने सार्वभौम परम्परा रहनुले लोकाभिनय, लोकजीवन, लोकभावना, लोकानुभूति, लोकजीवनको व्याख्या पाइन्छ । त्यसैले लोकनाटक लोकजीवन र जगत्को आस्था एवं व्यवहारहरूको सरल प्रदर्शनमूलक अभिव्यक्ति हो । मूलतःलोकनृत्य र लोकगाथाहरूबाट आफ्नो आधार तयार पारी सर्वसाधरण मानिसहरूलाई मनोरञ्जन दिलाउने उत्तम विधाको रूपमा यसले आफ्नो स्थान सुरक्षित गरेको छ । गीत, सङ्गीत र नृत्यको त्रिवेणी सङ्गमको रूपमा दृश्यात्मक तवरले यसलाई लोकसमुदायमा प्रस्तुत गरिन्छ ।

लोकनाटक आफैमा प्राचीन विधा हो । मानिसले जहिलेदेखि एक-अर्काको अनुकरण गर्न सिक्यो, त्यही समयदेखि नाटकीकरण र अनुकरणको सुरूवात भयो । लोकसँग यसको गहिरो सम्बन्ध भेटिन्छ । तसर्थ यो लोकसँग गाँसिएकोले समुदायको प्रिय विधा बनेको छ । अपठित र निरक्षर जनसमुदायबाट सहज र स्वभाविक रूपमा जीवित र वोलचालयुक्त लोकभाषाको प्रयोग गरी लोकाभिनयको रूपमा यसलाई प्रस्तुत गरिन्छ । नेपाली लोकजीवनमा के-कति लोकनाटकहरू छन्, खोजकै विषय वनेको छ । प्रचारमा आएका भजन, सोरठी, वालुन, धान नाच, चण्डी नाच, देउडा नाच, ख्याली नाच, पाङ्दुरे नाच र भजन छन् । यी लोकनाटकहरू ठाउँअनुसार विभिन्न नामले चिनिन्छन् । लोकनाटकमा पौराणिक रामायण र महाभारतका कथावस्तु प्रयोग गरिएको पाइन्छ ।

गोरखा जिल्लाको बीच भागमा अवस्थित फिनाम गाविस प्राकृतिक, सामाजिक सांस्कृतिक र भाषिक विविधताले भरिपूर्ण सुन्दर क्षेत्र हो । यस क्षेत्रमा ब्राह्मण, क्षत्री, कामी, सार्की, मुस्लीम, दमाई, योगी, गुरूङ र मगर जातिका मानिसहरू बसोवास गर्दै आएका छन । यस क्षेत्रमा जातीय, भाषिक र सांस्कृतिक विविधता पाइन्छ । तापनि दसैं, तिहार, तीज, इद, वकरिद, चण्डीपूर्णिमाजस्ता महत्त्वपूर्ण पर्वहरू मनाइन्छ । विभिन्न चाडपर्व र धार्मिक कार्यमा लोकनाटकहरू देखाउने गरिएको पाइन्छ । परम्परा जोगाउन र मनोरञ्जन प्रदान गर्न नाचहरू देखाउने गरिन्छ ।

हाल आएर वैज्ञानिक प्रविधिका उपलब्धिहरू जस्तो रेडियो, टेलिभिजन, फिल्मी डेक आदिको प्रभावले लोकनाटकको अस्तित्व हराउँदै गएको छ । लोकनाटक लोकजीवनको

---

१. मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य** (काठमाडौः विद्यार्थी पुस्तक भण्डार) २०६३ पृ.१२ ।

साझा सम्पत्तिको रूपमा रहेको छ । पछिल्लो पुस्तामा लोकनाटकहरूको अस्तित्व अन्त्य हुने अवस्था सिर्जना भएकाले यसको संरक्षण गर्न प्रस्तुत शोधपत्रमा फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.२ समस्या कथन

फिनाम गाविसमा विभिन्न किसिमका प्रचलित लोकनाटकहरू पाइन्छन् । ती लोकनाटकहरू लोकसाहित्यको अन्य विधाहरू जस्तै मौखिक परम्पराबाट पुस्ता-पुस्ता हुँदै अघिबढेको छ । हालसम्म विशेषरूपबाट अध्ययन भएको पाइएको छैन । यस क्षेत्रमा पाइने लोकनाटकहरूको अस्तित्व हराउँदै जान लागेकोले अध्ययन थालिएको हो र यस अध्ययनमा निम्नलिखित मूल समस्याहरू रहेका छन् :–

क. फिनाम गाविसमा के कस्ता लोकनाटकहरू प्रचलनमा रहेका छन् ?
ख. यस क्षेत्रमा प्रचलित लोकनाटकहरू के-कति प्रकारका छन् ?
ग. यस क्षेत्रमा प्रचलित लोकनाटकहरूलाई कसरी विश्लेषण गर्न सकिन्छ ?
घ. फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको अध्ययनवाट के-कस्तो निष्कर्ष निस्कन्छ ?

यिनै समस्यामा केन्द्रित रहेर प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको मूल उद्देश्य गोरखा जिल्लाको फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको माध्यमबाट त्यस क्षेत्रको पहिचान गराउनु र प्रचलित लोकनाटकहरूलाई राष्ट्रिय स्तरमा चिनाई यसको मूल्य र मान्यतालाई स्थापित गराउनु रहेको छ । त्यस शोधकार्यको उद्देश्य निम्नानुसार रहेका छन् :–

क. फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको सङ्कलन गर्नु ।
ख. फिनाम गाविसमा प्रचलित लोकनाटकहरूलाई वर्गीकरण गर्नु ।
ग. सङ्कलित लोकनाटकहरूलाई विश्लेषण गर्नु ।
घ. सङ्कलित लोकनाटकहरूको अध्ययनबाट निष्कर्ष निकाल्नु ।

यिनै उद्देश्यहरू पूरा गर्ने लक्ष्य लिएर प्रस्तुत शोधकार्य गरिएको हो । यस शोधकार्यबाट माथि उल्लिखित उद्देश्यहरू पूरा गरिएको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

लोकसाहित्यका विभिन्न विधाहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण विभिन्न विद्वान्हरूबाट गरिएको पाइन्छ । तिनीहरूलाई कालक्रमिक रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

१. काजीमान कन्दङ्वाले **नेपाली जनसाहित्य** (२०२०) मा मारुनी गीत र नाचको चर्चा गर्दै मारुनीलाई नेपाली राष्ट्रिय गीत र नाच हो भनी उल्लेख गरेका छन् र सोरठीलाई पनि मारुनी गीतको एउटा छुट्टै राग मानेका छन् तर गोरखाको फिनामतिर प्रचलित सोरठी लोकनाटकको भने चर्चा गरेका छैनन् ।

२. सुवि शाहले **मारुनी (पाङ्दुरे) लोकनाच** (२०३५) मा पाङ्दुरे लोकनाटकका बारेमा चर्चा गरे पनि गोरखामा प्रचलित पाङ्दुरेको विस्तृत अध्ययन अनुसन्धान भने भएको भेटिँदैन ।

३. जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) मा गण्डकी-लुम्विनी क्षेत्रमा प्रचलित सोरठी, घाटु, नचरी र वालुनको चर्चा गरेको पाइन्छ तर फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको भने कुनै चर्चा गरेको भेटिँदैन ।

४. चूडामणि बन्धुले **नेपाली लोकसाहित्य** (२०५८) मा लोकनाटकको परिचय दिँदै सोरठी, नचरी, चरित्र र लिला लोकनाटकको चर्चा गर्ने क्रममा गोरखाको फिनाम गाविसमा प्रचलित सोरठी, भजन र पाङ्दुरेको उल्लेख गरेका छैनन् ।

५ मोतीलाल पराजुलीले **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू** (२०६३) मा नेपालको विविध क्षेत्र र जातिमा प्रचलित लोकनाटकहरूको उल्लेख गरेका छन् तर फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको भने यसमा समावेश गरेका छैनन् ।

६ मोतीलाल पराजुलीले **सोरठी नृत्यनाटिकामा** (२०६३) मा विभिन्न कोणबाट सोरठीको विश्लेषण गरी नेपाली सोरठी र गण्डकी अञ्चलको सोरठीको मूलपाठलाई समावेश गरेका छन् तर गोरखा जिल्लाको फिनाम गाविसमा प्रचलित सोरठीको भने उल्लेख गरेको पाइन्न् ।

७ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्य** (२०६३) मा लोकगीतलाई सदाकालीन, बाह्रमासे र सामाजिक लोकगीतमा वर्गीकरण गरी सदाकालीन लोकगीत अन्तर्गत चुड्का भजनको सोदाहरण सङ्क्षिप्त अध्ययन गरेका छन् तर गोरखामा प्रचलित भजनको भने कुनै उल्लेख गरिएको पाइँदैन ।

८. रामनाथ ओझा र मधुसूदन गिरीले **पूर्वआधुनिक नेपाली साहित्य, लोकसाहित्य र आधुनिक नेपाली निवन्ध** (२०६४) मा नेपालको जनजाति बसोबास गरेको पूर्वदखि पश्चिमसम्म र लेकदेखि तराईसम्म सोरठी, घाटु र वालुन लोकनाटकहरू प्रचलनमा रहेको बताएका छन् । यी जातिले कूलदेवताको पूजा गर्दा गाउने र प्रदर्शन गर्ने कुरा उल्लेख गरेका छन् । फिनाम गाविसमा पनि जनजाति बसोबास गर्छन् तर उनीहरूमा रहेको सोरठी लोकनाटकको बारेमा भने कुनै चर्चा गरेको पाइन्न् ।

९. गणेश प्रसाद शर्माले **चितवन भरतपुर नगर क्षेत्रमा प्रचलित भजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** (२०६५) शीर्षक अध्ययनपत्रमा पोखरेली भजन, स्याङ्जाली भजन, धादिङ्गे भजन र गोर्खाली भजनको केही चर्चा गरे पनि फिनाममा प्रचलित भजनको भने कुनै उल्लेख गरेका छैनन् ।

यसरी लोकनाटकका बारेमा गरिएका पूर्वाध्ययनहरूलाई हेर्दा गोरखामा प्रचलित लोकनाटकहरूको बारेमा चर्चा गरिएको पाइएता पनि फिनाम गाविसमा प्रचलित कुनै लोकनाटकहरूको बारेमा चर्चा गरिएको नपाइएकोले यस शोधकार्य मार्फत विस्तृत र सुव्यवस्थित रूपमा अध्ययन र अनुसन्धान गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य

समाजमा छरिएर रहेका लोकसाहित्यका विभिन्न विधा उपविधाहरूको खोजी गरी प्रकाशमा ल्याउनु आवश्यक छ । लोकसाहित्यको विभिन्न विधाहरूमध्ये लोकनाटक प्रमुख विधा हो । यो लोकसाहित्य लोकसमुदायको साझा सम्पत्ति र मौलिक संस्कृतिको परिचायक हो । यसमा आदिम नेपाली लोकजीवनको प्रतिविम्ब झल्किएको पाइन्छ तर नयाँ पुस्तामा नयाँ संस्कृतिले प्रवेश पाउनु, मनोरञ्जनका लागि नयाँ साधनहरू प्रयोगमा आउनु, पुरानो लोकसंस्कृतिप्रति नयाँ पुस्ताको वितृष्णा पैदा हुनु र लोकसंस्कृतिका गीत, सङ्गीत र नृत्यको अभिनय गर्न नसक्नुले कतिपय पक्षहरू लोप हुन सक्छन् । त्यसैले तिनीहरूको क्षेत्रगतरूपमा समयमै सङ्कलन गर्नुपर्दछ । यस सन्दर्भमा शोधकार्यको औचित्य प्रष्ट हुन्छ । यस क्षेत्रमा प्रचलित लोकनाटकहरूको जानकारी तथा स्थानीय भाषा भाषिका जानकारी लिन पनि यस शोधकार्यबाट सहयोग पुग्नेछ । यस अध्ययनबाट नेपालमा अन्य क्षेत्रमा प्रचलित लोकनाटकहरूसँग तुलनात्मक अध्ययन गर्न र लोकनाटकहरूको बारेमा अध्ययन र अध्यापन गर्न समेत सहयोग पुग्नेछ । यस शोधपत्रबाट लोकनाटकहरूको बारेमा जान्न चाहने जिज्ञासु, पाठक तथा अध्येताहरूले वस्तुगत जानकारी पाई लाभान्वित हुन सक्नेछन्। त्यसैले यो कार्य क्षेत्रीय अनुसन्धानात्मक दृष्टिले औचित्यपूर्ण र महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

नेपालको पूर्व मेचीदेखि पश्चिम महाकाली र नेपालवाहिर समेत प्रचलनमा रहेका लोकनाटकहरूले धेरै ठाउँ ओगटेको छ । त्यसैले यसको सीमाङ्कन गर्नु कठिन कार्य हो तापनि विशेष अध्ययन र अनुसन्धानका लागि निश्चित क्षेत्र तोकेमा मात्र राम्रोसँग अध्ययन गर्न सकिने हुँदा फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको अध्ययन र विश्लेषणमा मात्र यो अनुसन्धान केन्द्रित गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा निम्नलिखित विधिहरूको उपयोग गरिएको छ :

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा गाउँ-गाउँमा गएर लोकनाटकहरू गाउने गुरू, गर्रा, बूढापाका र जानकार व्यक्तिहरूसँग भेटघाट गरी मौखिक प्रश्नहरू सोधी जानकारी लिइएको छ । थप सामग्रीको लागि लोकनाटकसँग सम्बन्धित पुस्तकहरूको सहयोग लिइएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

क्षेत्रीय अध्ययन विधिबाट सङ्कलित सामग्रीहरूलाई लोकनाटकका तत्त्वहरूको आधारमा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र सु-व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि यस अध्ययनलाई निम्न परिच्छेदमा विभाजन गरिएको छ :–

पहिलो परिच्छेद – शोध परिचय

दोस्रो परिच्छेद – फिनाम गाविसको परिचय

तेस्रो परिच्छेद – लोकनाटकको सिद्धान्त

चौथो परिच्छेद – फिनाम गाविसका लोकनाटकहरूको वर्गीकरण

पाँचौं परिच्छेद – फिनाम गाविसको सङ्कलित लोकनाटकहरूको विश्लेषण

छैटौं परिच्छेद – उपसंहार

सन्दर्भग्रन्थसूची

परिशिष्ट

# परिच्छेद दुई

# फिनाम गाविसको परिचय

फिनाम गाविस गोरखा जिल्लाभित्र पर्ने भएकोले यस गाविसको परिचय मात्र दिँदा समग्र पक्ष नसमेटिने हुँदा गोरखा जिल्लाको सामान्य परिचय दिएर गाविसको परिचय दिइएको छ ।

## २.१ गोरखा जिल्लाको परिचय

### २.१.१ पृष्ठभूमि

नेपालको ऐतिहासिक गौरवगाथा बोकेको जिल्ला गोरखाको नामकरण कसरी भयो भन्ने कुरामा विभिन्न प्रकारका भनाइहरू पाइन्छ । गोरखा भन्नाले शिवस्वरूप गोरखनाथ बाबाको सबभन्दा मन परेको क्षेत्र र बासस्थान रहेको र तिनै गोरखनाथद्वारा रक्षित र पालित भएका कारणले गोरखा रहन गएको हो भन्ने जनश्रुति प्रचलित छ । यसै गरी गोरखाको शाब्दिक अर्थ केलाउँदा 'गो' भनेको गाई र रखा अर्थात रक्षा भनेका संरक्षण भन्ने तात्पर्यमा गोरखा भनिएको हो भन्ने कथन पनि प्रचलित छ । गाईको पूजा आजा गर्ने र गाईलाई आमाको रूपमा मान्ने परम्परा प्राचीनकालदेखि नै यहाँ प्रचलित रहेबाट गोरखाको नामकरण बारे यो भनाइ पनि तर्कपूर्ण नै छ ।

गोरखा जिल्ला पाँच विकास क्षेत्रमध्येको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चलमा पर्दछ । राजधानी काठमाडौँदेखि १४० किमि पश्चिम २७ डिग्री १५ मिनेटदेखि २८ डिग्री १५ मिनेट उत्तरी अक्षांश र ८४ डिग्री २७ मिनेटदेखि ८४ डिग्री ५८ मिनेट पूर्वी देशान्तरसम्म यो जिल्ला अवस्थित छ । यसको पूर्वमा धादिङ, तिब्बत (चीन), पश्चिममा तनहुँ, लमजुङ, मनाङ, तिब्बत (चीन), उत्तरमा तिब्बत (चीन), दक्षिणमा चितवन, तनहुँ र धादिङ जिल्ला पर्दछ । धरातलीय स्वरूपअनुसार यस जिल्लालाई हिमाली प्रदेश, लेकाली प्रदेश, पहाडी प्रदेश र बेसी गरी चार भागमा विभाजन गर्न सकिन्छ । यस जिल्लाको क्षेत्रफल ३६१० वर्ग किमि छ । यस जिल्लाको दक्षिणी टार समुद्री सतहबाट ५०० मिटरभन्दा कममा छ भने उत्तरी हिमशृङ्खला ८ हजार मिटरसम्म रहेको छ ।

(स्रोतः गोजिपा, जिविस,गोरखा २०६४)

### २.१.२ हावापानी

गोरखाको भौगोलिक वनावटमा विविधता भएकोले हावापानी पनि एकनासको पाइँदैन । बेसीदेखि जति उचाइमा गयो उति बढी जाडो हुन्छ । प्रायः वर्षामा गर्मी र हिउँदमा जाडो हुन्छ । ५ हजार मिटरभन्दा उच्च हिमाली भेगमा बाह्रै महिना हिँउ जमिरहने हुनाले त्यहाँको तापक्रम ० डिसे भन्दा कम रहन्छ । उच्च लेकाली भेगमा अधिकांश महिना जाडो नै हुन्छ । नदीका खोँच तथा टारहरूमा भने गरम हावापानी पाइन्छ । यहाँको औसत वार्षिक तापक्रम अधिकतम २५ डिग्री सेन्टिग्रेड र न्यूनतम १४ डिग्री सेन्टिग्रेड हुन्छ ।

(स्रोतः गोजिपा, जिविस,गोरखा २०६४)

यस जिल्लाको अधिकांश वर्षा जेष्ठ १५ गतेदेखि आश्विन १५ सम्ममा मनसुनी हावाले गराउँछ । हिउँदमा पश्चिमी वायुले केही वर्षा गराउँछ । यहाँको वार्षिक सरदर वर्षा १५० मिमि हुन्छ । यहाँको हावापानीलाई चार भागमा विभाजन गरिएको छ । उष्ण हावापानी, अर्धउष्ण हावापानी, शितोष्ण हावापानी र लेकाली हावापानी पाइन्छ । उचाइ फरक-फरक भएकोले हावापानी र तापक्रम पनि फरक–फरक पाइन्छ ।

### २.१.३ नदीनाला तथा तालहरू

यस गोरखा जिल्लामा पनि साना र ठूला गरेर धेरै ताल र नदीहरू छन् ।यहाँ मुख्यतः दरौंदी, चेपे, बूढी गण्डकी, मर्स्याङ्दी छन् । दरौंदी नदी नारदकुण्डबाट सुरु भई गोरखाको बीच भागबाट बहने र अन्त्यमा खैरेनीनिर मर्स्याङ्दीको मझुवाघाटमा आइपुग्ने दरौंदी मुख्य नदी हो भने अर्का महत्त्वपूर्ण नदी चेपे पनि हो । गोरखा र लम्जुङ्को सिमानाको रुपमा रहेको चेपे नदी दुध पोखरीबाट सुरु भई मर्स्याङ्दीमा मिल्दछ । यो नदी मनाङ हिमाल हुदैं लमजुङको बीच भागबाट बग्दछ । यसले चेपेघाट पुगेर गोरखाको पश्चिमी प्राकृतिक सिमानाको काम गरेको छ । गोरखामा रहेको धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण तालहरू पनि छन् । प्रोक गाविसमा कल्छुमन ताल, उइयामा ठूलो दुध पोखरी ताल, खरिवोटमा दुधपोखरी ताल र वारपाकमा नारदकुण्ड पर्दछ ।

### २.१.४ हिमालहरू

यस गोरखा जिल्लामा महत्त्वपूर्ण हिमालहरू पनि छन् । २६७५२ फिट उचाइ भएको मनास्लु हिमाल, हिमालचुली २५८९५ फिट, शृङ्गी हिमाल २३५४४ फिट र बौद्ध हिमाल २१८९० फिट उचाइ भएका हिमालहरू पनि यसै जिल्लामा पर्दछन् ।

(स्रोतः गोजिपा, जिविस,गोरखा २०६४)

### २.१.५ सामाजिक जनजीवन

यस जिल्लामा विभिन्न थर र जातिका मानिसहरू बसोबास गर्दछन् । यहाँ विभिन्न धर्म र भाषा बोल्ने मानिसहरू बसोबास गर्दछन् । यहाँ बोलिने भाषाहरूमा नेपाली,गुरुङ, तामाङ, नेवारी, मगर, मुस्लिम, चेपाङ, शेर्पा, राई, थारू, सतार, लिम्वु र मैथिली हुन् । जातिहरूमा ब्राम्हण, क्षत्री, नेवार, गुरुङ, कुमाल, दमै, कामी, मगर, सार्की, तामाङ, प्रजा, दराई र राई छन् । यहाँ मुख्यतः दसैं, तिहार, जनैपूर्णिमा, ईद, इदुलफित्रजस्ता चाडपर्वहरू मनाउँछन् ।

### २.१.६ मठ मन्दिर र तीर्थस्थलहरू

गोरखामा प्रसिद्ध मठ मन्दिर र तीर्थस्थलहरू छन् । गोरखनाथ बाबा, कालिका देवी, मनकामना देवी, रानीपोखरी (पुस्करतीर्थ), दुधपोखरी, नारदकुण्ड, पार्वती गुफा, बक्रेश्वरी गुफा, शृङ्गी गुफा, गोरखा दरवार, तल्लोदरवार, रामशाह चौतारो लगायत अन्य धेरै प्रसिद्ध स्थलहरू छन् । यिनीहरूको संरक्षण गर्न सक्ने हो भने पर्यटकीय स्थलको रूपमा विकास गर्न सकिन्छ । यिनीहरूको विकास गर्नु हामी सबैको दायित्व हो ।

### २.१.७ आर्थिक अवस्था

गोरखा आर्थिकरूपले त्यत्ति विकास हुन सकेको छैन । भौगोलिक विकटता, यातायातको असुविधा, दक्ष जनशक्ति पुँजी लगायत अन्य विकासका पूर्वाधारहरूको विकास

हुन नसक्दा यो क्षेत्र विकासमा पछि परेको हो । यहाँका अधिकांश मानिसहरू कृषि पेशामा संलग्न छन । कृषि पेशामा पनि व्यावसायिकरण गर्न सकिएको छैन । यहाँका युवाहरू आन्तरिकरूपमा स्वरोजगारलाई वास्ता नगर्दा विदेशतर्फ पलायन हुने गरेका छन् । यहाँका प्रमुख व्यापारिक केन्द्रहरू पोखरीथोक, वारपाक, आरुघाट, ठाँटीपोखरी, आँपपिपल, गाईखुर, देउराली, मिरकोट र रागिनासटार छन् । यहाँ फलफूल खेती, मौरीपालन, बाखापालन, रबरउद्योग, घरेलुकागज, राडीपाखी, निगालो बाँसको सामान, दुग्ध उत्पादन,फर्निचर उद्योगजस्ता व्यवसायहरू सञ्चालित छन् । यहाँ औद्योगिक रूपमा त्यत्ति विकास हुन सकेको छैन् ।

## २.१.८ स्वास्थ्य स्थिति

यहाँ गोरखामा एउटा १५ शैयाको अस्पताल छ । यो अपर्याप्त नै छ । आँपपिपलमा एउटा वैदेशिक सहयोगमा सञ्चालित अस्पताल छ । निजीस्तरमा आमा-बा अस्पताल छ । प्रत्येक गाविसमा एक-एक वटा उपस्वास्थ्य चौकी छन् । यहाँका जनसङ्ख्याको तुलनामा यो पर्याप्त छैन । मेडिकलहरू पनि व्यवस्थित छैनन् । गोरखामा सामान्य रोगीहरूको मात्र उपचार हुन्छ तर विशेष उपचारको भने काठमाडौं नै जानु पर्दछ जसले औषधी खर्चभन्दा अन्य खर्च बढी हुन जान्छ । जिल्ला अस्पतालमा डाक्टर सङ्ख्या र शैयाको सङ्ख्यालाई बढाउनु पर्छ ।

## २.१.९ शैक्षिक अवस्था

यहाँको शैक्षिक अवस्था मध्यम नै छ । हाल प्रत्येक गाविसमा मावि र उमावि सञ्चालित हुन थालेका छन । हाल स्नातक तह पनि दुर्गम क्षेत्रमा खुल्न थालेका छन् । सदरमुकाममा पनि सरकारी क्याम्पस र निजी स्तरको दुईवटा सञ्चालित छन् । यी क्याम्पसहरूमा स्नातकोत्तर तहसम्म पढाइ हुन थालेका छन् । प्राविधिक तर्फ सि.एम.ए र सव ओभरसियर सञ्चालित छन्, यो पनि पर्याप्त छैन । गोरखाको विकास गर्नको लागि प्राविधिक शिक्षातर्फ नै जोड दिनुपर्दछ ।

## २.२ फिनाम गाविसको परिचय

### २.२.१ पृष्ठभूमि

फिनाम गाविस पश्चिमाञ्चल विकासक्षेत्रमा रहेको गण्डकी अञ्चलको ऐतिहासिक गोरखा जिल्लामा पर्दछ । यो गाविस नेपालको मध्ये पहाडी प्रदेशमा पर्दछ । यस गाविस नेपालको प्रथम प्रधानमन्त्री भीमसेन थापा, सरदार बलि बानियाँ र जया बानियाँको जन्मथलोको रूपमा परिचित छ । नेपालको एकीकरण अभियानमा महत्त्वपूर्ण योगदान पूऱ्याउनु हुने वीर योद्धाहरूको जन्मथलो हो । सरदार जया बहादुर बानियाँले नेपाल एकीकरण अभियानमा महत्त्वपूर्ण योग्दान पुऱ्याउनु भएको र सरदार बलि बानियाँले तनहुँ सुरको ज्यामरुक भन्ने ठाउँमा वीरगति प्राप्त गर्नु भएको कुरा इतिहास साछी छ । जुन ज्यामरुकमा सरदार बलि बानियाँले शहादत प्राप्त गरेको हुनाले उक्त ठाउँको नाम बलिथुमको नामले परिचत छ । भीमसेन थापाको बाबु काजी अमरसिंह थापा पनि चर्चित व्यक्तित्व हुन् । उनको पनि जन्म फिनाम गाविसको पिपलथोकमा भएको थियो । यसरी नेपालको एकीकरण गर्ने क्रममा विभिन्न ओहोदामा रही उनीहरूले उत्कृष्ट योगदान पुऱ्याएका थिए ।

यो गाविस गोरखा जिल्लाको सदरमुकाम नजिकै सिमाना जोडिएको गाविस हो । यो गाविस २०२२ सालमा आदर्श गाउँ पञ्चायत घोषणा गरिएको थियो । यस गाविस विकास निर्माण पक्षबाट सम्पन्न थियो तर जनचेतनाको कमीले हाल ती विकासका पूर्वाधारहरू सवै विनास भइसके । यहाँको भौगोलिक बनावट हेर्दा भिरालो देखिन्छ । उर्बर योग्य जमिन कमै पाइन्छ । यो गाविस सदरमुकाम नजिक भएर पनि विकास निर्माणमा पछि परेको छ । गोरखा आरुघाट सडक यही गाविस हुँदै आरुघाट आर्खेतसम्म पुगेको छ । प्रत्येक गाउँसम्म मोटर वाटो पुगेको छ । सञ्चारको सुविधा पनि छ । गुणात्मक शैक्षिक विकास र उद्योग कलकारखानाको विकास भने हुन सकेको छैन । यहाँका शिक्षित र सम्पन्न मानिसहरू सहरी क्षेत्रतिर घर घडेरी किनेर बसोबास गर्दा यस क्षेत्रको विकास त्यत्ति हुन सकेको छैन ।

यस क्षेत्रको विकास गर्न परम्परागत र निर्वाहमुखी कृषिलाई व्यावसायिकरण गर्ने, यहाँका शिक्षित र सम्पन्न मानिसहरू यसै गाउँमा फिर्ता हुने, उद्योग कलकारखानातर्फ ध्यान पुऱ्याउने र प्राविधिक शिक्षातर्फ उन्मुख हुने हो भने पहिलेको आदर्श गाउँ पञ्चायत फेरि आदर्श गाविसको रूपमा परिचित हुनेछ । भीमसेन थापाको जन्मथलोलाई पर्यटकीयस्थलको रूपमा विकास गर्न सक्ने हो भने यस क्षेत्र सम्पन्न हुनेछ । यस क्षेत्रको विकास निर्माणमा सवैले चासो देखाउने हो भने यो क्षेत्र सुखी र सम्पन्न बन्ने छ ।

(स्रोत : **फिनाम गाविस पारिवारिक विवरण**,२०६७)

### २.२.२ भौगोलिक परिचय

गोरखा जिल्लाको एक मात्र गोरखा नगरपालिका पूर्वपट्टि सिमाना जोडिएको गाविस फिनाम हो । यो गाविस गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं १ को इलाका नं १ मा पर्दछ । क्षेत्रफलको हिसावले छिमेकी गाविस तुलनामा सानो आकारको छ । नक्सामा हेर्दा करिव वर्गाकार जस्तो देखिन्छ । यसको पूर्वमा ताप्ले गाविस पश्चिममा गोरखा नगरपालिका

उत्तरमा नारेश्वर गाविस र दक्षिणमा बुङ्कोट गाविस पर्दछ । अक्षांशीय फैलावटलाई हेर्ने हो भने २७.१५° उत्तरदेखि २७.५०° उत्तरी अक्षांशसम्म र देशान्तरीय फैलावट ८४.२७° देशान्तरदेखि ८४.४०° पूर्वी देशान्तरसम्म फैलिएको छ । यस गाविस क्षेत्रफल ८९८७२७५ वर्ग मिटर रहेको छ । (स्रोत:फिनाम गाविस पारिवारिक विवरण,२०६७)

## २.२.३ हावापानी

यस गाविसको हावापानीमा उत्तरतर्फ हटिया, भगवतीस्थान, पाँडेको चौतारो, लाकुरीस्वाँरा र पन्थेस्वाँरामा ठण्डा प्रकारको हावापानी पाइन्छ । दक्षिण भेगतर्फ भने शीतोष्ण हावापानी पाइन्छ । वेलस्वाँरा, लुइँचेस्वाँरा, औलटारी, डुम्रीस्वाँरा र ज्यादुल खोलाको आसपासतर्फ यस गाविसको दक्षिणी भेग पर्दछ । यहाँको हावापानी गर्मी र जाडोमा उचाइ अनुसार तापक्रम ५° सेल्सियसदेखि २७° सेल्सियससम्म रहेको छ । यस गाविस भित्र (जिविस तथ्याङ्क अनुसार) हिउँद र वर्षामा औषत वार्षिक वर्षा १५०० मिलिलिटर पर्दछ । यस गाविसको जलवायु मिश्रित प्रकारको रहेको छ । यहाँ वर्षायामको समयमा पूर्वीय मनसुनी वायुले गर्दा जेठदेखि भदौसम्म प्रशस्त पानी पर्दछ । यस गाविसमा हिउदको समयमा जाडो तथा बर्षाको समयमा गर्मी हुन्छ ।

## २.२.४ वनजङ्गल अवस्था

यस गाविस भित्र ४३५ हेक्टर वनजङ्गल (सरकारी ८७.६३ हेक्टर र सामुदायिक ३४७. ३७ हेक्टर) ले ढाकेको छ । कुल क्षेत्रफलको ५४ प्रतिशत वनजङ्गलले ढाकेको छ । यसको रेखदेख जिल्ला वन कार्यालय गोरखकाली रेन्जपोष्टले गर्दछ । यस गाविस भित्र वनको रेखदेख गर्नको लागि ८ वटा सामुदायिक वन समूह रहेका छन् । जोगीडाँडा चनौटे १, चनौटे वडा नं १, कामेटारी महिला समूह वडा नं ९, सिमलस्वाँरा महिला समूह वडा नं ६ र ७, भगवती सिम्ले सामुदायिक वन वडा नं १ देखि ९ सम्म, सिप्लीगाने महिला समूह वडा नं ८ मनोहरा महिला समूह वडा नं ८, चनौटेपाखा महिला समूह वडा नं ५ र आख्ले सामुदायिक वन वडा नं ३ र ५ गरी हाल ८ समूहबाट वनको संरक्षण र रेखदेख भइरहेको छ । हालसम्म वन्यजन्तु र वनसम्पदा संरक्षणको हिसावले भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणको व्यवस्था भने भएको छैन ।

यहाँ काठ तथा दाउरा प्रयोगको लागि साल, चिलाउने, कटुस, हर्रो, वर्रो, आँप,उत्तिस, सल्ला, सिमल, साहज, पैयुँ, खल्लुक, अँगेरी आदि वनस्पतिहरू पाइन्छ । डाले घाँसका लागि भने टाँकी, टुनी, दवदवे, डुम्री, खर्सेतो, हर्रो, बर्रो, खनायो, काप्रो, कोईरालो, कुटमेरो, पिपल र समी आदि पाइन्छ । जडिवुटीतर्फ कुरिलो, गुर्जो, अमला, नागबेली, असुरो, टिमुर, गुदरगानो, चिल्लोबादलपाते, घोरटाप्रे, तितेपाती, रुद्राक्ष, काफल, सिखारी लहरा, पानीअमला, असुरो र गुमपाती आदि पाइन्छ ।

यस गाविसभित्र घना वनजङ्गल कम रहेको छ । जस्ले गर्दा जङ्गलीजनावर र चराचुरुङ्गीहरूको बासस्थान र आहरा कम भएको पाइन्छ । यहाँ जङ्गली जनावरहरूमा वाघ, चितुवा, बाँदर, स्याल, दुम्सी, मलसाप्रो, वनबिरालो, लोखर्के, न्याउरी मुसा, गोहोरो, मृग आदि पाइन्छ । चराचुरुङ्गीहरूमा ढुकुर, तित्रा,मलेवा, काग, कोइली, जुरेलो, वनकुखुरा,

ठेउवा, बकुल्ला, सारौं, सुगा, चिबे, धोबिनी, गौंथली, भँगेरा, फिस्टो, लाम्पुच्छ्रे, भद्राई,कालिज, चिल, चमेरा, कुथूर्के रानीचरा, हलेसो र काकाकुल आदि पाइन्छ ।

(स्रोत :फिनाम गाविस पारिवारिक विवरण,२०६७)

## २.२.५ प्रमुख नदी तथा खोलाहरू

यस गाविसमा ठूला नदीहरू छैनन् । यहाँ साना-साना खोलाहरू छन । हिउँदमा साना खोलाहरू पनि बढेर वर्षायाममा ठूला हुन्छन । ती खोलाहरूमा बूढो खोला,अम्फेपानी खोला, गुह्य खोला, सिम्ल`खोला, छत्तिन खोला, गुरुङ खोला, अधेरी खोला, ज्यादुल खोला, ताप्ले खोला र असिमुरे खोला आदि खोलाहरू छन् । ताप्ले खोला र ज्यादुल खोला मिसिएर बुङ्गोट हुँदै बूढी गण्डकी नदीमा मिसिन पुग्छ । यस गाविसको मुख्य खोलाहरूमा ताप्ले खोला र ज्यादुलखोला हो । यी खोलाहरूले सिँचाई सुविधा पुऱ्याएको छ ।

## २.२.६ प्रसिद्ध ठाउँहरू

यस गाविस भित्र प्रसिद्ध ठाउँ तीर्थ स्थलहरू रहेका छन् । यिनका कारणले पनि यस गाविसलाई सजिलै चिनाउन सकिन्छ । यस गाविसको वडा नं ८ मा भगवतीमाईको मन्दिर रहेको छ । यो मन्दिर वनको बीच भागमा पर्दछ । जुन मन्दिरमा दैनिकरूपमा पूजा हुन्छ ।

भक्तजनहरूको मनोकांक्षा पूरा हुने भएकोले यस देवीलाई सम्भेर पूजा गर्न भनेर टाढा-टाढाबाट भक्तजनहरू आउने गर्दछन् । यस मन्दिरको पूर्वपट्टि छेउमा भैरवको मूर्ति रहेको छ । यस क्षेत्रको प्रसिद्ध ठाउँहरू मधुघाट (सन्तानेश्वर महादेव), नेपालका प्रथम प्र.म.भीमसेन थापाको जन्मथलो, उपल्लोकोट जर्नेलधारा, मस्जिद, पाँडेको चौतारा र शिव पार्वतीको मन्दिर हुन् ।

## २.२.७ शैक्षिक अवस्था

फिनाम गाविसको शैक्षिक अवस्थालाई हेर्ने हो भने सामान्य पाइन्छ । सङ्ख्यात्मक रूपमा शैक्षिक क्षेत्रमा विकास भएपनि गुणात्मक शिक्षा भने पाउन सकेका छैनन् । यहाँका मानिसहरूमा प्राविधिक शिक्षातर्फ चाहना कम देखिन्छ । प्राविधिक शिक्षाविना शैक्षिक विकास भएको मान्न सकिन्न । यस गाविस भित्र हाल ४ वटा प्रावि, २ वटा निमावि, एक निजी स्कुल, दुई मदर्सा र एक उमाविमात्र छ । यस शैक्षिक सत्रवाट १०+२ सञ्चालन गरिएको छ । यस क्षेत्रका धनी र पहुँच पुगेका मानिसहरूले गुणस्तरीय शिक्षाको लागि सहरी निजी विद्यालयमा पढाउने गरेका छन् । गरिबका छोरा-छोरी भने गाउँका सरकारी स्थानीय स्कुलमा पढ्न वाध्य छन् ।

यस गाविसको कुल जनसङ्ख्याको ६१.९१ प्रतिशत मानिस साक्षर छन् । महिला साक्षरता ५५.६ प्रतिशत छ भने पुरुष साक्षरता ६८.५५ प्रतिशत रहेको छ । पुरुष १५४१ र महिला १३१६ जना साक्षर छन । तुलनात्मक रूपमा हेर्ने हो भने महिलाभन्दा पुरुष २२५ जना बढी साक्षर छन् । पुरुषको साक्षरता पनि हालको परिवेशमा कम नै देखिन्छ भने महिलाको भने लगभग आधा प्रतिशत नै निरक्षर देखिन्छन् ।

२०६७ सालको घरधुरी सर्वेक्षण अनुसार प्रवेशिका उत्तीर्ण पुरुष २०४ र महिला १२३, प्रमाणपत्र तहमा पुरुष ८५ र महिला २८, स्नातकमा पुरुष ३७ र महिला ९

स्नातकोत्तरमा पुरुष १२ र महिला १, विद्यावारिधितर्फ शुन्य नै पाइन्छ । यस क्षेत्रको उच्च शिक्षामा कम हुनुको कारण पुरुष वैदेशिक रोजगारतिर र सुरक्षा निकायतर्फ बढी जान्छन् भने महिला विद्यालयतहको पढाइ सकिँदा नसकिँदै विवाह भई अर्काको घरमा जानु पर्दा पढाइ बीचैमा छाड्न बाध्य हुन्छन् । उच्च शिक्षा हासिल गरे पनि रोजगार नपाउनाले उच्च शिक्षा हासिल गर्न त्यत्ति चासो देखाउँदैनन् ।

(स्रोत : फिनाम गाविस, पारिवारिक विवरण,२०६७)

## २.२.८ सामाजिक जनजीवन

अन्य गाविसको तुलनामा यस गाविसको जनसङ्ख्या मध्यम नै छ । घरधुरी सर्वेक्षण २०६७ अनुसार, महिला २३६७ र पुरुष २२४८ गरी जम्मा ४६१५ जना छन् । यस गाविसमा जम्मा घरधुरी संख्या ८४१ रहेको छ । यस गाविसमा औषत घरपरिवारको आकार ५.४९ जना रहेको छ । जम्मा घरधुरी ८४१ मध्ये २०९ दलित घरधुरी रहेका छन् । यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । यस क्षेत्रमा बसोबास गर्ने जातजातिहरूमा बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार, कामी, सार्की, दमाई, घर्ती, वराम, कुँवर, खनखवास र मुस्लिम छन् । यस क्षेत्रका मानिसका मुख्य पेशा कृषि नै हो । यहाँका चाडपर्वहरूमा दशैं, तिहार, चैतेदसैं, चण्डीपूर्णिमा, जनैपूर्णिमा, तीज, ईद, बकरिद, रमजान, ल्होसार, ऋषिपञ्चमी, पन्ध्रपुष, साउने सँक्रान्ति र माघेसँक्रान्ति हुन् । यहाँका मानिसहरूका रीतिरिवाज संस्कृति र चालचलन अन्यत्र मानिसहरूको जस्तै छ । यहाँको मानिसहरू कृषिबाहेक पशुपालन पनि गर्दछन । यहाँ घरेलु उद्योग कम छ । यहाँ फलफूल उत्पादन भए पनि व्यावसायिकरूपमा गर्दैनन् । यस गाविसमा हाल अपाङ्गहरूको सङ्ख्या पनि अधिक रहेको पाइन्छ । शारीरिक अपाङ्ग १८, दृष्टिविहिन र न्युनदृष्टिविहिन ३, वोलाइ तथा स्वर सम्बन्धी ४, सुस्तश्रवण २, बौद्धिक अपाङ्ग २, श्रवण र दृष्टिविहिन १ गरी जम्मा ३० जना अपाङ्गहरू छन् ।

(स्रोत : फिनाम गाविस, **पारिवारिक विवरण**,२०६७)

## २.२.९ भाषा

यस क्षेत्रमा विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दछन् । यहाँका मानिसहरूको मुख्य भाषा नेपाली नै हो । यहाँका ब्राम्हण र क्षत्रीहरू नेपाली भाषा बोल्ने मगर, नेवार, गुरुङ र मुस्लिम जातिहरूले पनि आफ्नो भाषा नबोली नेपाली भाषा नै बोल्ने भएकोले नेपाली भाषा बोल्ने मानिसहरू बढी नै पाइन्छ । २०६७ को घरधुरी सर्वेक्षण अनुसार गुरुङ भाषा बोल्ने ४५ जना, मगर भाषा बोल्ने ७६जना, मुस्लिम भाषा बोल्ने ६९३ जना र नेपाली भाषा बोल्ने ३८०१ जना रहेको पाइन्छ। मुस्लिमहरू आफ्नो भाषालाई प्राथमिकता दिने भएकोले मुस्लिम भाषा बोल्ने बढी छन् । अरू जातिले घरायशी कामकाजमा पनि नेपाली भाषा बोल्ने भएकोले अव आउँदो पुस्तामा अन्य भाषा बोल्ने मानिस कम पाइन्छ । अव उनीहरूले आफ्नो भाषालाई चासो नदेखाउने हो भने अन्य भाषा हराउँदै जानेछ ।

(स्रोत:फिनाम गाविस, **पारिवारिक विवरण**,२०६७)

### २.२.१० स्वास्थ्य

यस क्षेत्रमा एक उपस्वास्थ्य चौकी मात्र छ । हाल अन्य स्वास्थ्य संस्थाहरू छैनन् । उपस्वास्थ्य चौकीले चौबिसै घण्टा सेवा दिन सकेको छैन । यस संस्थाका कर्मचारीहरू कार्यालय समयमा मात्र सेवा दिने गर्दछन् । अन्य वेलामा उपचार गर्नको लागि गोरखा सदरमुकाम धाउनु पर्ने हुन्छ । औषधी पसल सामान्य एक मात्र छ । त्यसले पर्याप्त सेवा दिन सकेको छैन । यस स्वास्थ्य संस्थालाई विभिन्न किसिमको प्रक्रिया पुऱ्याई चौबिसै घण्टा सेवा उपलव्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

# परिच्छेद तीन
# लोकसाहित्यको परिचय

## ३.१ पृष्ठभूमि

लोकको साहित्यलाई लोकसाहित्य भनिन्छ । लोकसाहित्य शिष्ट समुदायबाट नभई जनसाधरणबाट सिर्जना भएको साहित्य हो । "गाउँ वा सहर जहाँसुकै रहेको भएपनि शास्त्रीय जटिलतामा नजेलिएको आदिम मानवले युक्त सरल र सामान्य मानिस नै लोक हो ।"[१] "लोकसाहित्य 'लोक' र 'साहित्य' को समासबाट बनेको शब्द हो । यसको अर्थ लोक हो-लोकको साहित्य । यहाँ दुई शब्द छन् 'लोक' र 'साहित्य'।"[२] लोकसाहित्य मानव जीवनको इतिहासमात्र नभएर संस्कृति हो । "सहज र सरल-मीठो लोकभाषामा रङ्गिएको सामान्य जनजीवनको सुख-दुःख, समस्या र बेदना, शोषण र असन्तोष आदि हार्दिक अनुभूति नै लोकसाहित्यका विषय हुन् । यो रसिलो र स्वादिलो स्पष्ट भाषा अँगाल्दै लोकलय वा लोकानुकुलको गद्यमा व्यक्तिएको हुन्छ । हाम्रो लोकजीवनका हाँसो र आँसु, इच्छा र अभाव आदि सारा जीवनक्रमहरू लोकले सहजै लिन र बुझ्न सक्ने गरी लोभ लाग्दो भाषा र शैलीमा प्रष्ट्याइएको हुँदा नै यसलाई लोकसाहित्य भनी पुकारिँदै आएको हुन सक्तछ ।"[३]

"लोक शब्दको व्युत्पत्ति लोकृदर्शने धातुमा घञ् (अ) प्रत्यय जोडेर बनेको हो । लोकृदर्शनेको अर्थ हेर्नु देख्नु हुन्छ ।"[४] "सर्वसाधरण जनताको कोमल मनोभावनालाई व्यक्त गर्ने सरस भाव र सरल भाषा भएको, विभिन्न चाडपर्व तथा मनोरञ्जनका समयमा प्रसङ्गानुकूल, गाइने, सुनाइने वा देखाइने लोकव्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोककथा, लोकनृत्य आदिले युक्त साहित्य ।"[५] साहित्य संस्कृत तत्सम शब्द हो । 'सहित' शब्दमा 'यत्' प्रत्यय लागेर निर्माण भएको साहित्य शब्दको तात्पर्य शब्द र अर्थका बीचमा हुने सहभाव वा हितकारक अभिव्यक्ति भन्ने हुन्छ । यसको शाब्दिक अर्थ हेर्ने वा भोग्ने जनसमुदायको साहित्य नै लोकसाहित्य हो । समाजमा रहने टाठो, चतुर, तार्किक, ज्ञानी, शास्त्रज्ञ, पण्डित र विज्ञमध्ये नै कसैले लोक साहित्यको सृजना गरिएको पाइन्छ । मौखिक परम्परामा ती हुर्कदै र बढ्दै आएको लोकसाहित्य सुरुदेखि प्रचलनमा आएको विधा हो । यो कसले कसको पालामा सिर्जना भयो भन्ने एकिन पाइँदैन । त्यसैले अलिखित र मौखिक अभिव्यक्ति नै लोकसाहित्य हो ।

---

१ जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन** ,(काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. १९ ।

२ चूडामणि बन्धु,**नेपाली लोकसाहित्य**, (काठमाडौंः एकता बुक्स, प.स. २०५८)पृ.१३ ।

३ धर्मराज थापा र हंसपुरे सुवेदी ,**नेपाली लोकसाहित्यको विवेचना**,(काठमाडौंः पा.वि.के.त्रि.वि,प.स.२०४१) पृ.३ ।

४ मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, ( काठमाडौंः विद्यार्थी पुस्तक भण्डार २०६३),पृ. १२।

५ बालकृष्ण पोखरेल (नि),**नेपाली बृहत् शब्दकोश,**(काठमाडौं :ने.प्र.प्र २०६७)पृ.१०२१ ।

## ३.२ लोकसाहित्यका परिभाषाहरू

लोकसाहित्यको बारेमा विभिन्न विद्वानहरूको आ-आफ्नै मत रहेको पाइन्छ । यस बारेमा आ-आफ्नै तवरबाट परिभाषित गर्ने काम गरेका छन । यस बारेमा स्पष्ट र सटिकरूपमा परिभाषा गरेको पाइँदैन । लोकसाहित्य सम्बन्धी प्रचलित केही परिभाषाहरू यस प्रकार छन् ।

क) तुलसी दिवसले **नेपाली लोक संस्कृतिको संगोष्ठी** (२०३५) मा उल्लेख गरे अनुसार "लेखन कलादेखि अनभिज्ञ साधरण लोकका बौद्धिक प्रयत्नबाट प्रस्फुटित भाषागत अभिव्यक्तिहरू लोकगीत, लोकनाटक, लोककथा र लोकगाथाको समष्टि रूपलाई नै लोकसाहित्य भनिन्छ । "

ख) पूर्ण प्रकाश नेपालले 'यात्री' **भेरी लोकसाहित्य** (२०४१) मा उल्लेख गरे अनुसार राष्ट्रको शौर्य कति चम्किलो छ भन्ने जनाउने कडी लोकसाहित्य हो । "

ग) जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) मा उल्लेख गरे अनुसार "लोकसाहित्यका निर्माता अज्ञात छन् र धर्तीका अनेकौं व्यक्तिहरूको लगानी यसमा सञ्चित छ । सामूहिक भावना र सरल अभिव्यक्तिले गर्दा व्यापक जनतालाई आफूतिर खिँच्न लोकसाहित्य सक्षम छ । यसमा नै औपचारिकताको झन्झट छ , न परिमार्जनको चक्कर छ, न पाण्डित्यको क्लिष्टता नै । सहजता, सजीवता र प्रवाहमयता लोकसाहित्यका विशिष्ट गुण हुन् । "

घ) मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ता विज्ञान र लोकसाहित्य** (२०६३) मा उल्लेख गरे अनुसार "लोकज्ञान वा लोकभावनामा आधारित श्रुतिपरम्पराबाट प्राप्त व्यक्तिविशेषको नभई अपठितहरूबाट सामूहिक ढङ्गले लोकगीत, लोककविता, लोकगाथा/लोककाव्य, लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का, मन्त्र आदि विधाका रूपमा अभिव्यक्त हुने मौखिक भाषिक संरचनालाई लोकसाहित्य भनिन्छ ।"

ङ) बालकृष्ण पोखरेलले(नि.) **नेपाली बृहत् शब्दकोश** (२०६७) मा उल्लेख गरे अनुसार "सर्वसाधरण जनताको कोमल मनोभावनालाई व्यक्त गर्ने सरस भाव र सरस भाषा भएको, विभिन्न चाडपर्व तथा मनोरञ्जनको समयमा प्रसङ्गानुकूल गाइने, सुनाइने वा देखाइने लोकव्यवहारमा प्रचलित विभिन्न लोकगीत, लोककथा, लोकनृत्य आदिले युक्त साहित्य लोकसाहित्य हो ।"

अन्तमा लोकसाहित्य भनेको लोकमा प्रचलित साहित्य हो । यो एक पुस्ताबाट अर्को पुस्तामा सहजै हस्तान्तरण हुँदै जान्छ । लोकसाहित्य एक व्यक्तिबाट रचना गरिए पनि समाज कै साझा सम्पत्ति कै रूपमा देखा पर्दछ । यसले सर्वसाधरणको भावनालाई समेटेको हुन्छ । यसलाई सरल भाषामा अभिव्यक्त गरिएको हुन्छ । यसलाई धार्मिक कार्य, चाडपर्व तथा मनोरञ्जनको समयमा प्रस्तुत गरिन्छ । यसले लोकगीत, लोककथा, उखान, टुक्का, लोककविता, लोकनाटक, लोकगाथा आदि विधालाई समेटेको हुन्छ । त्यसैले लोकमा प्रचलित मौखिकरूपमा हस्तान्तरण हुँदै जाने चाडपर्व, मेला, उत्सव, पर्व आदिमा गाउने वा देखाउने लोकगीत, लोककथा, उखान, टुक्का, लोककविता, लोकनाटक, लोकगाथा आदिलाई लोकसाहित्य भनिन्छ ।

## ३.३ लोकसाहित्यका विशेषताहरू

लोकसाहित्य जीवनको मौखिक अभिव्यक्ति उच्च वर्गदेखि सामान्यस्तरका मानिसको जीवनको हरेक पक्षसँग यसको सम्बन्ध रहेको पाइन्छ । यस मानव जीवनका रीतिरिवाज संस्कृति परम्परा आदि अभिव्यक्त भएको हुन्छ । यसका मुख्य विशेषताहरू यस प्रकार छन्।

### ३.३.१ लोकज्ञानको प्रधानता

लोकसाहित्यमा समुदायको प्राचीनकालदेखि हालसम्मका अनुभव समेटिएको पाइन्छ । इतिहासमा उल्लेख नभएको कुराहरू पनि यसमा समेटिएको पाइन्छ । यसमा स्थानीय समुदायको ज्ञान र अनुभूति आकर्षक ढङ्गले प्रस्तुत गरिएको पाइन्छ । प्रारम्भदेखि हालसम्मको सम्पूर्ण अनुभव समेटिएको हुनाले यसमा लोकज्ञानको प्रधानता रहेको भेटिन्छ ।

### ३.३.२ सामूहिक सिर्जनाधर्मिता

लोकसाहित्य एक व्यक्तिको सम्पत्ति होइन यो सामूहिक सम्पत्ति हो । सङ्कलन भने एक व्यक्तिले गर्दछ तर समाजको साझा सम्पत्ति बन्न जान्छ । यसरी लोकसाहित्य एक व्यक्ति विशेषको सम्पत्ति नभई समुदायको साझा सम्पत्तिको रूपमा सामूहिक सहभागितामा पूर्ण भई विकसित भएको पाइन्छ । "यो सामुदायिक सिर्जना भएको हुँदा यसको लेखकत्व व्यक्ति विशेषको नभई पूरै समाजको सम्पत्ति हुन्छ ।"[६]

### ३.३.३ परम्पराको अनुसरण

लोकसाहित्यले परम्पराको अनुसरण गरेको पाइन्छ । यसले एक पुस्ताबाट अर्को पुस्तामा क्रमशः हस्तान्तरण गर्दै जाने भएकोले परम्पराको अनुसरण पाइएको हो । परम्परामा जसरी प्रचलनमा रह्यो त्यसरी नै आज पनि नाच्ने गाउने चलन पाइन्छ ।

### ३.३.४ मौखिक परम्परा

यो अलिखित साहित्य हो । यो आदि कालदेखि नै एक पुस्ताबाट अर्को पुस्तामा एक स्थानबाट अर्को स्थानमा एक समयबाट अर्को समयमा सर्दै आएको पाइन्छ । यो लोकसाहित्यलाई मुखैले टिपिन्छ, मुखैमा राखिन्छ, मुखैले कथिन्छ र मुखैबाट व्यक्त गरिन्छ । यो लिपिबद्धरूपमा टिपिने पढिने मात्र नभई मौखिक परम्परामा पनि रहेको पाइन्छ ।

### ३.३.५ संरचनागत जटिलता

लोकसाहित्यमा संरचना र अभिव्यक्तिमा जटिलता नभई सरलता पाइन्छ । लोकसाहित्यमा अन्य विधामा जस्तो भाषागत र शैलीगत जटिलता पाइँदैन । यही अजटिलताको कारणले पनि समुदायमा लोकप्रिय बनेको हो ।

### ३.३.६ निरन्तर गतिशीलता

"समयक्रम र बदलिंदो परिस्थितिअनुसार हुने परिवर्तनलाई निरन्तर गतिशीलता भनिन्छ ।"[७] मौखिक परम्परामा हुर्कने र एक पुस्ताबाट अर्को पुस्तामा सर्ने भएकोले गतिशीलता पाइन्छ ।

---

६ पूर्ववत्, पृ. १७ ।

७ पूर्ववत्, पृ.१९ ।

हस्तान्तरण हुने क्रममा समय र परिवेश अनुसार यसले चोलाहरू फेर्दै जाने भएकोले परिवर्तनशील छ । मूलरूपमा खासै परिवर्तन नभई संशोधन र परिमार्जन भइरहने हुँदा परिवर्तनशील विधा हो ।

### ३.३.७ लोकप्रियता

लोकसाहित्य स्थानीय जनसमुदायको जनजिब्रामा रहेकोले लोकप्रिय विधाको रूपमा रहेको पाइन्छ । यसले सानाठूला सबैलाई आकर्षण गरेको पाइन्छ । यसको भाषा सबैले बुझ्ने भएकोले पनि लोकप्रिय बनेको पाइन्छ ।

माथिका प्रमुख विशेषता लगायत मौलिकता, हार्दिकता, प्रभावकारिता, बोधगम्यता, व्यापकता आदि पनि लोकसाहित्यका विशेषताहरू हुन् ।

## ३.४ लोकसाहित्यको वर्गीकरण

लोकसाहित्यलाई विभिन्न विद्वानहरूले आ-आफ्नै विचारमा वर्गीकरण गरेका छन् । "विधा वर्गीकरण गर्ने विभिन्न साहित्य शास्त्रीय आधारहरू छन् । लोकसाहित्यको विधा छुटचाउन पनि साहित्यकै विधा वर्गीकरणका आधारहरूमध्ये माध्यम, प्रस्तुति, श्रेणी, आकार, प्रकार आदिलाई आधार बनाउनु उपयुक्त देखिन्छ ।"[८]

साहित्यका विधा वर्गीकरणका सबै आधारहरू तल दिईएका छन् । विभिन्न आधार प्रस्तुत गरिए पनि यसको उपयुक्त आधार प्रकारगत आधार भएकोले प्रकारगत आधारलाई आरेखमा प्रस्तुत गरिएको छ ।

### ३.४.१ माध्यमका आधारमा

क) पद्य- लोकगीत, लोककविता, लोककथा, लोकनाटक, मन्त्र

ख) गद्य- लोककथा, लोकनाटक, गाउँखाने कथा, उखान, टुक्का

### ३.४.२ प्रस्तुतिका आधारमा

क) श्रव्य- लोकगीत, लोककविता, लोकगाथा, लोककथा, गाउँखाने कथा, उखान, टुक्का,मन्त्र

ख) दृश्य- लोकनाटक, लोकगाथा

### ३.४.३ श्रेणीका आधारमा

क) स्थूल- लोकगीत, लोककविता, लोकगाथा, लोककथा, लोकनाटक

ख) सूक्ष्म- गाउँखाने कथा, उखान, टुक्का, मन्त्र

### ३.४.४ आकारका आधारमा

क) बृहत्- लोकगाथा, लोकनाटक

ख) लघु- लोकगीत, लोककविता, लोकगाथा, लोककथा


ग) लघुतम - गाउँखाने कथा, उखान, टुक्का, मन्त्र

---

८. पूर्ववत्, पृ. १२ ।

### ३.४.५ प्रकारगत

प्रा.मोहनराज शर्मा र डा.खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्य**मा उल्लेख गरे अनुसार लोकसाहित्यको प्रकारगत वर्गीकरणलाई आरेखमा प्रस्तुत गरी देखाइएको छ ।




#### ३.४.५.१ लोकपद्य

यस लोकपद्य अन्र्तगत लोकगीत, लोककविता, लोकगाथा र मन्त्र पर्दछन् । यसलाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

**क) लोकगीत**

लोकपद्यको चार विधाहरूमध्ये एक विधा लोकगीत हो । लोकगीत अन्र्तगत झ्याउरे, रसिया, सँगिनी, जुहारी र रतेउली फुटकर गीतहरू पर्दछन् । लोकगीत एउटा छुट्टै विधा हो । यसमा बालगीतदेखि सबै गीतहरू पर्दछन् ।

**ख) लोककविता**

लोकपद्यलाई लोककविता पनि भनिएको पाइन्छ । लोकगीत र लोककवितामा अत्यधिक समानता पाइन्छ । यिनीहरू भिन्नता कम पाइन्छ । लोककविता पद्य भएकोले छन्दमयता हुन्छ तर लोकगीतमा छन्द अनिवार्य छैन् । लोकगीतको अनिवार्यता सङ्गीतात्मकता हो भने लोकगीतको अनिवार्यता छन्दमयता हो ।

**ग) लोकगाथा**

लोकगाथा अन्र्तगत वीरगाथा र देवगाथा पनि पर्दछन् । यसमा वीर चरित्रको वर्णन, राष्ट्रियताको वर्णन र ऐतिहासिक घटनाको वर्णन गरिन्छ । यसमा महत्त्वपूर्ण व्यक्तित्वको पनि वर्णन गरिन्छ ।

**घ) मन्त्र**

औषधोपचार गर्दा धामी र झाँक्रीले हेरखोज गर्दा पनि मन्त्र जप्ने गर्दछन् । यो पनि लोकसाहित्य अन्र्तगत पर्दछ ।

#### ३.४.५.२ लोकगद्य

लोकगद्य अन्र्तगत लोककथा, गाउँखाने कथा, उखान र टुक्का पर्दछन् । यिनीहरूलाई तल उल्लेख गरिएको छ ।

### क) लोककथा

यसमा सुन्ने मौखिक कथा र दन्त्य कथा पर्दछन् । यसको माध्यमले अर्ति, उपदेश, सान्त्वना, साहस, धैर्य र मनोरञ्जन दिने कार्य गरिन्छ ।

### ख) गाउँखाने कथा

यो विधा गाउँघरमा ज्यादै प्रचलित छ । यसले छिटो छरितो र चिन्तन गर्ने प्रक्रियातिर अप्रत्यक्षरूपमा अग्रसर गराउँछ । यो रमाइलो र चुड्किलो विधा हो । यसले मानिसमा सोच्ने र बुद्धि विकास गराउँछ ।

### ग) उखान टुक्का

यो सङ्क्षिप्त विधा हो । धेरै कुराको निचोड वा सारमा रसिलो वा चोटिलो पाराले जीवनभरका अनुभव एउटै उखान टुक्कामा समेटिएको पाइन्छ ।

## ३.४.५.३ लोकनाट्य

लोकनाट्य लोकजीवनलाई मनोरञ्जन दिलाउन देखाइन्छ । यसलाई लोकनाटक पनि भनिन्छ । यसको अस्तित्व प्राचीनकालदेखि रहदैं आएको पाइन्छ । यसको लोकसँग घनिष्ट सम्बन्ध रहेको पाइन्छ । यसलाई लोकसँग गाँसिएको प्रिय विधाको रूपमा मान्दै आएको पाइन्छ । लोकसँग चाडपर्वमा धर्मकर्म गरिसके पछि रमाइलो गर्नको लागि यो नाटक देखाउने गरिन्छ । यस समाजमा रामायण र महाभारत अति लोकप्रिय भएकोले अति प्रचलित रूपमा पाइन्छ । त्यसैले यस क्षेत्रमा यसै कथानकमा आधारित भएर सप्ताह, पुराण, उत्सव, दिवश आदि जस्ता कार्यहरूमा लोकनाटक देखाउने गरेको पाइन्छ । जस्तैः लोकनाटक अर्न्तगत  रतेउली, गाईजात्रा, लाखेनाच, घाँटुनाच, मालसिरी कृष्णचरित्र आदि पर्दछन् तर यस क्षेत्रमा भने सोरठी र पाङ्दुरे लोकनाटक देखाइन्छ । यस क्षेत्रको नाटकको कथानक भने रामायण र महाभारतका कथानकसँग सम्बन्धित रहेको पाइन्छ ।

# लोकनाटकको परिचय

## ३.५ पृष्ठभूमि

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकनाटक पनि एउटा प्रमुख विधा हो । लोकनाटक लोक र नाटक शब्दको मेलबाट बनेको शब्द हो । "लोक"व्युत्पत्तिलाई हेर्दा 'लोक' शब्द संस्कृतको 'लोकृ दर्शने' धातुमा 'घञ' प्रत्यय जोडिएर निष्पन्न भएको देखिन्छ। यसको अर्थ दुनियाँ संसार हुन्छ । लोकले सम्पूर्ण जनसमुदायलाई बुझाउँछ ।"[९] "नाटक शब्दको व्युत्पत्ति नट् धातुमा अक (ण्वुल्) प्रत्यय लागेर भएको हो । यसको शाब्दिक अर्थ अभिनय गर्नु हुन्छ । नट्ले मुख्यतः अभिनयलाई नै जनाउँछ ।"[१०] "लोकनाटकलाई पाँचौं वेदको रूपमा चिनिन्छ । ऋग्वेदबाट पाठ्य, सामवेदबाट गान, यजुर्वेदबाट अभिनय र अर्थववेदबाट सार लिएर पाँचौं वेदका रूपमा 'नाट्वेद'को सृष्टि गरेका हुन् ।"[११] "नाटक सबै उमेरका व्यक्तिले मनोरञ्जन प्राप्त गर्ने साधन हो । कलाप्रकारहरूको उपयोग गरी लौकिक कार्यव्यापारलाई अभिनयका माध्यमबाट रङ्गमञ्चमा दृष्यात्मक रूपमा प्रस्तुत गर्ने रचना भएकोले नाटक समस्त काव्यविधाहरूमा श्रेष्ठ मानिन्छ र विश्वको प्रत्येक देश र समाजमा यो लोकप्रिय छ ।"[१२] जीवन र जगत्को अनुकृतिलाई नै नाटक भनिएको छ । "जुन लोकसाहित्यिक विधा कुनै कथावस्तुमा आधारित भै लामो कथात्मक गीतहरूमा विरचित हुन्छ र जहाँ गीत, सङ्गीत र नृत्य तीनै प्रकारका साङ्गीतिक तत्त्वको त्रिवेणी बग्दछ त्यही नै लोकनाट्च(नाटक) हो ।"[१३]

जीवन र जगत्को अभिनय गर्ने परम्परा ज्यादै प्राचीन भएकोले र लोकनाटकमा पनि लोकजीवनबाट नै अभिनय लिएर लोकमञ्चमा प्रस्तुत गर्ने सार्वभौम परम्परा रहनुले लोकाभिनय, लोकजीवन, लोकभावना, लोकानुभूति र जगत्को आस्था र व्यवहारको सरल प्रदर्शनमूलक अभिव्यक्ति नै लोकनाटक मानिन्छ । मूलतः लोकनृत्य र लोकगाथाहरूबाट आफ्नो आधार तयार पारी सर्वसाधरण मानिसलाई मनोरञ्जन प्रदान गर्ने विधाको रूपमा यसले आफ्नो स्थान सुरक्षित राखेको पाइन्छ। लोकजीवनका मनोरञ्जनका लागि गेयात्मक अभिनयात्मक अर्थात गीत, सङ्गीत र नृत्यको त्रिवेणी सङ्गमका रूपमा दृष्यात्मक तवरले यसलाई लोकसमुदायमा प्रस्तुत गरिन्छ । लोकजीवनको ढुकढुकीका रूपमा रहेको देश, जाति र राष्ट्रिय संस्कृतिको स्पन्दनको रूपमा रहेको लोकनाटक लोकजीवनको साझा सम्पत्ति मानिन्छ । अशिक्षित समुदायबाट सहज र स्वभाविक रूपमा जीवित बोलचालयुक्त लोकभाषाको प्रयोग गरी लोकाभिनयको रूपमा यसलाई प्रस्तुत गरिन्छ। ठाउँ र क्षेत्र

---

९ रामनाथ ओझा र मधुसूदन गिरी, **लोकसाहित्य पूर्वआधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, (काठमाडौंः स्टूडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिस्टिब्युटर्स, २०६४) पृ. ८९ ।

१० मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, पूर्ववत्,पृ.४३५ ।

११ रामनाथ ओझा, पूर्ववत्, पृ.८९ ।

१२ केशवप्रसाद उपाध्याय, **लोकनाटकको अध्ययन** ( ललितपुरः साझा प्रकाशन, २०५६) पृ. १ ।

१३ धर्मराज थापा र हंसपुरे सुवेदी,पूर्ववत्, पृ.३४९ ।

अनुसार यसको आफ्नै किसिमका लोकमा प्रस्तुत गर्ने विधि र विधानहरू पनि विद्यमान छन् । यसमा परम्परागत मूल्य र मान्यतालाई अनुसरण गरिएको पाइन्छ ।

"नेपाली लोक समाजमा मनोरञ्जन, शिक्षाप्राप्ति, धर्मप्राप्ति र पूर्वजहरूको सम्मान गर्ने उद्देश्यबाट धेरै नृत्यनाटिकाहरू प्रदर्शन गर्ने गरेको पाइन्छ ।"[१४] लोकनाटक धार्मिक कार्य, पर्व, मेला, चाडवाडमा प्रदर्शन गरिन्छ । लोकनाटक अन्तर्गत बालननाच, घाटुनाच, पाङ्दुरे, सोरठी, देउडानाच, नचरीनाच, गाईजात्रा, मारुनीनाच आदि पर्दछन् ।

नेपाली लोकजीवनमा के कति लोकनाटकहरू छन् भन्ने कुरा खोज र अनुसन्धानकै विषय बनेका छन् । प्रचारमा आएका र खोज भएका लोकनाटकहरूको मूल्य र मान्यता उच्च रहेका छन् । प्रचारमा नआएका खोज र अनुसन्धान नभएका लोकनाटकहरूको लोप हुने अवस्था छन् । गीत, सङ्गीत र नृत्यको अपूर्ण सङ्गम रहेका यस्ता लोकनाटकहरू आधुनिक गीत र सङ्गीतले छायाँमा पार्दै गइरहेका छन् ।जे भए पनि यी लोकनाटकहरूका आफ्नै किसिमका ऐतिहासिक मूल्य र मान्यताहरूलाई भने विर्सन सकिन्न ।

## ३.६ लोकनाटकका परिभाषा

लोकनाटकलाई चिनाउन विभिन्न विद्वानहरूले विभिन्न परिभाषा दिएका छन् । जसलाई निम्नानुसार उल्लेख गरिएको छ ।

जीवेन्द्रदेव गिरीले **लोकसाहित्यको अवलोकन** (२०५७) मा उल्लेख गरे अनुसार "विभिन्न सामूहिक समारोह र सांस्कृतिक कार्यक्रमहरूमा गीत, सङ्गीत, नाच, संवाद, अभिनय आदिका माध्यमबाट जीवन जगत्का घामछाया र अनुभवलाई प्रस्तुत गर्दै आएको परम्पराको उत्तराधिकारी लोकनाट्य हो ।"

कृष्णप्रसाद पराजुलीले **नेपाली लोकगीतको आलोक** (२०६३) मा उल्लेख गरे अनुसार "लोकजीवनले उत्सव पर्व तथा मनोरञ्जनका क्रममा जीवनका आशा उमङ्ग, बह-बिलौना उच्छ्वास विश्वास आदि भोगाईलाई आ-आफ्नै किसिमले व्यक्त गर्दछ । लोकाभिव्यक्तिका यसै क्रममा अभिनय हुन सक्ने विषयवस्तु प्रदर्शित गर्दै गाउँघरका ठाँटी, पौवा, चौतारी/चौपारी वा सहर-बजारका चोक र डबलीहरूमा मनोरञ्जनका निम्ति देखाउने परम्परागत नाटकलाई लोकनाटक भन्न सकिन्छ ।"

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले **लोकवार्ता विज्ञान र लोकसाहित्य** (**२०६३**)मा उल्लेख गरे अनुसार "लोकभावना वा विचारको मौलिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्यव्यापारमूलक एवं अनुकरणात्मक अवैयक्तिक भाषिक संरचनालाई लोकनाटक/ लोकनाट्य भनिन्छ ।"

बालकृष्ण पोखरेलले **नेपाली बृहत् शब्दकोश** (२०६७) मा उल्लेख गरे अनुसार "कुनै घट्ना वा पक्षको सिङ्गो कथानक नदिई लोकजीवनको सुख-दुःख राष्ट्रिय मेलापर्व वा कुनै ऋतुकालीन सन्दर्भलाई अंगालेर रीतिरिवाज अनुसार जनसाधरणमा खेलिने वा देखाउने अभिनय लोकनाटक हो ।"

---

१४ मोतीलाल पराजुली, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू** (ललितपुर : साझा प्रकाशन, २०६३) पृ. २०४।

लोकसाहित्य लोकमा प्रचलित साहित्य हो । लोकनाटक भन्ने र सुन्ने परिपाटीबाट एक पुस्ताबाट अर्को पुस्तामा सहजै हस्तान्तरण हुँदै गएको पाइन्छ । लोकनाटकमा कुनै पनि घटना वा चरित्रलाई अभिनयको माध्यमबाट प्रस्तुत गरिन्छ । यसमा दर्शक, पात्र र रचना तीनै पक्ष समावेश भएको पाइन्छ । यसलाई चाडपर्व, धार्मिक कार्य,समयानुकूल प्रस्तुत गर्ने कार्य गरिन्छ । त्यसैले लोकनाटक भनेको लोकमा प्रचलित मौखिक रुपमा हस्तान्तरण हुँदै जाने चाडपर्व मेला उत्सव आदि मा प्रस्तुत गरिने पाङ्दुरे, सोरठी, देउडा, घाटु बालन आदिलाई लोकनाटक भनिन्छ ।

## ३.७ लोकनाटकका विशेषताहरू

विभिन्न लोकनाटक र तिनका स्वरूपहरूको अध्ययन गर्दा यसका विशेषताहरू निम्न लिखित देखिन्छन् ।

### ३.७.१ मङ्गलगान

लोकनाटकलाई प्रदर्शन गर्दा नाटकमा कुनै किसिमको विध्न-बाधा र अड्चन नआओस्, नाटक राम्रोसँग सम्पन्न होस् भनी देवी-देवताहरूलाई पूजापाठ गरी नाटक शुभारम्भ गर्ने परम्परा लोकनाटकमा पाइन्छ । यसरी सुरुमा नै मङ्गलगान गाउनु यसको मौलिक विशेषता हो ।

### ३.७.२ आनुष्ठानिकता

लोकनाटक प्रदर्शनका आ-आफ्नै विधिविधानहरू हुन्छन् । कतिपय लोकनाटकको प्रस्तुतिमा देवी देवतालाई आह्वान गरी शरीरमा प्रवेश गराई अभिनय गरी दर्शकलाई मनोरञ्जन दिने परम्परा पाइन्छ । लोकनाटक प्रारम्भ र विसर्जन गर्दा देवी-देवताको पूजा-आराधना गर्ने परम्परा छ । अनुष्ठानसँग जोडिएका लोकनाटकहरू जस्तो सोरठी, मारुनी घाटु, लीलाचरित्र र मुन्धुम हुन् ।

### ३.८.३ गुरुपरम्परा

लोकनाटकको प्रदर्शन गुरुपरम्परामा आधारित हुन्छ । लोकनाटक मौखिक अभि व्यक्ति भएकोले पुरानो पुस्ताबाट नयाँ पुस्ताले सिक्नु पर्ने भएकोले गुरुको चेलो बनेर अभ्यास गर्नुपर्ने हुन्छ । प्रायजसोः बाबुबाट छोराहरूमा हस्तान्तरण हुँदै गएको पाइन्छ ।

### ३.७.४ गीत, सङ्गीत र नृत्यको त्रिवेणी

लोकनाटकमा गीत सङ्गीत, नृत्यको प्रधानता रहेको हुन्छ । मादल, खैंजडी, मुरलीजस्ता लोकबाद्यका सहयोगबाट लोकसङ्गीतको प्रयोग गरिन्छ ।अधिकांश लोकनाटकको गायन गुरु बाबुद्वारा र अभिनय पात्र छोराहरूद्वारा हुने गर्दछ ।

### ३.७.५ परम्परागत वेशभूषा

लोकनाटक प्रस्तुतीकरण गर्दा परम्परागत वेशभूषाको प्रयोग गरिन्छ । प्रायः लोकसमाजमा प्रचलित रहेको पहिरनलाई प्राथमिकता दिइएको हुन्छ । लोकनाटक परम्परागत पहिरन र जातीय पहिरनलाई प्राथमिकता दिइएको हुन्छ ।

### ३.७.६ परम्परागत मौखिक अभिव्यक्ति

लोकनाटकहरू लोकपरम्परामा नै जीवित रहेको हुन्छ । यो पुस्ता-दरपुस्ताका विभिन्न व्यक्तिहरूमा मौखिक अभिव्यक्तिका रूपमा हस्तान्तरित हुँदै जान्छ । आजसम्म मौखिक रूपमा सुरक्षित रहनु यसको प्रमुख विशेषता हो ।

### ३.७.७ खुल्ला रङ्गमञ्च

लोकनाटकलाई नाटकजस्तो औपचारिक रङ्गमञ्च आवश्यकता पर्दैन । यसलाई घर, आँगन, चौतारा, चौर, डवली र पाटीपौवाजस्तो मानिसहरूको भेला हुने जुनसुकै ठाउँमा प्रदर्शन गर्न सकिन्छ । घाम, पानी, हावा, शीत आदिबाट बच्न पालको व्यवस्था गरिन्छ ।

### ३.७.८ अभिनयभन्दा नृत्यको प्रधानता

लोकनाटकको अभिनय नै नृत्य हो । लोकनाटकमा कथानकयुक्त गीतिनृत्यको प्रधानता रहने हुँदा नृत्यको प्रधानता र अभिनय पक्ष न्यून भएर जान्छ । लोकजीवनका दुःख, पीडा, भावनाजस्ता कुराहरू गीत र सङ्गीतकै माध्यमबाट गीत, ताल र लयानुसार नृत्य प्रस्तुत गरिने भएकोले नृत्यगुणको प्रधानता रहेको हो ।

### ३.७.९ हास्य र मनोरञ्जन

पात्र-पात्रको बीच ख्यालठट्टा गरेर दर्शकलाई हसाँइन्छ । सामाजिक कुरीति र बेथितिलाई हस्यौली भाषामा देखाउने काम गरिन्छ । लोकनाटकमा मारुनी ढटुवारेजस्ता पात्रले दर्शकहरू हँसाउने गर्दछन् । पुरुष जाति महिलाको वेशभूषा झुत्रोझाम्रो कपडा पहिरिएर, ठट्यौली र रोचक संवादहरू बोलेर हँसाउने र मनोरञ्जन दिने काम गर्दछन् ।

### ३.७.१० स्थानीयता

यसमा स्थानीयता अति पाइन्छ । स्थानीय वेशभूषा, परिवेश, परम्परा आदिको यसमा सशक्त उपयोग गरिएको हुन्छ । यसमा अन्य क्षेत्रको नक्कल गरिएको पाइँदैन ।

### ३.७.११ सामाजिक, धार्मिक र नैतिक प्रवृत्ति

विभिन्न धार्मिक उत्सव तथा अनुष्ठानमा खेल्ने र खेलाइने नाटकमा धर्म प्राप्तिको आशा देखिन्छ । धार्मिक चलनअनुसार अभिनय र प्रदर्शन गरिने नाटकहरूमा धार्मिक प्रवृत्ति पाइन्छ । नेपालीहरूको धार्मिक आस्था र विश्वासलाई नै विषयवस्तु बनाएर नाटक खेल्ने र खेलाउने काम गरिन्छ र ती लोकनाटकहरूमा धार्मिक भावनाको झलक र टलक पाइन्छ । यसै गरी लोकनाटकमा राम्रा-नराम्रा, सत्-असत्, धार्मिक र पापीजस्ता पात्रहरूको चरित्रका प्रतिक्रिया र व्यवहारबाट लोकवासीलाई नैतिक सन्देश दिइन्छ ।

### ३.७.१२ संवाद र अङ्क विभाजन

लोकनाटकमा सजिलो खालका संवाद प्रयोग गरिन्छ । नेपाली लोकनाटकमा अङ्क र दृश्य विभाजनको सुनियोजित आयोजना पाइँदैन तापनि कुनै-कुनै नाटकमा दृश्यको विभाजन पाइन्छ । लोकनाटकमा नाटकीय विभाजनको जटिलता नहुनु लोकनाटकको विशेषता हो । लोकनाटकमा गद्यको कमी रहन्छ । दोहोरो संवादभन्दा एकल संवादको बाहुल्यता पाइन्छ । यसमा गुरू एक्लो हुने भएकोले गुरूले मात्र दोहोरो भूमिका निर्वाह गरेको पाइन्छ ।

### ३.७.१३ लोकसंस्कार र संस्कृतिको संरक्षण


लोकनाटकले विभिन्न जातीय संस्कार, चाडपर्व र रीतिरिवाजहरूलाई संरक्षण गरेको छ । आधुनिक सभ्यताले अझ पश्चिमी सभ्यताको आफ्नो संस्कार र संस्कृति लोप हुँदै गएको अवस्था हाम्रो पहिचान र संस्कृतिलाई जोगाइ राख्न लोकनाटकको महत्त्वपूर्ण भूमिका रहेको छ । त्यसकारण आफ्नोपन र पहिचानलाई सुरक्षित राख्नु लोकनाटकको महत्त्वपूर्ण विशेषता हो ।

### ३.७.१४ सहभागीहरू

लोकनाटकमा पुरुष पात्रहरूको सहभागिता पाइन्छ । परम्परित समाजले नारीलाई खुलामञ्चमा अभिनय गर्न छुट दिएको छैन । नाटकमा नारीपात्रको भूमिका पुरुषपात्रले नारीको पहिरन सुरिलो, मसिनो र लजालु भाषामा अभिनय गर्दछन् । नारीको वेशभूषामा पुरुषलाई सिँगार्ने काम गरिन्छ ।

## ३.८ लोकनाटकको वर्गीकरण

लोकजगत् नै नाट्यशाला र लोकजीवन नै नाटक भएर युगौंदेखि चल्दै आएको लोकनाटक समुदायमा निकै अगाडिदेखि लोकप्रिय र मनोरञ्जनप्रिय विधाको रूपमा प्रयोग हुँदै आएको हो । लोकनाटक विभिन्न चाडपर्व, उत्सव र जात्राहरूमा यसको मञ्चन र प्रदर्शन गरिन्छ । प्रायशः फुर्सदको समयमा मनोरञ्जन लिनको लागि प्रदर्शन गर्ने चलन छ। विभिन्न प्रयोजन र सन्दर्भका दृष्टिले विविध प्रकारका हुन्छन् । लोकनाटकको प्रयाप्त मात्रामा सङ्कलन, सर्वेक्षण र विश्लेषणको अभाव नै रहेको वर्तमान स्थितिमा नेपाली लोकनाटकको वर्गीकरण र त्यसको आधार देखाउन सजिलो छैन । यसमा सबैका वर्गीकरणका आधार र प्रकार समेटिने गरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलका अनुसार वर्गीकरण गरिएको छ ।




धेरै आधारहरूमा लोकनाटकहरूलाई वर्गीकरण गरेर प्रस्तुत गरिएको पाइन्छ । वर्गीकरणका विभिन्न आधारमा लोकनाटकलाई वर्गीकरण गर्दा असान्दर्भिक हुने भएकोले मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेलले **लोकवार्ताविज्ञान र लोकसाहित्यमा** दिए अनुसार विषयवस्तुहरूको आधारमा लोकनाटकलाई वर्गीकरण गरिएको छ ।

## ३.८.१ सामाजिक लोकनाटक

समाजले भोगेका र अनुभव गरेका जुनसुकै विषयवस्तुमा आधारित नाटकलाई सामाजिक लोकनाटक भनिन्छ । सामाजिक समस्यालाई उठाउँदै समाजमै देखिने प्रतिनिधिमूलक पात्र वा चरित्रलाई उभ्याएर यथार्थिक तथा सम्भावित घटनालाई देखाइने नाटक सामाजिक लोकनाटकभित्र पर्दछन् । जस्तैः रत्यौली, ज्यापूनाच, चाँचरी र पैकेली यस्तै नाटक हुन् ।

## ३.८.२ पौराणिक एवम् धार्मिक लोकनाटक

पौराणिक एवम् धार्मिक विषयवस्तुलाई लिएर नाटकको अभिनय तथा मञ्चन गरिन्छ भने त्यसलाई पौराणिक लोकनाटक भनिन्छ । पुराण वा धर्ममा प्रसिद्ध ठहरिएका विषयवस्तु तथा पात्रहरूको चरित्रलाई चित्राङ्कन गर्ने अनि धार्मिक आस्थाप्रति सद्भाव देखाउने उद्देश्यका नाटकलाई पौराणिक लोकनाटक भनिन्छ । जस्तैः कृष्णलीला, रामलीला, मुन्धुम, पाङ्दुरे, बालुन, सोरठी र देवीनाच हुन् ।

### ३.८.३ ऐतिहासिक लोकनाटक

इतिहासका प्रसिद्ध घट्नालाई लिएर तयार गरिएको लोकनाटकलाई ऐतिहासिक लोकनाटक भनिन्छ । लोकनाटकमा इतिहासका वीर पुरुष वा साहसिक व्यक्तित्वहरूलाई नायकको रूपमा प्रस्तुत गरिन्छ । इतिहासमा घटेका घटनाका सेरोफेरोमा लोकनाटक तयार पारिन्छ ।

### ३.८.४. किंवदन्तीमूलक लोकनाटक

पुराणमा उल्लेख नभएका र इतिहासमा पनि प्रमाणित नहुने तर लोकमा प्रसिद्ध र चर्चित किंवदन्तीलाई विषयवस्तु बनाएर सिर्जिएका प्रदर्शन गरिएका तथा श्रुतिपरम्परामा जीवित रहेका नाटकलाई नै किंवदन्तीमूलक लोकनाटक भनिन्छ । परम्पराले चर्चा र परिचर्चा गर्दै आएका घटना र व्यक्तिका बारेमा जनश्रुतिलाई आधार बनाएर सिर्जना गरिएको नाटक किंवदन्तीमुलक लोकनाटकमा पर्दछन् ।

### ३.८.५.अतिप्राकृतिक लोकनाटक

"मानवेत्तर वा अतिमानवीय विषयवस्तुलाई अंगालेर सिर्जिएका नाटकलाई अतिप्राकृतिक लोकनाटक भनिन्छ । यस्ता नाटकका देवी देवता, दानव, राक्षस, भूतप्रेत, परी, अप्सरा, पशुपक्षी र कठपुतली पर्दछन् ।"[१५]

## ३.९ लोकनाटकका तत्त्वहरू

लोकसाहित्यका विभिन्न विधाहरू भएकोले ती सवै विधाहरूको आ-आफ्नै छुट्टै पहिचान एवम् अस्तित्व छ। छुट्टै विधाको रूपमा स्थापित हुनको लागि निश्चित घटक वा अवयवहरूको मेल हुनु आवश्यक हुन्छ । बनोट र बुनोटका योगबाट एक निश्चित संरचनाको निर्माण हुन्छ । लोकसाहित्यका विधाहरूमध्ये लोकनाटक पनि एक हो । हरेक विधालाई एउटा छुट्टै संरचनाको रूपमा सिद्ध र पूर्ण आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विविध अवयवहरूले गर्दछन् । लोकनाटक पनि एक विशिष्ट  र फराकिलो क्षेत्र ओगट्ने संरचना भएको विधा भएकोले यसलाई निर्माण गर्ने आफ्नै अवयवहरू छन् । तिनै अवयवहरू नै यसका तत्त्वहरू हुन् ।

### ३.९.१ कथानक

"घटना, प्रसङ्ग, सन्दर्भ, अवस्था आदिको शृङ्खलाबद्ध विन्यासलाई कथानक भनिन्छ । लोकनाटकमा यसको महत्त्वपूर्ण स्थान र अनिवार्यता रहन्छ ।"[१६] कथा र कथानक दुई भिन्दाभिन्दै कुराहरू हुन् । क्रमिक घटनाहरूको शृङ्खलालाई कथा भनिन्छ । कथालाई कार्यकारण शृङ्खलामा जोडेपछि कथानक बन्दछ । कथानकमा बुद्धितत्त्व, स्मृति र कुतूहल आवश्यकता पर्दछ । कथामा घट्ने योजनाबद्ध ढाँचा कथानक हो । यो कथाभन्दा ठूलो घटक पनि हो । लोकनाटकमा आख्यानयुक्त गीति तत्त्व रहने भएकोले पनि यसमा

---

१५ मोहनराज शर्मा, पूर्ववत्, पृ. ४४४।

१६ पूर्ववत्, पृ.४३८ ।

कथानकको आवश्यकता पर्दछ र यसको महत्त्वपूर्ण र अनिवार्य स्थान लोकनाटकमा रहेको हुन्छ । लोकनाटकमा पौराणिक, सामाजिक, ऐतिहासिक र सांस्कृतिकमध्ये कुनै एक विषयलाई कथानकको स्रोतको रूपमा चयन गरिएको हुन्छ । कुनै लोकनाटकले केही बढी र कुनै लोकनाटकले केही कम वा थोरै कथानक लिएको हुन्छ । सामान्यतया लोकनाटकमा कथानकको शृङ्खला क्रमबद्ध किसिमको हुन्छ अनि वर्णित घटनाहरू एक पछि अर्को गर्दै आएको हुन्छन् र कथानकले पाठक वा दर्शकलाई पनि एकरसतामा डोऱ्याउँदै लैजान्छ । लोकनाटकमा कथानकको संयोजन, प्रारम्भ, विकास र उपसंहार गरी उपयुक्त ढङ्गले गरिएको हुन्छ । यो सिलसिलेवार शृङ्खलाबद्ध पनि हुन्छ ।

## ३.९.२ चरित्र वा पात्र

"लोकनाटकमा सहभागी हुने व्यक्तिहरूलाई चरित्र वा पात्र भनिन्छ ।"[१७] नाटकको मञ्चन प्रर्दशन एवम् गीत र नृत्यको प्रस्तुति पात्रका माध्यमबाट गरिन्छ । लोकनाटकको मञ्चन, प्रर्दशन एवम् गीत र नृत्यको प्रस्तुति पात्रका माध्यमबाट गरिन्छ । लोकनाटकमा विशेषतः आख्यानगत् परिवेश र नाट्य परिवेशका आधारमा पात्रहरूको प्रयोग गरिएको हुन्छ । कथानकको उद्घाटन गर्न र त्यसलाई प्रभावकारी रूपमा दर्शक समक्ष पुऱ्याई नाटकलाई थप गतिशीलता दिन पात्र वा चरित्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । चरित्र वा पात्र भनेको लोकनाटकको मेरुदण्ड हो । दर्शकहरूलाई नाटकप्रति आकर्षित गर्न लोकसमाजबाट आकर्षक व्यक्तित्व छानेर पात्रको रूपमा अभिनय गर्न लगाइन्छ ।

## ३.९.३ परिवेश

"लोकनाटकको स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ ।"[१८] लोकनाटकमा विभिन्न प्रकारको परिवेश हुन्छन् । आख्यानगत् परिवेश र नाट्य परिवेश । आख्यानले ओगटेको परिवेश आख्यानगत् परिवेश हो भने नृत्य पक्ष अर्न्तगत समाविष्ट परिवेश नाट्य परिवेश हुन् । अन्य परिवेशमा लौकिक र अलौकिक परिवेश, गाउँले परिवेश र सहरी परिवेशजस्ता विभिन्न किसिमका परिवेशहरू हुन्छन् ।

## ३.९.४ सङ्गीत

लोकनाटकमा नेपाली मौलिक सङ्गीत प्रयोग हुन्छ । लोकसङ्गीतको प्रयोगले लोकनाटकलाई श्रुतिरम्यता प्रदान गर्दछ । सङ्गीतको कर्णप्रिय वातावरणले दर्शक तथा स्रोतालाई उत्सुक बनाउँदै मनोरञ्जन दिन्छ । यसको मुख्य बाद्यवादन मादल, खैंजडी र मुजुरा हो । यिनै लोकवाजाहरूको स्वर र तालमा नै लोकनाटक प्रस्तुत गरिन्छ । गीत र सङ्गीतविना लोकनाटक प्रस्तुत गर्न सकिँदैन ।

## ३.९.५ अभिनय तथा प्रस्तुतीकरण

लोकनाटक प्रस्तुत गर्ने आ-आफ्नै विधिविधान हुन्छन । ती विधिविधान पूरा गर्नु पर्दछ । नाच सुरु गर्नुपूर्व पूजा गर्ने, ठोकन हान्ने र सरस्वती निकाल्ने काम गर्नु पर्दछ । नर्तक वा पात्रहरूले शारीरिक भाव भङ्गिमाद्वारा क्रोध, स्नेह, कुनै भाव वा चरित्रको स्वरूप

---

१७ पूर्ववत्, पृ. ४३८ ।

१८ पूर्ववत्,पृ. ४३८।

प्रकट गर्नुलाई अभिनय भनिन्छ । नाटकमा विभिन्न वेशभूषाद्वारा सजिएर नक्कली हाउभाउसहित कुनै विषयवस्तु वा चरित्रको जस्ताको तस्तै अनुकरण गरेर त्यसलाई प्रर्दशन गर्नु अभिनय हो । अभिनय गर्दा बाहिरी चेष्टाहरूको साथै वास्तविक मनका भावहरू व्यक्त गर्नु अभिनय हो । अभिनय चार किसिमको छन् । आङ्गिक अभिनय, वाचिक अभिनय, आहार्य अभिनय र सात्त्विक अभिनय । लोकनाटकमा यिनै ४प्रकारका अभिनय हुन्छ ।

### ३.९.५.१ आङ्गिक अभिनय

शरीरका विभिन्न अङ्गहरूलाई कलात्मक रुपमा सञ्चालन गर्नुलाई आङ्गिक अभिनय भनिन्छ । यो शरीरसँग सम्बन्धित अभिनय हो । यसमा शरीरका विभिन्न अङ्ग, अनुहार, आँखा, घाँटी र बाहिरी चेष्टाहरूको अभिनय गरिन्छ । गीतको बोल र सङ्गीतको ताल अनुसार शरीरका विभिन्न भावभङ्गिमाद्वारा घुमी–घुमी नृत्यका माध्यमबाट लोकनाटकमा आङ्गिक अभिनय प्रस्तुत गरिन्छ ।

### ३.९.५.२ वाचिक अभिनय ( संवाद )

वचन वा बोलीको अभिनय वाचिक अभिनय हो । यसलाई संवादको रूपमा पनि लिइन्छ । लोकनाटकमा गीति संवादको रुपमा वाचिक अभिनय प्रस्तुत गरिन्छ । लोकनाटकमा सामान्यतः सर्वश्राव्य संवाद र आकाशभाषित संवादको प्रयोग हुन्छ । गीतका पङ्क्तिहरूमा स्पष्टसँग संवाद भएको र गीत गाउँदा पनि स्पष्टसँग बुझिने गरी प्रस्तुत गरिने संवाद सर्वश्राव्य संवाद हो । नर्तक वा गायकले शून्यसँग वार्तालाप गरेको वा एउटै व्यक्तिले दोहोरो संवादको भूमिका निभाएको छ भने आकाशभाषित संवाद हुन्छ । लोकनाटकमा उल्लिखित दुई किसिमको संवादको प्रयोग हुन्छ ।

### ३.९.५.३. आहार्य अभिनय

वस्त्राभुषण, अङ्गरचना, शृङ्गार आदिको उपयुक्त सजावट आहार्य अभिनय हो। लोकनाटकमा प्रयुक्त नर्तक वा चरित्रहरू आफ्नो जातीय संस्कृतिको झल्को दिने खालको वेशभूषामा सजिएका हुन्छन् । यसमा परम्परागत वेशभूषालाई महत्त्व दिएको हुन्छ । लोकनाटकका पात्रहरू गाजल, टीका, मकैको जुङ्घा आदि वेशभूषा धारण गर्दछन् । अवस्था अनुसार भोगटेको टोपी, खुर्सानीको माला, नागवेली लहराको चस्मा आदि लगाउछन् भने च्यातिएको लुगा बेर्नु, भाङ्ग्रो ओड्नु, लौरो टेक्नुजस्ता क्रियाकलाप गरी देख्दैमा हाँसो उठ्ने रूपरङ्ग पनि बनाएका हुन्छन् । पाङ्दुरे, सोरठीमा पनि यस्तै क्रियाकलाप गरिएको हुन्छ ।

### ३.९.५.४ सात्त्विक अभिनय

क्रोध, स्नेह, रोमाञ्चक र आँसु देखाउँदै विभिन्न रसभावहरूले अभिनय गर्नु सात्त्विक अभिनय हो । शास्त्रीय नाटकमा यसलाई सर्वोच्च अभिनय मानिएता पनि लोकनाटकमा यसको अभिनय न्यून मानिन्छ । मङ्गलगान वा देवस्तुति गर्ने क्रममा कसै कसैलाई कम्प आउने गर्दछ । यो शरीरमा कम्प आउनुलाई सात्त्विक अभिनय भनिन्छ । मानसिक भाव व्यक्त गर्ने क्रममा शरीरमा आएको प्राकृतिक परिवर्तन सात्त्विक अभिनय हो ।

### ३.९.६ उद्देश्य

हरेक कार्यको एउटा न एउटा निश्चित उद्देश्य हुन्छन् । "नृत्यको पहिलो उद्देश्य मनोरञ्जन गर्नु हो । दोस्रो धर्म प्राप्ति गर्नु हो ।"[१९] लोकनाटक प्रदर्शन पनि कुनै निश्चित उद्देश्य लिएर प्रस्तुत गरिन्छ । लोक जनसमुदायलाई मनोरञ्जन प्रदान गर्नु, धर्म, यश, कीर्तिगान मुक्तिको कामना, अर्थोपार्जन, नैतिक शिक्षा दिनुजस्ता उद्देश्यहरू लोकनाटकमा निहित रहन्छन् ।

### ३.९.७ लोकमञ्च

लोकनाटकलाई औपचारिक रङ्गमञ्चको आवश्यकता पर्दैन । यसलाई मानिसहरू भेला हुन सक्ने खुला ठाँउ जहाँ पनि प्रर्दशन गर्दछन् । हावा, घाम र पानीबाट बच्न भने पालको व्यवस्था गर्ने गरिन्छ । यसमा सामान्य सजधज गरेको पनि पाइन्छ ।

### ३.९.८ द्वन्द्व

नाटकमा निकै सशक्त रूपमा द्वन्द्वको सिर्जना हुनुपर्छ । द्वन्द्वले लोकनाटकलाई गतिशीलता प्रदान गर्दछ । पात्रका विविध अवस्थानुसार द्वन्द्वको सिर्जना हुन्छ । पात्र पात्रको बीचमा हुने अर्न्तद्वन्द्व, पात्रको अर्न्तमन भित्रको मानसिक द्वन्द्व लोकनाटकमा पाइन्छ । लोकनाटकमा विशेष गरी पात्र-पात्रका बीचको वैचारिक द्वन्द्व र शक्तिको बीचको द्वन्द्व सशक्त रूपमा आएको हुन्छ । विचार वा बुद्धिको बीचको द्वन्द्व नै वैचारिक द्वन्द्व हो भने बाहिरी बाहुबल तथा शारीरिक शक्तिका बीचको द्वन्द्व नै शक्तिको द्वन्द्व हो । लोकनाटकमा यिनै द्वन्द्वहरूको प्रयोग रहन्छ ।

### ३.९.९. शैली

शैली भनेको लोकनाटकलाई प्रस्तुत गर्ने ढाँचा हो । यो प्रस्तुत गर्ने शैलीहरू विभिन्न प्रकारका हुन्छन् । लोकनाटकमा रहेका नाट्य शिल्पहरू यसका शैलीहरू हुन् । यसमा प्रयोग गरिएका शैलीहरू विभिन्न प्रकारका हुन्छन् । यसमा विशेष गरी मारुनी, लीला, भारत र लास्य शैलीहरू हुन्छन । पुरुषले नारीको वेशभूषा लगाएर नृत्य गरे मारुनी शैली, कुनै जातीय देवी देवताको चरित्रलाई अनुकरण गरे लीलाशैली, एकल पुरुष नृत्य भएमा भारत शैली हुन्छ । नारीले नारीपुरुषको भेषमा ललित नृत्य गर्नु लास्य शैली हो ।

### ३.९.१० भाषा

भाषा मानवीय विचार विनिमयको साधन हो । लोकनाटकमा प्रयोग गरिएको भाषा लोक जनजिब्रोमा झुण्डिएको भाषाहरू नै हुन् । यसमा संवादयुक्त गीति हुन्छ । स्थानीय भाषामा प्रचलित शब्दहरूको बाहुल्य रहनुका साथै विविध मिश्रित शब्दावलीहरूको समेत अधिक प्रयोग लोकनाटकमा पाइन्छ । लोकनाटकमा संस्कृत, गुरुङ मगर, हिन्दी भाषा मिसावट पाइन्छ ।

## ३.१०. निष्कर्ष

लोकजगत् नै नाट्यशाला र लोकजीवन नै नाटक भएर प्राचीन कालदेखि प्रचलनमा रहेको लोकनाटकमा आफ्नै चोखोपन भेटिन्छ । यही चोखोपनले लोकनाटकको

---

१९ मोतीलाल पराजुली, **सोरठी नृत्यनाटिका**, (काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, २०६३) पृ..४ ।

अस्तित्वलाई लोकजीवनमा भिजाएको पाइन्छ । लोकनाटक लोकसंस्कृतिको धरोहर र अमूल्य निधिको रूपमा रहेको छ । नेपाली लोकजीवनमा प्रचलित र सर्वाधिक लोकप्रिय बनेको छ । त्यसैले यसलाई चिनाउनको लागि पहिलो भागमा पृष्ठभूमि र दोस्रो भागमा विभिन्न विद्वानहरूले दिएका परिभाषाहरू, विशेषताहरू र तत्त्वहरू उल्लेख गरी मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलको लोकवार्ता विज्ञान र लोकसाहित्यमा दिइएको वर्गीकरणलाई आधार मानी वर्गीकरण गरिएको छ । लोकसाहित्यका विविध विधाहरूमध्ये लोकनाटक एक प्रमुख विधा हो । विशाल लोकबाटिकाको विविध फूलहरूमध्येको लोकनाटक एक सुन्दर पुष्प हो । लोकभावना, लोकविचार र जनश्रुतिपरम्परामा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने कार्यव्यापारमूलक अनुकरणलाई थकान मेट्ने साधनका रूपमा र फुर्सदका समयमा भरिपूर्ण मनोरञ्जन प्रदान गर्ने साधनको रूपमा लोकनाटक मञ्चन वा प्रदर्शन गरिन्छ । लोकसमुदायले उत्सव, चाडवाड, पर्व, धार्मिक कार्य र मनोरञ्जनका क्रममा जीवनका आशा-उमङ्ग, वह-विलौना आदि भोगाइलाई आ-आफ्नो किसिमले व्यक्त गर्ने क्रममा पनि लोकनाटक प्रस्तुत हुने गर्दछ भने सामाजिक कल्याण वा लोकोपकारी भावना यसको महत्त्वपूर्ण पक्ष हो ।

लोकनाटकका आफ्नै निश्चित परम्परा विधि, विधान तथा सिद्धान्तहरू छन् । यो लोकनाटकको परिचायक पनि हो । लोकपरम्पराको एक जीवित कलाको रूपमा अझैसम्म पनि रहेको लोकनाटक लोकसमुदायमा लोकसडकनाटकका रूपमा पनि प्रदर्शित हुँदै आएको पाइन्छ । वर्तमान समयमा भने लोकनाटकको प्रदर्शन र मञ्चनमा कमी आउँदै गरेको अवस्था छ । यसलाई संरक्षण गर्न सम्बन्धित निकायबाट विशेष पहल गर्नु आवश्यक छ ।

# परिच्छेद चार

# फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको वर्गीकरण

## ४.१. पृष्ठभूमि

फिनाम गाविसमा बसोबास गर्ने गुरुङ, मगर, कुँवर, खनखवास, आले आदि जात जातिले पाङ्दुरे र सोरठी लोकनाटक नाच्ने र गाउने गर्दछन् । यस गाविसभित्र प्रचलित सोरठीलाई रामायण र जयसिङ्गे राजाकी छोरी सोरठीको कथावस्तुमा गाउने गरेको पाइन्छ भने पाङ्दुरे लोकनाटकलाई रामायणको कथाबस्तुमा मात्र नाच्ने र गाउने गरेको पाइन्छ । नेपालको मध्ये पहाडी भागमा प्रचलित विभिन्न नृत्य नाटिकाहरूमध्ये लोकप्रिय नृत्य नाटिका सोरठी र पाङ्दुरे हो । पाल्पाका केही भागतिर सोरठीलाई नाचन्या भन्दछन् भने केही भागतिर यसलाई करङ्नाच भन्दछन् । तनहुँ जिल्लातिर सोरठीलाई पाङ्दुरे नाच र मारुनी नाच भन्ने गर्दछन् । फिनाम गाविसमा सोरठी र पाङ्दुरेलाई छुट्टै नामले नामकरण गरेको पाइन्छ ।

यस गाविसमा सोरठी र पाङ्दुरेलाई मारुनी शैलीमा नाचेको पाइन्छ । यहाँ पुरुषहरूले नारी र पुरुषको भेषमा नाच्ने सामुहिक नाच भएकोले मारुनी नाच पनि भन्ने गरेको पाइन्छ । यस क्षेत्रमा गाउने पाङ्दुरे र सोरठी मारुनी नाच अर्न्तगत पर्दछन् । यस फिनाम गाविसको मारुनी नाचमा दुई मारुनी, एक भारते, एक ढटुवारे र मादलेहरूले यस लोकनाटकलाई नाच्ने गाउने गर्दछन् । "मारुनी नाच माउ नाच हो । यसका विभिन्न शाखाहरू हुन्छन् ।"[१]

यस क्षेत्रभित्र प्रचलनमा रहेका प्रमुख लोकनाटकहरूमा सोरठी र पाङ्दुरे पाइन्छ । यस क्षेत्रको सोरठी लोकनाटकको बारेमा फिनाम ८लाकुरीस्वाँराका हालका गुरु लालबहादुर आले मगरका भनाइ अनुसार-पुर्ख्यौली थलो तनहुँको रिसिङ घिरिङ हो । बुबा थमानसिँह आले मगर सेनामा (नेपाल आर्मी) जागिर खाँदा यसै फिनाम गाविस ८ लाकुरी स्वाँराका सूर्यबहादुर थापासँग साथी हिसावले आउने जाने गर्दा गर्दै जागिर छाडेपछि यसैं फिनाम गाविस ८ मा बसोबास गरे । उहाँले यसै गाँउ घरका युवाहरू जम्मा पारी रमाइलो गर्ने हिसावले यस मारुनी नाचको आरम्भ गर्नु भयो । उहाँको मृत्यु पश्चातः मैले गुरुको काम गरी नाचगान गराउँदै आएको छु । हाल समय र परिवेश परिवर्तन आधुनिक गीतको प्रभावले गर्दा हालका युवाहरूले यस नाचलाई त्यत्ति चासो देखाएनन् । पहिलेका बूढा दौतरीको अवसानपछि यस नाचगान गर्न गाह्रो परेको छ। आफ्नो बृद्ध अवस्था र त्यति धेरै नगाउँदा कथा र गीत बिर्सन थालेको छु भन्नुहुन्थ्यो ।

यस गाविसमा प्रचलित अर्को लोकनाटक पाङ्दुरे हो । यस लोकनाटकको बारेमा स्थानीय व्यक्ति श्री हर्कबहादुर कुंवरको अनुसार- परापूर्व कालदेखि पाङ्दुरे गाउँदै नाच्दै आएको हो । हाम्रो पुर्ख्यौली थलो तनहुँको ढोरफिर्दी हो । हामी तनहुँमा छँदा हामी ब्राम्हण जातिका आत्रेय गोत्रका पौडेल थरका थियौं । हाम्रो पुर्खा गुरु गोरखनाथका भक्त भएकोले गुरु गोरखनाथको सेवा गर्न गोरखाको गोरखनाथ बाबाको सेवा गर्न यहाँ वसाइ

---

१. मोतीलाल पराजुली,पूर्ववत् ,पृ. ७।

सरेर आएका थिए । गुरु गोरखनाथको सेवा गर्न उनीहरूले कान चिरेर योगीको रूपधारण गरी वसेको रहेछन् । त्यसै बेलादेखि हाम्रो थर परिवर्तन गरी योगी लेखेका रहेछन् । अहिले पनि हाम्रो गोत्र आत्रेय नै हो । योगीहरू जातिले मगन्ते भएको कारण गाउँमा रमाइलो गर्न नाचगान गर्न थालेछन् ।

यहाँका बासिन्दाले धर्मकर्म गर्न कार्तिक र मार्गमा सत्यनारायणको पूजा, माघ फाल्गुनमा सप्ताह लगाउने रात्रीमा देवी देवताको नाम पुकारेर नाचगान गरेमा धर्म प्राप्ति हुने भएकोले रामायणको विषयवस्तुमा आधारित गीत गाउन थालेछन् । जाडोको मौसममा नाचगान गर्न कठिन हुने भएकोले कार्तिकमा पाक्ने पाङ्दुर कोदोको जाँड र रक्सी बनाइ खाँदै नाचगान थालेछन् । यसरी साह्रै रमाइलो हुने भएकोले यस नाचलाई पाङ्दुरे नाच भन्न थालेका हुन् । अहिले योगी भनेको मगन्ते भएकोले हामीहरूले थर परिवर्तन गरी कुँवर लेख्न थालेको पाइन्छ । यस पाङ्दुरे कुँवरहरू मात्र नभई अन्य जनजातिहरू पनि मिसिएर नाच्न गाउन थालेका छन् । यो नाचको महिमा घट्दै जान थालेको पाइन्छ । आधुनिक गीततर्फ चासो देखाउँन थालेकाले यसको अस्तित्व हराउँदै जान थालेको छ ।

(स्रोतः हर्क बहादुर कुँवर)

मोतीलाल पराजुलीको भनाई अनुसार “नेपालमा प्रचलित सोरठीको अध्ययन गर्दा जयसिँह तनहुँ जिल्लाको रिसिङ घिरिङका मल्ल वंशीय राजा हुन् । यस कुरालाई तलको गीतले पुष्टि गर्दछ ।”[२]

**सेती गण्डकी जमुना पारी**
**सामरी भामरी गावैंको नाम**
**श्रीमल्लकारी जातैको नाम**
**जयसिँह राजा हामरो नाम**

यस गीतबाट सोरठी नाचमा जयसिङ्घे राजाको कथा आउनु र उनले तनहुँमा राज्य गर्नुले यस नाचको उत्पत्ति थलो तनहुँ नै हो भन्ने कुरा पाइन्छ । अर्का फिनाम ८ लाकुरी स्वाँरा निवासी दिपक चन्द्र आले मगरका भनाइअनुसार वि.स. १९०० पूर्वाद्धतिर तनहुँ जिल्लाको रिसिङ घिरिङबाट लम्जुङ्गमा वसाइँ सरेका थमानसिह आले मगर काठमाडौँमा सेनामा भर्ती भएपछि फिनाम ८ लाकुरी स्वाँराका सूर्यबहादुर थापा मगरसँग साथी भई फिनाम आउँदा जाँदा जागिरबाट अवकास लिए पछि यसै गाउँमा विवाह गरी बसे । उनले जानेको हुनाले गाउँका युवा जम्मा पारी नाच्ने गाउने चलन चलाए । यो नाच मारुनी शैलीमा नाचिने भएकोले यसलाई मारुनी नाच भनिन्छ भन्ने कुरा उनीबाट थाहा हुन आयो पुरुषपात्रले नारीपात्रको वेशभूषामा अभिनय गर्ने मुख्यपात्र मारुनी हो । सोरठी र पाङ्दुरेमा पुरुषपात्रले नारीपात्रको अभिनय गर्दछन् । अभिनयलाई प्रभावकारी बनाउन पुरुषले स्थानीय महिलाको प्राचीन वेशभूषामा नृत्य अभिनय गरेका हुन्छन् । त्यसैले सोरठी र पाङ्दुरे दुवै मारुनी नाच नै हो । गीतको ताल, भाका, लय र कथावस्तु फरक भएकोले फरक नाम राखिएको हो । सोरठीमा जयसिँहे राजाकी छोरी सोरठीको कथावस्तु आउने भएकोले सोरठी

---

२. पूर्ववत्, पृ.१० ।


राखिएको हो भने असोज र कार्तिकमा पाङ्दुर कोदो पाक्ने त्यही कोदोको जाँड र रक्सी खाएर दसैं र तिहारमा नाचिने भएकोले पाङ्दुरे नाच भन्ने गरेको पाइन्छ । यस फिनाम गाविसमा गाउने पाङ्दुरे तनहुँको ढोरफिर्दीबाट ल्याइएको पाइन्छ भने सोरठीचाहि तनहुँको रिसिङ घिरिङबाट ल्याइएको पाइन्छ । तनहुँमा सोरठीलाई पाङ्दुरे भनिएको पाइए पनि यस फिनाममा भने सोरठी र पाङ्दुरेलाई अलग्गै नामकरण गरेको पाइन्छ ।

## ४.२ फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको वर्गीकरण

फिनाम गाविसमा प्रचलनमा रहेका सोरठी र पाङ्दुरे लोकनाटकहरूलाई ताल, लय र कथावस्तुको आधारमा वर्गीकरण गरिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित सोरठी र पाङ्दुरेलाई मारुनी नाच पनि भन्ने गरेको पाइन्छ । यहाँका लोकनाटकहरूलाई सोरठी र पाङ्दुरेमा विभाजन गरिएको पाइन्छ । सोरठीलाई पनि लय र तालको हिसावले तीन भागमा विभाजन गरिएको पाइन्छ भने पाङ्दुरेलाई पनि गायन र लयको हिसावले चार भागमा विभाजन गरिएको पाइन्छ ।

पौराणिक एवं धार्मिक विषयवस्तुलाई लिएर नाटकको अभिनय तथा मञ्चन गरिने भएकोले सोरठी र पाङ्दुरेलाई फिनामको बासिन्दाले पौराणिक लोकनाटक भन्ने गरेको पाइन्छ । धर्ममा प्रसिद्ध ठहरिएका विषयवस्तु तथा पात्रहरूको चरित्रलाई चित्राङ्कन गर्ने धार्मिक आस्थाप्रति सद्भाव देखाउने उद्देश्यले मञ्चन गरिने भएकोले यस लोकनाटकलाई पौराणिक एवं धार्मिक लोकनाटक भनिएको रहेछ । पौराणिक विषय धार्मिक आस्था झल्कने नाटकहरू पौराणिक अर्न्तगत पर्दछन् । पौराणिक लोकनाटक अर्न्तगत कृष्णलीला, वालुन, मुन्धुम, सोरठी, पाङ्दुरे लगायत अन्य नाचहरू पर्दछन् ।


यस गाविसमा देखाइने सोरठी र पाङ्दुरे नाच धार्मिक अनुष्ठानमा र चाडपर्वमा लगाइने गरेको पाइन्छ । यहाँ यस सोरठी र पाङ्दुरलाई पुरुषले महिलाको वेशभूषामा नाच्ने भएकोले मारुनी नाच भनिएको रहेछ । यस लोकनाटकलाई यहाँका वासिन्दाले ताल र लयको आधारमा विभाजन गरी गाउने गरेको पाइन्छ । गुरुहरूको अनुसार यस क्षेत्रको लोकनाटकलाई यसरी विभाजन गरी देखाइएको छ । सोरठी र पाङ्दुरे दुवै नृत्यमा पुरुषले महिलाको भेषमा नाच्ने भएकोले यी दुवै नाचलाई मारुनी नाच भन्ने गरेको पाइन्छ । “पुरुषहरूले नारी-पुरुषको भेषमा नाच्ने सामूहिक नाच मारुनी नाच हो ।”[३] यसैले यी दुवै नृत्यलाई मारुनी नृत्यमा नामकरण गरिएको छ । फिनाम गाविसमा प्रचलित लोकनाटकहरूलाई निम्नानुसार वर्गीकरण गरी आरेखमा प्रस्तुत गरिएको छ




३. पूर्ववत्, पृ. १० ।

## ४.२.१ सोरठी लोकनाटक

यो सोरठी नृत्य फिनाम गाविस वडा नं. ८ को लाकुरी स्वाँरामा नाचगान गरिएको पाइन्छ । यो नृत्य श्रावण संक्रान्तिबाट थालनी गरी माघ र फाल्गुनदेखि जेष्ठसम्म अनुकूल हेरी सरस्वतीको पूजा गरेपछि यो नाचको अन्त्य गर्ने गरिएको पाइन्छ । तनहुँ जिल्लाको सोरठी नृत्यमा जयसिङ्गे राजाकी छोरी सोरठीको कथामा आधारित गीत मात्र गाउने गरिएको पाइन्छ तर यस क्षेत्रमा यहाँका मानिसहरूले सोरठीको कथावस्तु पूरा नजानेको कारणबाट केही भागमात्र गाउँछन् । बाँकी समयमा रमाइलोको लागि रामचरित्र र कृष्णचरित्रको गीत गाएर रमाइलो गर्ने गरेको पाइन्छ । तनहुँका थमानसिँह आले मगर काठमाडौँमा सेनामा जागिर खाँदा फिनामका मानिसहरू पनि त्यही व्यारेकमा जागिरे थिए। उनीहरूसँगै आउने जाने गर्दा गर्दै थमानसिँह फिनाममा आई  बसोबास गरेको पाइयो । उनैद्वारा यो सोरठी नाचको थालनी गरेको पाइयो । उनलाई पनि सोरठी रानीको गीत पूरा नआउने भएको कारणले यो गीत पूर्णरुपमा गाएको पाइएन । समय बिताउन र रमाईलो गर्न यहाँका मानिसहरूले रामायणको कथावस्तुलाई आधार मानी सोरठी गाएको पाइन्छ । रामायणको कथामा गीत गाउने गरे पनि सुरुमा सोरठी रानीको गीतबाटै थालनी गरेकोले सोरठी नामकरण गरेको पाइयो । देवी देवताको नाम लिएर गीत गाउन पाउँदा बढी उत्सुक भएर सोरठी गाउने गरेको पाइन्छ । यसरी सोरठीलाई लय र ताल अनुसार तीनखण्डहरूमा विभाजन गरेर गीत गाउने गरेको पाइन्छ । सोरठीलाई यसका गुरु लाल बहादुरले जनाए अनुसार मारुनी सोरठी, मारुनी चरित्र र मारुनी ख्यालीमा विभाजन गरिएको पाइन्छ  । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।




### ४.२.१.१ मारुनी चरित्र

यस गाविसको लाकुरी स्वाँरामा गाउने सोरठीमा सोरठी रानीको कथावस्तु पूर्ण नभएकोले यहाँका मानिसहरूले मारुनी चरित्रमा रामचरित्र र कृष्णचरित्रका गीतहरू गाएर रमाइलो गर्ने गरेको पाइन्छ । रामचरित्रमा रामको कथावस्तु र कृष्णचरित्रमा कृष्ण लीलाको बारेमा गीत गाएर मारुनी चरित्र नाच्ने गर्दछन् । रामचरित्रमा दुई मारुनी, एक भारते, गुरु, मादले र गर्राहरू हुन्छन् । यो नृत्य सत्यनारायणका पूजा र धार्मिक कार्य गरेको ठाउँमा नचाउने गरेको पाइन्छ । पूजा लगाउँदा देवी देवताको नाम पुकारेर रातभर जाग्राम बस्न नसक्ने भएकोले सम्बधित कर्ताहरूले गुरुलाई निमन्त्रणा दिइ सोरठी नाच लगाउने गरेको पाइन्छ । गुरुले दर्शकको चाहनाअनुसार रामचरित्र र कृष्णचरित्रका जुन पनि गीत गाउने गरेको पाइन्छ । कृष्णजन्माष्टमीमा कृष्णचरित्रमा आधारित गीत र रामनवमीमा भने रामचरित्रमा आधारित गीत गाउने गरेको पाइन्छ ।

### ४.२.१.२ मारुनी सोरठी

फिनाम गाविसको लाकुरी स्वाँरामा सोरठी गीत अन्तर्गत मारुनी सोरठीको गीत पनि गाउने गरेको पाइन्छ । यसमा मारुनी चरित्रकै पात्रहरूले गाउने गर्दछन् । यसमा गीतको लय, ताल, भाका र गीतको कथानक भने अलि फरक किसिमको पाइन्छ । उनीहरूले यस नृत्यमा जयसिँगे राजाकी छोरी सोरठीको कथावस्तुमा आधारित गीत गाउने गरेको पाइन्छ । तर गीत भने अपूर्ण पाइन्छ । यो मारुनी सोरठी तनहुँको रिसिङ घिरिङबाट ल्याइएको पाइन्छ । किनकी त्यस ठाउँमा धेरै पहिले नै जयसिङ्गे राजाले राज्य गर्दथे । उनकी छोरी सोरठीको गाथामा आधारित गीत गाएकोले यस गीतको नाम सोरठी राखिएको पाइन्छ । यस मारुनी सोरठीमा दुई मारुनी, एक भारते, एक गुरु, गर्रा र चार मादलेहरूले यसको अभिनय गरेको पाइन्छ । यस मारुनी सोरठीमा पनि सबै नाचगान गर्ने पात्र पुरुष नै पाइन्छन् ।"मारुनी सोरठीमा पूर्वीया सोरठी र दक्षिणी सोरठी दुई प्रकारको हुन्छ भन्ने भनाइ पाइन्छ ।"[४] वास्तवमा यी दुई प्रकारका सोरठीहरू यस फिनाम गाविसको लाकुरी स्वाँरामा गाउने गरेको पाइएन ।

### ४.२.१.३ मारुनी ख्याली

सोरठी अन्तर्गत फिनाम गाविसको लाकुरी स्वाँरामा मारुनी ख्याली पनि गाउने गरेको पाइन्छ । मारुनी चरित्र र मारुनी सोरठी गीत गाए पछि बेला बेलामा रमाइलो गर्नको लागि मारुनी ख्याली गाउने गरेको पाइन्छ । मारुनी ख्याली मारुनी सोरठी र मारुनी चरित्रभन्दा भिन्न किसिमले गाएको पाइन्छ । मारुनी ख्यालीलाई यहाँका मानिसले झ्याउरे भाकाजस्तो शैलीमा गाउने गरेको पाइयो । यो नृत्यलाई बीच-बीचमा देखाउने गरेको पाइन्छ । यसमा पनि दुई मारुनी, एक भारते, मादले, एक गुरु र गर्राहरू पाइन्छन् । यस नृत्यमा आङ्गिक अभिनयलाई प्राथमिकता दिएको पाइन्छ । ख्याली भनेको हाँसखेल ख्यालठट्टा हो । मारुनी सोरठी र मारुनी चरित्रमा भन्दा मारुनी ख्यालीमा यहाँका मानिसहरूले हाँसीमजाक, आमोद-प्रमोद, ख्यालठट्टा र मनोरञ्जन पूर्ण गीत गाएर रमाइलो गर्ने गरेको पाइन्छ ।


## ४.२.२ पाङ्दुरे लोकनाटक

यस गाविसको पन्थेस्वाँरामा कुँवर, मगर, खनखवास, आले आदि जातिले पाङ्दुरे नाच नाच्ने र गाउने गरेको पाइन्छ । पाङ्दुर कोदो कार्तिकमा पाक्ने र त्यही कोदोको जाँड र रक्सी बनाएर खाँदै तिहारमा देउसी भैलो खेली रमाउने भएकोले यस नाचलाई पाङ्दुरे नाच भनिएको पाइन्छ । यो नाच प्रायशः मतुवाली जातिहरूमा लोकप्रिय रहेको भेटिन्छ । यो नाचको कथावस्तु रामायणसँग सम्बन्धित पाइन्छ । यस क्षेत्रमा यो नाचको सुरुवात साउने संक्रान्तिदेखि गर्दछन् । असारमा खेती लगाउने बेला भएकोले प्रायशः नाच्ने र गाउने गरेका पाइँदैन । अरू समयमा भने नाच्ने गाउने गरेको पाइन्छ ।यो नाच पुर्खौदेखि सञ्चालन हुँदै आएको कुरा गुरु बताउछन् । यो नाच स्थानीय वेशभूषा पाइन्छ । यो नाच यस क्षेत्रका मानिसहरूले साउने संक्रान्तिदेखि थालनी गर्दछन् । यो पाङ्दुरे नाचको सुरुवातको बारेमा पुर्ख्यौलीबाट हस्तान्तरण हुँदै आएको पाइन्छ ।

---

४. मोतीलाल पराजुली,पूर्ववत्,पृ.७ ।

उनीहरूका पुर्खाहरूले चाडपर्व र उत्सवहरूमा रमाइलो गर्नको लागि यो नाचको सुरुवातगरेको हुन् भन्ने भनाई पाइन्छ । यो नाचगान गर्दा देवीदेवताको नाम पुकार्ने भएकोले स्वर्गलोक पुगिन्छ र मुक्ति पाइन्छ भन्ने कुरा उनीहरूमा विश्वास रहेको पाइन्छ । यो नाचको थालनी गर्दा सुरुमा सखीमार्ने काम गर्दछन् । अनि मात्र रामचरित्र र कृष्णचरित्रमा आधारित गीतहरू गाउँछन् । दर्शकको इच्छानुसार रामचरित्र र कृष्णचरित्रमध्ये जुनसुकै गीतहरू पनि गाउँछन् । विहानीपख विरहनी गीत गाएर नाच अन्त्य गर्दछन् । यहाँका मानिसहरूले पाङ्दुरे गाउँदा रामायणको कथावस्तुमा आधारित गीत गाउने गरेको पाइन्छ । गुरु पदम बहादुर कुंवरले जनाए अनुसार यस पाङ्दुरे गीतलाई विवाहखण्ड, सिकारखण्ड, वनवासखण्ड र ख्याली गरेर चार खण्डमा विभाजन गरेर गाएको पाइन्छ । ती विभिन्न खण्डहरू यस प्रकार छन् ।




## ४.२.२.१. विवाहखण्ड

फिनाम गाविसको पन्थेस्वाँरामा गाउने पाङ्दुरे लोकनाटकको विभिन्न खण्डहरूमध्ये विवाह खण्ड पनि एक हो । यस विवाहखण्डमा गाउने गीत पनि राम र सीताको जीवनीसँग सम्बन्धित कथानक पाइन्छ । यहाँका मानिसहरूले यस विवाह खण्डमा राम र सीताको विवाहको बारेमा गीत गाएको पाइन्छ । यस विवाह खण्डमा निम्न कथावस्तुलाई आधार मानेर पाङ्दुरे गीत गाएको पाइन्छ । राम चौधवर्ष वनबास जानुभन्दा अगाडिको घटनालाई लिएर गीत गाउँछन् । विश्वामित्र ऋषिले गरेको यज्ञमा सुवाहु र मारिच नामक राक्षसले दुःख दिएको हुनाले उक्त यज्ञ सफल पार्न राजा दशरथसँग रामको सहयोग लिन अनुरोध गर्दै रामलाई साथमा लिएर जान्छन् । उनको यज्ञ सफल भए पछि मिथिला घुम्न जान्छन् । सोही वेला जनकपुरका राजा जनकले आफ्नी छोरी सीताको स्वयम्वरको कार्य थालनी गरेका हुन्छन् । उक्त स्वयम्वरमा शिवधनु उचाल्न सक्ने राजकुमारलाई मात्र राजाले छोरी सीताको विवाह गराउने कवोल गरेका हुन्छन् तर कसैले शिवधनु उचाल्न सक्दैनन् । राजा जनक निराशः हुन्छन् । धनु उचाल्न विश्वामित्र ऋषिले राजकुमार रामलाई अनुरोध गर्दछन् । रामले धनु सजिलै उचालेर ताँदो चढाउन खोज्दछन् धनु भाँचिएर दुई टुक्रा हुन्छ र भाँचिएको धनु छ कोष पर फालिदिन्छन् । राजा जनक खुसी हुँदै आफ्नी छोरी सीताको विवाह रामसँग गरिदिन्छन् । यसै कथावस्तुलाई आधार मानेर यहाँका मानिसहरूले विवाह खण्डमा आधारित पाङ्दुरे गीत गाएको पाइन्छ । राम र सीताको विवाहसँग सम्बन्धित कथानक भएकोले विवाह खण्ड नामाकरण गरेको पाइन्छ ।

### ४.२.२.२ सिकारखण्ड

पाङ्दुरे लोकनाटकमा फिनाम गाविसको मानिसहरूले सिकारखण्डको गीत पनि गाएको पाइन्छ । यस सिकार खण्डमा अयोध्यायको राजा दशरथको कथासँग सम्बन्धित गीत गाउने गरेको पाइन्छ । विवाह खण्डको गीत पछि यस सिकार खण्डको गीत गाएर रमाइलो गर्ने गरेको पाइन्छ । उनीहरूले निम्न कथावस्तुमा आधारित गीतलाई सिकार खण्डमा विभाजन गरेको पाइन्छ । राजा दशरथ सिकार खेल्न साह्रै सौखिन थिए । उनी सिकार खेल्न सधैं वनमा जान्थे । एक दिन श्रवण कुमार आफ्ना बाबु आमालाई काशी तीर्थव्रत गर्न लैजाँदा बाबु आमालाई बाटामा तिर्खा लागेछ र उनी पानी लिन वनको माँझमा पुगेर हेर्दा पोखरी देखेर भाँडो पानीमा डुबाउँदा ठूलो आवाज आएछ । राजा दशरथ त्यही नजिकै पुगेछन् । मृगको आवाजजस्तो लागेर दशरथले बाण छाडेछन् । मृग कराउन छोड्यो भनेर हेर्न जाँदा आफ्नै भाञ्जा लडिरहेको देखेर दशरथ पश्चातापमा परेछन् । श्रवण कुमारका बाबु आमालाई दशरथले पानी लगिदिँदा पानी पनि नखाई श्रवण कुमारका बाबु आमा शोकले मरेछन् । यिनै विषयबस्तुलाई समेटेर सिकार खण्डमा आधारित पाङ्दुरे गीत गाएको पाइन्छ । यो खण्ड ज्यादै मार्मिक पाइन्छ । यस खण्ड दर्शकले ज्यादै चासो दिएर सुनेको पाइन्छ ।

### ४.२.२.३ वनवासखण्ड

यस गाविसको पन्थेस्वाँरामा गाउने पाङ्दुरे लोकनाटकको विभिन्न खण्डहरूमध्ये वनवास खण्ड पनि एक हो । यस खण्डमा राम चौधवर्ष वनवास जानु परेको कथामा आधारित गीत गाएर नाच गान गरेको पाइन्छ । उनीहरूले निम्न कथावस्तुमा आधारित गीतलाई विवाहखण्डमा विभाजन गरेको पाइन्छ । अयोध्यायको राजा दशरथको तीनवटी रानीहरू थिए । कुनै रानीको पनि सन्तान थिएन । राजा दशरथले सन्तानको लागि यज्ञ लगाए । यज्ञबाट पायस उत्पन्न भयो तीनवटै रानीहरूले पायस बाडेर खाए । त्यसैको कारणबाट तीनै रानी गर्भवती भए । राम, भरत, लक्ष्मण र शत्रुघन नामका चार भाइ सन्तान जन्मिए । राजा दशरथको अन्त्यपछि जेष्ठसुपुत्र रामले राजकाज पाउनु पर्ने थियो तर कान्छी रानी कैकेयीले राजा दशरथलाई अघिनै दुईवटा वाचा वाँध्न लगाएकी थिईन । राजाले रामलाई राजतिलक दिने बेलामा कैकेयीले अघिको दुई वटा वाचा मुताविक काम गर्न राजालाई दबाब दिईन् । उनले पहिलो बाचामा भरतलाई राजतिलक र दोस्रो बाचामा रामलाई चौधवर्ष वनवास भनेर जिद्दि गरे पछि राजाले बाध्य भएर पालना गर्न पऱ्यो । राजाले स्त्रीको वशमा परेर नियम विपरीत भरतलाई राज्य दिए । रामलाई चौधवर्ष वनवासको घोषणा गरे । यिनै विषयबस्तुलाई समेटेर वनवास खण्डमा आधारित पाङ्दुरे गीत गाएको पाइन्छ । राम वनवास जान लाग्दा भाइ लक्ष्मण र पत्नी सीता पनि पछि लागेको कुरा यस गीतमा पाइन्छ । यस पन्थेस्वाँरा क्षेत्रका मानिसहरूले यसै कथावस्तुलाई आधार मानेर वनवासमा आधारित पाङ्दुरे गीत गाएको पाइन्छ । यसै गीतलाई वनवास खण्ड अन्तर्गत नामकरण गरेको पाइन्छ ।

### ४.२.२.४ ख्याली

फिनाम गाविसको पन्थेस्वाँरामा गाउने पाङ्दुरे लोकनाटकको विभिन्न खण्डहरूमध्ये ख्याली पनि एक हो । यस ख्याली गीतमा अन्य खण्डभन्दा भिन्दै प्रकारको लय र भाकामा गाउने गरेको पाइन्छ । यहाँका मानिसहरूले यस ख्यालीलाई झ्यारे वा चुड्का शैलीमा गाउने गरेको पाइन्छ । ख्याली गीत रोचक पाराले भन्ने भएकोले दर्शकले अलि यसमा चासो दिएको पाइन्छ । पाङ्दुरेमा गाउने एउटा खण्ड ख्याली पनि हो ।

ख्यालीमा हाँसीमजाक, आमोद-प्रमोद, ख्यालठट्टा आदिसँग सम्बद्ध रहेर मनोरञ्जनपूर्ण तरिकाले गाउने गरेको पाइन्छ । यसमा उनीहरू आङ्गिक, वाचिक र आहार्य अभिनयलााई अलि बढी प्राथमिकता दिएर गाएको पाइन्छ ।

## ४.३ सोरठीको पात्र विधान

यस क्षेत्रको लाकुरी स्वाँरामा गाउने सोरठी समूहमा नाच गान गरेको पाइन्छ । यस नृत्यमा गुरु, मादले, मारुनी, भारते, ढटुवारे र गर्राजस्ता पात्रहरूको प्रयोग पाइन्छ । गीत अनुसारको प्रत्येक पात्रहरूको आ-आफ्नै छुट्टै विशेषता भूमिका रहेको हुन्छ । यस सोरठीको रङ्गमञ्चमा उपस्थित व्यक्तिहरू नै पात्र वा चरित्र हुन् । यसमा सहभागी पात्रहरूले नाटकलाई गतिशीलता प्रदान गरेको पाइन्छ । सवै पात्रहरूको उत्तिकै भूमिका रहेको पाइन्छ । यस फिनाम गाविसको सोरठीमा सहभागी पात्रहरू निम्न प्रकारका पाइन्छन् ।

### ४.३.१ गुरु (मुल मादले)

सोरठीमा निर्देशकको भूमिका निर्वाह गर्ने व्यक्तिलाई फिनाममा गुरू भनिएको पाइन्छ । गुरुलाई तनहुँतिर रौरा, सखिवाल र मुलमादलेले भन्ने गरेको पाइन्छ । तर यहाँ गुरुलाई कसैले मुल मादले भन्ने गरेको पनि पाइन्छ । गुरुले मुल मादल लिएर नाचको ताल र गीतहरूको निर्देशन गरेको पाइन्छ । यस क्षेत्रको सोरठीमा गुरुले नै सुरुदेखि अन्तिमसम्म नेतृत्व गरेको पाइन्छ । मूलगीत आलप गर्ने (झिक्ने) र गर्राहरूलाई गीत सिकाउने काम गुरूकै हुन्छ । गुरूले नै निर्देशक तथा विशेषज्ञ दुवैको काम गरेको भेटिन्छ । अभिभावकको रूपमा भूमिका निर्वाह गर्ने कार्य गुरुले नै गरेको पाइन्छ ।

### ४.३.२ मारुनी (सिँगारु)

यहाँ प्रचलित सोरठीमा पुरुषपात्रले नारीपात्रको वेशभूषामा अभिनय गर्ने गरेको पाइन्छ । पुरुषले महिलाको नेतृत्व गर्ने भएकोले सिँगारु पनि भनिन्छ । यस क्षेत्रमा दुई वटा मारुनीहरू हुन्छन् । उनीहरूको वेशभूषा स्थानीय प्रकारको पाइन्छ । यहाँ सोरठी नृत्य गर्दा मारुनीले चौबन्दी चोलो, घाँघर, ठिमुरा, पोते, सेतो रातो दोकादे पटुका, पगरी, पछ्यौरा र दुवै हातमा रुमाल लिएर नाचगान गरेको पाइन्छ । सिँगार्नको लागि स्थानीय गरगहना कानमा कुण्डल पाटेसुन, जन्तर, सिक्री लगाएर नचाउने गर्दछन् ।

### ४.३.३ भारते

यस क्षेत्रमा प्रचलित सोरठीमा भारतेको प्रमुख भूमिका पाइन्छ । भारते भनेको मारुनीसँग पुरुष भएर नाच्ने पात्र भारते हो । यस पात्रले पुरुषको भूमिका निर्वाह गर्दछन् । यहाँ गाउने सोरठीमा भारते एक पात्र हुन्छ । मारुनी सीता भएर अभिनय गरेको हुन्छन् ।

यहाँको सोरठीमा भारतेले स्थानीय वेशभूषामा सेतो भोटो, सेतो कछाड, जामा, ईष्टकोट र सेतो फेताको पगरी आदि पहिरिएको पाइन्छ । भारतेले कानमा कुण्डल,जन्तर,सिक्रीजस्ता गरगहना पनि  लगाएका हुन्छन्  ।

### ४.३.४. ढटुवारे

सोरठीनाचमा विदुषक वा जोकरको काम गर्ने व्यक्तिलाई ढटुवारे  भनिन्छ । यस फिनाम गाविसमा ढटुवारेलाई हवल्दार, लवरपाँडे, जोकर नामले नामकरण गरिएको पाइन्छ । उसको भूमिका उट्पट्याङ्ग वा भनाईबाट दर्शक हसाँउनु हो । दर्शकलाई हँसाएर मनोरञ्जन दिने काम गरेको हुन्छ । यसको वेशभुषा भोटो, कछाड, बिर्के टोपी, इष्टकोट, हास्यमुलक मुखाकृतिको मुकुण्डो लगाएको हुन्छ । उसको हिडाइ स्वर अभिनयात्मक हुन्छ । उसले अभिनय फेरबदल गरी हसाँइरहेको हुन्छ । उसले गीत अनुसारको अभिनय गरिरहेको पाइन्छ ।

### ४.३.५ मादले

यस क्षेत्रमा प्रचलित सोरठीमा प्रमुख भूमिका निर्वाह अर्का पात्र मादले पनि हो । मारुनी र भारतेको साथमा मादल बजाउँदै घुम्दै नाच्ने थप पात्र मादले हो ।  मादलेले गीतको लय र भाकाअनुसार मादलको ताल परिवर्तन गर्दै लगेको पाइन्छ । यी पात्रको वेशभूषा स्थानीय प्रकारको हुन्छ । मादलेको मुख्य सहयोग गूरुलाई हुन्छ । गुरुको तालमा ताल थपेर रोचक तरिकाले मादल नजाउने गरेको पाइन्छ । मादले पनि बेलाबेलामा मादल बजाउँदै नाच्दै मारुनी र भारतेलाई सहयोग गरिरहेको पाइन्छ ।मादल धेरै जनाले बजाए पनि ताल भने एउटै पाइन्छ ।

### ४.३.६  गर्रा

फिनाममा प्रचलित सोरठीमा अर्का प्रमुख भूमिका निर्वाह गर्ने पात्र गर्रा पनि हो । गुरुको मादलकोताललाई मादलेले सहयोग गर्दछ भने गुरुले झिकेको गीतलाई  छोप्ने वा गाउने काम गर्राले गरेको पाइन्छ । यिनीहरू गीत मात्र गाउँदछन् तर नाच्न पर्दैन । यसलाई गर्रा भाइ पनि भनिन्छ । गुरुको स्वरमा स्वर खापेर दर्शकलाई सुनाउने किसिमले गाएका हुन्छन् । गर्राको सङ्ख्या एकिन हुँदैन । सप्ताह र पुराणमा नाच गान गरेको छ भने कर्ताले पनि गर्राको काम गरेको पाइन्छ ।

## ४.४  सोरठीको भाषा

सोरठी नृत्य फिनाम गाविसका मगर, गुरुङ आदि जातिका मानिसले गाउने भएकोले उनीहरूको भाषा पनि मिसिएको पाइन्छ । यस नाचमा भाषाको माध्यमवाट विचारहरू आदन-प्रदानगरेको पाइन्छ । गीत, गाथा, साहित्य, कथा आदिको निर्माण पनि भाषाको माध्यमबाट गरिन्छ । हरेक भाषाले आफ्नो मानकरूप निर्धारण गरेको हुन्छ । तर लोकस्तरमा बनेको गीत, कथा, गाथा, काव्य आदिमा भाषाको स्थानीय रूपलाई प्रयोगमा ल्याईने हुनाले मूलभाषाको प्रयोक्ताहरूको निमित्त  स्थानीय भाषा वा  भाषिकाहरू दुर्बोध्य हुन्छन् । मानक  भाषाको शब्दावलीहरूमा परिवर्तन हुने  स्थानीय शब्दहरूको बाहुल्यता हुने तथा गीत गाथाको गायनमा लयात्मक रूपमा प्रयोग हुने आदि कारणले लोक गाथामा स्थानीय भाषालाई पनि भिन्न रूपमा प्रयोग गरिएको पाइन्छ । लोकगाथाको

प्राचीन रूपमा मिश्रित भाषाको प्रयोग हुनुको साथै दुर्बोध्य भएको पाइन्छ । यसमा सँस्कृत, गुरुङ, मगर, हिन्दी भाषाको मिश्रित प्रयोग पाइन्छ । सुरुमा गीत थाल्दा ह..गरेर लामो स्वर तानेर थाल्दा बीचबीचमा दोहऱ्याई-दोहोऱ्याई एउटै पँक्तिलाई वारम्वार भनिरहदा श्रुतिमधुरता र रम्यता प्राप्त हुन्छ । यस क्षेत्रमा गाइने सोरठीमा यहाँका मानिसहरूले प्रयोग गर्ने भाषा यस प्रकारको पाइन्छ ।

**संस्कृतबाट**

यहाँ प्रचलित सोरठीमा संस्कृतका शब्दहरू पनि प्रयोग गरेको पाइन्छ । संस्कृतलाई पनि केही विगारे यसरी बोलेको पाइन्छ । जस्तै :गर्भ-गरिभ, बालक–बालखै,बाण–बान, पूर्व-पूरिवै , गृह –गिरिया, सूर्य –सुरिज, निर्मल–निरमल, अग्नि –अगनी, यज्ञ –जग्गे , नही –नाई, हाट –हटिया आदि ।

**हिन्दी भाषाबाट**

यहाँ प्रचलित सोरठीमा हिन्दीका शब्दहरू पनि मिसाएर प्रयोग गर्ने गरेको पाइन्छ । हिन्दीलाई पनि केही विगारे यसरी बोलेको पाइन्छ । जस्तै :

तुमारे –तुमारे, बेटी –वेटिया , मर्दना –मरिदन आदि ।

**मगर भाषाबाट**

यस क्षेत्रमा प्रचलित सोरठीमा मगर भाषाका शब्दहरू पनि प्रयोग गर्ने गरेको पाइन्छ । किनकी यहाँ प्रचलित सोरठी प्रायशः मगरले नै गाउने गरेको पाइन्छ । उनीहरूले गीतमा आफुले बोल्ने भाषाको शब्द पनि मिसाएको पाइन्छ । ती शब्दहरू यस प्रकार पाइन्छन् । **जस्तै :**

मदुस, रौरा, मारुनी, कटुवाले, दरशनी, मटिया,  खरी, सलाङे, जावी आदि ।

प्रचलित शब्दहरूलाई पनि गायनक्रममा ध्वनी एवम् वर्ण परिवर्तन गरेर पनि गाउने गरेको पाइन्छ । ती शब्दहरू यस प्रकार पाइन्छन् । जस्तैः

आईपुग्यो–याईपुग्यो, खाउला–खावैला, आँगन–यागन, लाउला–लावैला, हामी-हामु, सुरो –सुरावो, अगेँनो-अघिनी, बसौँला–बसैला, हाम्रो–हामरो, माझी–जलाहा, राजाको–राजै, छाला –छलिया, कुमाल–जलिया, सुहायो–मलायो, डोले–डोलीया, चम्किलो–झमकैलो आदि ।

सोरठी यस फिनाम गाविसमा प्रचलित लोकनाटक भएकोले यसको भाषामा पनि प्राचीनपन पाइन्छ । भाषाशास्त्रीय अध्ययनका दृष्टिले पनि यो लोकनाटक निकै उपयोगी मानिएको पाइन्छ ।

## ४.५ सोरठीको संवाद

यहाँ प्रचलित सोरठीमा संवादात्मक भाषाको प्रयोग पनि पाइन्छ । यस लोकनाटकमा गुरू तथा गर्राहरूले गीतको माध्यमवाट प्रश्न र उत्तर दिने गर्दछन् । प्रश्नोत्तरात्मक शैलीमा भनिने हुँदा ज्यादै प्रभावकारी हुन्छ । दर्शकहरू सुन्न जिज्ञासु पनि हुन्छन् । संवाद शैलीमा जोकरलाई रमाइलो गर्न सजिलो हुन्छ ।  यहाँको सोरठीमा गीतको माध्यमबाट यस प्रकारको  संवाद प्रयोग गरिएको पाइन्छ । जस्तैः

**रामायणबाट**

कतिमा ल्याउछौँ हात्तीमा घोडा
कतिमा हो जनती

दशैमा लाख हात्तीमा घोडा
पाँचैमा  लाख हो जनती
कृष्ण चरित्रवाट

कहाँ को हौ  तिमी सोर सय गोलेन
कहाँ सम्म जान आयौँ

गोकुलको हौँ हामी सोर सय गोलेन
ददिया बेचन आयम

कहाँ जान्छौ गोलेन ददिया बेचन
ददियाको लाग्छ जगत्

दशरथको बेटा हामी
क्या भनी तिरुम्ला जगत्

## ४.६.सोरठीको उद्देश्य

फिनाम गाविसको लाकुरी स्वाँरामा परम्परादेखि प्रस्तुत गरिँदै आएको लोकसंस्कृतिलाई जीवन्तता दिँदै संरक्षण गर्ने, मनोरञ्जन लिने दिने, आर्थिक संकलन गर्ने, धार्मिक शुभकार्य गर्ने र लोकशिक्षा दिने उद्देश्यले सोरठी लोकनाटक सञ्चालन गरेको पाइन्छ । यस लोकनाटकको उद्देश्य भनेको बूढापाकाहरू बुढेसकालमा धर्मकर्ममा बढी विश्वास राख्ने गर्दछन् । जस्ले धार्मिक कार्य अर्न्तगत सप्ताह पूराण लगाएको छ उसको घरमा गएर देवीदेवताको नाम पुकारेर गीत गाउँदा मुक्ति पाइन्छ मरे पछि स्वर्ग पुगिन्छ भन्ने उद्देश्य राखेर नाचगान गर्ने गरेको पाइन्छ । आफूले धार्मिक कार्य गर्न नसके पनि अरूले लगाएको धार्मिक कार्यमा एक रात नाचेर धर्म कमाइन्छ भन्ने उद्देश्यले पनि उनीहरू यो लोकनाटक देखाउन उत्सुक भएको पाइन्छ ।

## ४.७ सोरठी निकाल्ने समय र अवस्था

सोरठी नृत्यलाई रीतिविधि अनुसार मात्रै निकाल्न र नचाउन सकिने भएकोले फिनाम गाविसका मानिसहरूले अन्य गीत तथा नाचहरूजस्तो जुन पायो त्यहीवेला नाच्ने र गाउने गरेको पाइँदैन । रीतिविधि अनुसार यस नृत्य सञ्चालन नगरेमा गुरू तथा गर्राहरूमा देवी देवताले पिर्छ । नृत्य सुरुवात गर्न परेको वेला कम्प दिँदैन भन्ने विश्वास रहेको पाइन्छ । यस सोरठी नाच अन्य ठाँउमा भने शुभ–अशुभ दुवै कार्यमा नाच्ने र गाउने गरेको पाइन्छ । राई जातिहरूमा मृतात्माको नाँउमा यो नाच लगाएमा मृतक स्वर्ग पुग्छ भन्ने जनविश्वास रहेको पाइन्छ । यस क्षेत्रमा भने अशुभकार्यमा गाउने गरेको पाईदैन । यहाँ शुभकार्यमा मात्र नाच्ने गाउने गरिएको पाइन्छ । पुरानो संस्कृतिलाई जोगाई राख्ने उद्देश्यले सभा,समारोह,उत्सव चाडपर्वमा समेत देखाउने गरिन्छ ।

यो नाच निकाल्ने समय र अवस्था बारे भनाई यस्तो रहेको पाइन्छ । वर्षको एकचोटी सरस्वतीको पूजा विधिवत्  गरिसकेपछि बन्द भएको यो नाच साउन महिनाको पहिलो दिन वा साउने संक्रान्तिको दिनबाट यो गीत गाउन खुल्ला रहन्छ । वर्षाको समय दिनभरि खेतबारीमा काम गरेर थकैले आजित भई घर आए पछि खाना खाएर प्रत्येकगर्राको घरमा पालैसित बेलुकी एक दुईघण्टा नाचगान गर्दछन् । मतुवाली जाति भएकोले जाँड र रक्सी खाने र खुवाउने गर्दछन् । दिनभरको थकानलाई नाचगान र लागुपदार्थको सेवनले आनन्द प्राप्त भई आ-आफ्नो घरमा सुत्न जान्छन् । नयाँ गर्रा भएमा उसलाई नाच्न र गाउन अभ्यास गराउँदछन् । नयाँ गर्रालाई पोख्त बनाउँछन् ।

दसैँको पर्वमा घटस्थापनादेखि कोजाग्रत पूर्णिमा दिनसम्म नाच्ने र गाउने गर्दछन् । दसैं बिसर्जनको रातभर नाच्ने र गाउने गर्दछन् । बडा दसैं लगत्तै तिहार पर्वमा आफ्नो गाउँ घरका सवै घर-घर गई नाच्ने गाउने गर्दै भैलोको रूपमा हिँडेर नगद तथा जिन्सी जम्मा पारेर सामाजिक कार्यमा खर्च गर्दछन् । जुन उठेको रकमबाट विवाहमा चाहिने सामान र सामाजिक पूजा गर्दा चाहिने सामान किन्दा खर्च गर्ने चलन छ । कार्तिक महिनामा प्रायशः मानिसहरूले धर्म ,कर्म र घर शुद्धि गर्नको लागि सत्यनारायणको पूजा लगाउने चलन छ । कार्तिकमा दान भोजन गराए धर्म प्राप्ति हुन्छ भन्ने विश्वास अनुरूप बेलुका ३-४ घण्टा पूजा गरेर सके पछि रातभर जाग्रम बस्न नसक्ने हुँदा मारुनी नाचको रूपमा सोरठी र पाङ्दुरे नाच लगाउने चलन छ । गर्राको घरमा लगाउँदा भोजनमात्र गरिन्छ भने अन्यत्र भने भेटी र भोजन दुबै गराउने चलन रहेको पाइन्छ । सरस्वती पूजा गरिसके पछि साउने संक्रान्ति नआई गाउन र बजाउन पाइँदैन यो नै यसको प्रमुख विशेषता हो । सरस्वतीका पूजा गर्दा कोरा फूल, अक्षता, धुप, द्वीप र नैबेद्य चढाएर गरिन्छ पूजास्थान सफा सुग्घर ठाउँमा मण्डप तयार गर्नु पर्दछ । मण्डप बनाउँदा मण्डप पाँच थरी पाँच भागमा उठान गरी जग्गे तयार गरी मण्डप वनाउनु पर्ने हुन्छ । मण्डपको परिक्रमा गर्दै नाच्दै र गाउँदै गरेर सरस्वतीको पूजा मूल गुरुबाट गरिन्छ । सरस्वतीको ताललाई ठोकान भनिन्छ  । ठोकान हान्दै पूजा गर्ने गरिन्छ ।

## ४.८  सोरठी नाचको उठान र बैठान

सोरठी लोकनाटक फिनाम गाविसमा पनि गाउने गरेको पाइन्छ । यसमा आदि, मध्ये र अन्त्यको क्रमिकता रहेको पाइन्छ । सोरठी नाच मङ्गलगान र आनुष्ठानिकताबाट सुरु गरिने हुँदा सोरठी नाचको प्रारम्भमा मङ्गलगान हुन्छ । मङ्गलगान सखी बाध्ँने वा तान्त्रिक विधिवाट अमङ्गल नास गर्न गरिने मन्त्र विधि पनि हो । सखी बाँधे पछि मारुनीमा कम्प आउनु पर्छ । कम्प आउनु भनेको नटेश्वरी आङ्मा चढ्नु हो । नटेश्वरी देवी आङ चढेपछि देवी प्रसन्न भएको मानेर नाच प्रारम्भ गर्दछन् । सखी गीत  सकिए पछि मारुनी नाचको कुन हाँगो अभिनय गर्ने हो, सो हाँगो अनुरूपको गीत सङ्गीत तथा अभिनय प्रारम्भ गरिन्छ । गीत र नाचको  समाप्ति पछि आशीर्बाद दिँदै सखी फुकाउने चलन छ । गीत फुकाउनु भनेको बन्धनमा राखिएको मादल, मुजुरा, गरगहना, कपडा र गर्राहरूलाई बन्धन मुक्त गर्नु हो ।

### ४.८.१ प्रथम चरण-सखी (सरस्वती) जगाउने काम

सोरठी नाच देखाउँदा फिनाम गाविसका गर्राहरूले जुन घरबाट थालनी गर्छन् त्यसै घरमा अन्त्य गर्ने प्रचलन पाइन्छ । मारुनीले  लगाउने लुङ्गी, चोलो, पटुका चुरापोते, पछ्यौरा वाद्यवादनतर्फ भ्याली, मुजुरा, मादल, घुँघुरा र ढटुवारेले लगाउने सामग्री पनि बाँध्ने चलन छ । ठोकान हान्ने काम सुरु हुन्छ । ठोकन हान्दा एकैतिर जोडर एकै तालमा ठोकान हान्नु पर्छ । ठोकानको ताल बिग्रेमा सरस्वती (कम्पन) आउँदैन । ठोकान भनेको मादलको ताल हो। ठोकान हान्दा एकै तालमा हाने लगतै सखी गाउन सुरु गरिन्छ । सखीको गीतले र मादलको तालले सखीवालालाई जोडले कम्पन आउने गर्दछ । सखी जगाउँदा ठाउँ अनुसार गीत फरकजस्तो देखिन्छ । तर आफूले जाने जति देवी देवताको नाम पुकारेर गाउने गर्दछन् । प्रथम चरणको सखि जगाउँदा उनीहरू यस्तो प्रकारको गीत गाएर सखी जगाउने गरेको पाइन्छ । मादलको तालसँगै गीतको भाका पनि मिलाएर गाउने गरेको पाइन्छ । जस्तैः

पहिलेमा समझुम्ला
पहिले समझुम्ला
गुरुजी हामरो छ
सरमा सती माहधले हो सखि
तिरीपया समरथ माधले

हहँ हुई पछि समझुम्ला
हुई पछि समझुम्ला
धरती मातालाई
ह सरमा सती माहधले हो
हो सखी तिरीपय समरथ माहधले

### ४.८.२ मध्ये चरण

फिनाम गाविसको सोरठी नृत्यमा प्रथम चरणको कार्य सम्पन्न गरिसकेपछि मध्ये चरणको कार्य थालनी गर्ने गरिएको पाइन्छ । सुरुको कार्य भनेको सखी बाँध्ने कार्य हो । सखी बाँधेपछि गुरु, गर्रा, मारुनी, भारते र मादले कसैलाई पनि अनिष्ट हुँदैन भन्ने विश्वास गरेको पाइन्छ । मध्ये चरणमा रमाईलो गर्नको लागि सोरठीको विभिन्न हाँगाहरू मारुनी सोरठी, मारुनी चरित्र, मारुनी ख्यालीको गीत पालैसँग गाएर नाच्ने गरेको पाइन्छ । मध्येचरणमा मारुनी चरित्रको गीत गाउँदा रामायण, महाभारतको कथावस्तुमा आधारित गीत गाएर नाच्दछन् । यस क्षेत्रका मानिसहरूले मारुनी सोरठीको गीतमा सोरठी रानीको गीत पूरा नभएकोले बाँकी भागमा रामायणको कथावस्तुमा आधारित गीत गाएर नाच्ने गरेको पाइन्छ । मारुनी सोरठीको गीतमा रामायणको कथावस्तुमा आधारित गीत मिसाएर गाउने चलन पाइन्छ । ख्यालीमा हाँसो मजा गर्ने विचारले गीत गाएको पाइन्छ । गीतहरू यस प्रकारका छन् ।

### ४.८.२.१ मारुनी चरित्र

अन्य गीतमध्ये सवभन्दा बढी गाउने गीत मारुनी चरित्रको गीत हो । किनकी दर्शक र श्रोताहरूलाई बढी मन पर्ने गीत मारुनी चरित्रको हो । यसमा रामायणको कथावस्तु गाइन्छ । यस क्षेत्रमा हिन्दू जातिका मानिसहरू वढी बसोबास गर्दछन् । हिन्दुहरूले बढी मन पराउने आर्दश पुरुष राम र पतिव्रत नारी सीता हुन् । मारुनी चरित्रमा राम र सीताको कहानी भनिने हुँदा दर्शक बढी सुन्न इच्छुक हुन्छन् । प्रायशः मानिसहरूलाई रामायणको बारेमा ज्ञान छ । कथावस्तु जानेपछि गीत सुन्न पनि रोचक हुन्छ । उहाँले दिनु भएको गीत यस प्रकार छ । मारुनी चरित्रमा गाउने गीत यस प्रकारको पाइन्छ ।

तमु देवी हो सरमा सती
तमु देवी हो सरमा सती
हाई सर नही तुमार
पैलेको धरती माता उत्पन्न भयो हो धरती
चरण (पैलेको धरती माता दोसरी उत्पन्न हो धरती)२

### ४.८.२.२. मारुनी सोरठी

यहाँ प्रचलित मारुनी सोरठीमा रामायणको गीत गाए पछि दर्शकको मन परिवर्तन गर्न र मनोरञ्जन दिन बेलाबेलामा मारुनी सोरठीको गीत गाउने गरेको पाइन्छ । यसको भाका र लय मारुनी चरित्रको भन्दा फरक हुन्छ । यसमा जयसिङ्गे राजाकी छोरी सोरठीको गीत गाइन्छ तर पूर्णरूपमा भने गाउन सकेको पाइएन । यसको गीतमा सोरठीको नाम, फूलवारी, दरवार र सुनको मदुसमा हाली बालिका बगाईदेउ भन्ने गीतमा सोरठी रानीको कथा पाइएकोले यसको नाम सोरठी राखिएको हो र यो नाच पुरुषपात्रले नारीको वेशभूषामा नाच्ने भएकोले मारुनी सोरठी भनिएको पाइन्छ ।

हा पुरवै हेरुम पञ्चै पोखरी
किनारै हेरुम फूल र वारी
दखिनै हेरुम जल र थल
किनारै हेरुम फूलवारी
उत्तर हेरुम दरिवार
किनारै हेरुम फूलवारी
पश्चिम हेरुम वाग बँगैचा
किनारै हेरुम वाग बँगैचा
कसको होला यो फूलबारी
सोरठी रानी को फूलबारी

### ४.८.२.३. मारुनी ख्याली

यस क्षेत्रको लाकुरी स्वाँरामा प्रचलित सोरठीको विभिन्न खण्डहरूमध्ये ख्याली पनि हो । यो मारुनी ख्याली पनि बेलाबेलामा गाउने गरेको पाइन्छ । यहाँको अर्को प्रसिद्ध नाच मारुनी ख्याली पनि हो । यसमा अन्य खण्डको भन्दा लय र भाका फरक पाइन्छ । पात्र र

वेषभूषा भने एकैनासको पाइन्छ । साधरण बोलचाल र व्यवहारमा हाँसखेल र ख्याल ठट्टा नै ख्याली हो र यस नाचलाई मारुनी शैलीमा नाचगान गरिने भएकोले यस नाचको नाम मारुनी ख्याली भनिएको पाइन्छ । यसमा अन्य नाचमा जस्तै पात्रहरूको प्रयोग गर्दछन् । उनीहरूले यस्तो प्रकारको गीत गाएर नाचगान गर्ने गरेको पाइन्छ ।

हइ मेरी बालै हो के दिनमा जनिम भयो
मेरी बालै हो के दिनमा जनिम भयो
उइ माटोको विक्षेना उइ माटोको सिरानी
माटोको विक्षेना उइ माटोको सिरानी
मेरी बालै हो के दिनमा जनिम भयो
ह..रक्ष गर देबी बालै खेलन आयो

### ४.८.३ अन्तिम चरण (बिदाइको बेला)

सोरठी लोकनाटकलाई फिनाम गाविसका मानिसहरूले अति मन पराउने गरेको पाइन्छ । यस गाविसको लाकुरी स्वाँरामा गाइने प्रचलित नृत्य सोरठी हो । यस सोरठीमा विभिन्न खण्डहरू हुन्छन् । ती विभिन्न खण्डहरूमध्ये मारुनी सोरठी, मारुनी ख्याली र मारुनी चरित्रजस्ता खण्डहरू पाइन्छन् । यसरी तीनै खण्डको गीत मध्ये चरणमा गाएर रात बिताउँछन् र बिहानी पख उज्यालो हुन लागे पछि घरबेटीसँग बिदा माग्दै गीत गाउँछन् । विदा माग्दा देवी देवता पुकार गरेर देवी देवतासँग पनि बिदा माग्ने काम गरेको पाइन्छ । मध्येचरणमा सम्पूर्ण पात्रहरूलाई भोजन गराउँछन् । बिहानीपख बिदा हुने वेलामा गर्राहरूलाई खुसीपार्न नाङ्गलोमा धान, टपरीमा चामल, दियोमा बत्ती, फूल, अक्षता, फलफूल र पैसा राखेर विदाइ गरिन्छ । गुरुले नाङ्गलो हातमा लिएर आशिष दिँदै नाच्ने गरेको पाइन्छ । नाच अन्त्य भई सकेपछि गहना कपडा विधि पूर्वक गीत र मादलको तालसँगै फुकाएर राख्ने गरेको पाइन्छ । बिहान खाना खाएर विदाइ भई आ-आफ्नो घरमा जाने काम गर्दछन् । उनीहरू विदा हुने बेलामा यस्तो प्रकारको गीत गाउने चलन पाइन्छ ।

वसिरहे मायाँ बैनैं हो
हामु त परदेशी
जाहे जान्छौँ

पुरवैको मादले
पश्चिमैको मारुनी
हामु त परदेशी
जाहे जान्छौँ

समय सालमा
भई रहला भेट
वसिरहे मायाँ बैनै हो

## ४.९ पाङ्दुरे

गाविसको पन्थेस्वाँरामा प्रचलित पाङ्दुरे लोकनाटक पाइन्छ । यो नृत्य मारुनी नाच अर्न्तगत पर्दछ । पाङ्दुर कोदो कार्तिकमा पाक्ने र त्यही कोदोको जाँड र रक्सी बनाएर खाँदै तिहारमा देउसी भैला खेली रमाउने भएकोले यस नाचलाई पाङ्दुरे नाच भन्ने गरिएको पाइन्छ । यो नाच प्रायशः जनजातिहरूमा प्रचलित भएको पाइन्छ । यस क्षेत्रमा प्रचलित पाङ्दुरे रामायणको कथावस्तुसँग सम्बन्धित पाइन्छ । परापूर्व कालदेखि रामायणको कथावस्तुलाई सोरठीमा गीतको माध्यमबाट यस क्षेत्रमा भन्ने गरेको पाइन्छ ।

यस क्षेत्रमा यो नाचको थालनी साउने संक्रान्तिदेखि सुरुवात गरी चण्डीपूर्णिमामा अन्त्य गरिएको पाइन्छ । जेठ असारतिर खेती लगाउने बेला भएकोले प्रायशः वर्षामा नाच्ने र गाउने गरिएको पाइँदैन । अरु समयमा भने नाच्ने गाउने गरिएको पाइन्छ । यो नाच फिनाम गाविसको बडा नं ६ को पन्थेस्वाँरा गाँउमा वस्ने कुँवर, मगर, खनखवास, आले आदि जातिले नाच्ने र गाउने गर्दछन् । यो नाच पुर्खौदेखि सञ्चालन हुदैं आएको कुरा गुरू मिन बहादुर बताउँछन् । यो नाचमा स्थानीय वेशभूषा पाइन्छ ।

यो पाङ्दुरे नाचको सुरुवातको बारेमा यस क्षेत्र भित्रका मानिसहरूलाई सोध्दा पुर्खादेखि सञ्चालन हुँदै आएको बताउँछन् । उनीहरूका पुर्खाहरूले चाडपर्व र उत्सवहरूमा रमाईलो गर्नको यो नाचको सुरुवात गरेको हुन भन्ने भनाइ पाइन्छ । यो नाचगान गर्दा देवीदेवताका नाम पुकारिने भएकोले स्वर्गलोक पुगिन्छ,मुक्ति पाइन्छ भन्ने कुरामा विश्वास गरेको पाइन्छ । यो नाचको थालनी गर्दा सुरुमा सखी मार्ने काम गर्दछन् । सखी मारेपछि रामचरित्र र कृष्णचरित्रमा आधारित गीतहरू गाउँछन् । दर्शकको ईच्छाअनुसार रामचरित्र र कृष्णचरित्रमध्ये जुनसुकै गीतहरू पनि गाउने गरिएको पाइन्छ । विहानीपख विरहनीको गीत गाएर नाच अन्त्य गर्ने गरिएको पाइन्छ ।

## ४.१० पाङ्दुरेको पात्र विधान

फिनाम गाविसमा प्रचलित पाङ्दुरे समूहमा नाच्ने गाउने गरिएको पाइन्छ । यस नृत्यमा विभिन्न किसिमका पात्रहरू हुन्छन् । प्रत्येक पात्रहरूको आ-आफनै छुट्टै विशेषता र भूमिका रहेको पाइन्छ । यस नाचलाइ प्रभावकारी बनाउन पात्रले विशेष भूमिका निर्वाह गरेको पाइन्छ । नाटकलाई गतिशीलता प्रदान गर्ने कार्य पात्रले गरेको पाइन्छ । सवै पात्रहरूको उत्तिकै भूमिका रहेको हुन्छ । यस क्षेत्रको पाङ्दुरेमा यस प्रकारका पात्रहरू प्रयोग गरिएको पाइन्छ ।

### ४.१०.१. गुरु (मुल मादले)

यस गाविसको पन्थेस्वाँरामा प्रचलित पाङ्दुरेमा निर्देशकको भूमिका निर्वाह गर्ने व्यक्तिलाई गुरु भन्ने गरिएको पाइन्छ । अन्य क्षेत्रतिर गुरुलाई रौरा, सखिवाल र मूलमादलेसमेत भन्ने गरिएको पाइन्छ । तर यस क्षेत्रमा गुरु वा मुलमादले भन्ने गएिको पाइन्छ । सुरुदेखि अन्तिमसम्म गुरुकै नेतृत्वमा नाच सम्पन्न गरिएको हुन्छ । मूलगीत आलप गर्ने (झिक्ने) र गर्राहरूलाई गीत सिकाउने काम गुरुकै हुन्छ । गुरुले निर्देशक तथा विशेषज्ञ दुवैको काम गरेको पाइन्छ ।

### ४.१०.२ मारुनी (सिँगारु)

यहाँको पन्थेस्वाँरामा प्रचलित पाङ्दुरेमा अर्का पात्र मारुनी पनि पाइन्छ । पुरुषले नारी पात्रको वेशभूषामा अभिनय गर्ने मुख्य पात्रलाई मारुनी भनिन्छ । पुरुषले महिलाको नेतृत्व गर्ने भएकोले सिँगारु पनि भनिन्छ । यस क्षेत्रको पाङ्दुरेमा दुई वटा मारुनी हुन्छन् । उनीहरूले प्रयोग गर्ने वेशभूषा स्थानीय र प्राचीन ढाँचाको पाइन्छ । उनीहरूले चौबन्दी चोलो, घाँघर, पटुका, पगरी, पछ्यौरा र दुवै हातमा रुमाल लिएर नाच्ने गरिएको पाइन्छ । सिँगार्नको लागि स्थानीय गरगहना कानमा कुण्डल, पाटेसुन, जन्तर, सिक्री र ठाउँ अनुसार जातीय पहिरन लगाउने गरिएको पाइन्छ ।

### ४.१०.३ भारते

यस क्षेत्रको पाङ्दुरे लोकनाटकमा अर्का पात्र भारते पनि पाइन्छ । भारते भनेको मारुनीसँग पुरुष भएर नाच्ने पात्र भारते हो । यस पात्रले पाङ्दुरेमा पुरुषको भूमिका निर्वाह गरेको पाइन्छ । प्रायशः भारते एक मात्र हुन्छ । भारतेले स्थानीय वेशभूषामा भोटो, कछाड, जामा, ईष्टकोट, सेतो फेताको पगरी आदि पहिरिएको पाइन्छ । भारतेले कानमा कुण्डल र पुरुषले लगाउने गरगहना लगाएको पाइन्छ ।

### ४.१०.४ ढटुवारे

फिनाम गाविसको पाङ्दुरेमा दर्शकलाई हँसाउने र रमाइलो गर्ने ढटुवारे नामक पात्रको पनि व्यवस्था गरिएको पाइन्छ । यस नृत्यमा जोकरको काम गर्ने व्यक्ति ढटुवारे हो । यस पात्रलाई अन्यत्र हवल्दार, लवरपाँडे, जोकर नामकरण गरिएको पाइन्छ भने यस क्षेत्रमा जोकर वा ढटुवारे भन्ने गरिएको पाइन्छ । उसको भूमिका उट्पट्याङ्ग वा भनाइबाट दर्शक हसाँउनु हो । दर्शकलाई हँसाएर मनोरञ्जन दिने काम गरेको पाइन्छ । यसको वेशभूषा भोटो, कछाड, बिर्केटोपी, इष्टकोट, हास्यमुलक मुखाकृतिको मकुण्डो लगाए आफ्नो रुपाकृति बदलेको पाइन्छ । उसको हिडाइ स्वर अभिनयात्मक प्रकारको हुन्छ । उसले अभिनय फेरबदल गरी हसाँइरहेको हुन्छ । गीतको भाव अनुसार अभिनय गरी दर्शकलाई हसाउँने गर्दछ भने उसको वेशभूषा नै हाँसो लाग्दो प्रकारको लगाइएको पाइन्छ ।

### ४.१०.५ मादले

यहाँ प्रचलित पाङ्दुरेको अर्का मादल बजाउने पात्र हुन्छ जसलाई मादले भन्ने गरिएको पाइन्छ । यस मादलेले मारुनी र भारतेको साथमा मादल बजाउँदै घुम्दै नाच्ने नाच्ने गरेको पाइन्छ । गुरुले बजाएको मादलको तालमा ताल थपेर मादल बजाउने गरेको हुन्छ । यी पात्रको वेशभूषा स्थानीय प्रकारको हुन्छ । यसको मुख्य सहयोग मूल मादलेलाई हुन्छ । गुरुले बजाएको मादलको तालमा ताल दिएर पाङ्दुरेलाई रोचक बनाउने काम गरेको पाइन्छ ।

### ४.१०.६ गर्रा

यहाँ प्रचलित पाङ्दुरेमा गीत गाउने अर्का पात्र गर्रा हुन्छन् । गुरुको मादलको ताललाई मादलेले सहयोग गर्दछ भने गुरुले झिकेको गीतलाई छोप्ने वा गाउने काम गर्राले गरेको पाइन्छ । यिनीहरू समूहमा बसेर गीत मात्र गाउँदछन् तर नाच्ने काम गरेको

पाइँदैन । यसलाई गर्राभाइ पनि भनिन्छ ।गुरुले गीत गाउँदा गर्रा चनाखो भएर स्वरमा स्वर खापेर गीत गाएको पाइन्छ ।

## ४.११ पाङ्दुरेको भाषा

पाङ्दुरे लोकनाटकलाई फिनाम गाविस पन्थेस्वाँराका मानिसहरूले विभिन्न भाषाको प्रयोग गरेर गीत गाउने गरेको पाइन्छ । गीत, नाटक गाथा, साहित्य र कथा आदिको निर्माण पनि भाषाको माध्यमबाट गरिन्छ । हरेक भाषाले आफ्नो मानकरूप निर्धारण गरेको हुन्छ । तर लोकस्तरमा बनेको गीत, कथा, गाथा, काव्य आदिमा भाषाको स्थानीय रूपलाई प्रयोगमा ल्याईने हुनाले मूल भाषाको प्रयोक्ताहरूको निमित्त स्थानीय भाषा वा भाषिकाहरू दुर्बोध्य हुन्छन् । मानक भाषाको शब्दावलीहरूमा परिवर्तन हुने स्थानीय शब्दहरूको बाहुल्यता हुने तथा गीत गाथाको गायनमा लयात्मक रूपमा प्रयोग हुने आदि कारणले लोकगाथामा स्थानीय भाषालाई पनि भिन्न रूपमा प्रयोग गरिएको पाइन्छ । यस क्षेत्रमा प्रचलित पाङ्दुरेको भाषा मानक भाषाभन्दा भिन्न भाषामा बोलिएको पाइन्छ । सामान्य बोलिचालीको भाषा प्रयोग गरिए पनि गीतको तालमा गाउँदा भने अर्कै भाषा बोलेको अनुभूति पाइन्छ । यस क्षेत्रमा गाउने लोकनाटकमा प्राचीन रूपमा मिश्रित भाषाको प्रयोग गरेर गीत गाएको पाइन्छ । यसमा संस्कृत, गुरुङ, मगर र हिन्दी भाषाको मिश्रित प्रयोग पाइन्छ । सुरुमा गीत थाल्दा ह........गरेर लामो स्वर तानेर थाल्दा बीचबीचमा दोहर्‍याई-दोहोर्‍याई बारम्बार भनिरहँदा श्रुति मधुरता र रम्यता पाइन्छ । जस्तैः बरमाण-ब्राम्हण, शुभइ-शुभै, जनती-जन्ती, जगत्-कर, ददिया-दही, आयम-आयौँ, तमु-तिमी, सरमासोती-सरस्वती, बेटा-छोराजस्ता भाषाको प्रयोग गर्ने गरेको पाइन्छ । मिश्रित भाषा प्रयोग पाइएकोले भाषाशास्त्रीय अध्ययनका दृष्टिले यो पाङ्दुरे निकै उपयोगी रहेको पाइन्छ ।

## ४.१२ संवाद

पाङ्दुरेमा गीतको माध्यमबाट फिनाम गाविसका मानिसहरूले संवाद प्रस्तुत गर्ने गरिएको पाइन्छ । पात्रहरू गीतको माध्यमबाट प्रश्न र उत्तर दिने गर्दछन् । यसमा केही गीत प्रश्नोत्तरात्मक पाइन्छ । यो गीत सुन्न साह्रै रोचक हुन्छ । यसमा गुरुले नै संवादमा दोहोरो भुमिका निर्वाह गरेर गीतको माध्यमबाट एक गीतले अर्को गीतलाई अड्को थाप्ने काम गराएको पाइन्छ ।

**रामायणबाट**

कतिमा ल्याउँछौ हात्तीमा घोडा
कतिमा हो जनती
दशैमा लाख हात्तीमा घोडा
पाँचैमा लाख हो जनती

कृष्ण चरित्रवाट
कहाँ को हौ तिमी सोर सय गोलेन
कहाँ सम्म जान आयौँ
गोकुलको हौँ हामी सोर सय गोलेन

ददिया बेचन आयम
कहाँ जान्छौ गोलेन ददिया बेचन
ददियाको लाग्छ जगत्
दशरथको बेटा हामी
क्या भनी तिरुम्ला जगत्

## ४.१३ .पाङ्दुरेको उद्देश्य

यस गाविसमा प्रचलित पाङ्दुरे लोकनाटक परम्परादेखि प्रस्तुत गरिदैं आएको पाइन्छ । यहाँका मानिसहरूले लोकसंस्कृतिलाई जीवन्तता दिदै संरक्षण गर्ने, मनोरञ्जन लिने दिने, आर्थिक संकलन गर्ने, धार्मिक शुभकार्य गर्ने लोकशिक्षा दिनेजस्ता विविध उद्देश्य अनुरूप नै यसको प्रदर्शन गर्ने गरेको पाइन्छ । यस लोकनाटकको उद्देश्य भनेको बूढापाकाहरू बुढेसकालमा धर्मकर्ममा बढी विश्वास राख्ने गर्दछन् । जस्ले धार्मिक कार्य अन्तर्गत सप्ताह पूराण लगाएको छ उसको घरमा गएर देवीदेवताको नाम पुकारेर गीत गाउँदा मुक्ति पाइन्छ मरे पछि स्वर्ग पुगिन्छ भन्ने उद्देश्य राखेर नाचगान गर्ने गरेको पाइन्छ । आफूले धार्मिक कार्य गर्न नसके पनि अरूले लगाएको धार्मिक कार्यमा एक रात नाचेर धर्म कमाइन्छ भन्ने ध्येयले पनि उनीहरु यो लोकनाटक देखाउन उत्सुक भएको पाइन्छ ।

## ४.१४ पाङ्दुरेको उठान र वैठान

पाङ्दुरे लोकनाटकलाई फिनाम गाविसमा पनि गाउने गरेको पाइन्छ । यसमा आदि, मध्य र अन्त्यको क्रमिकता रहेको हुन्छ । पुरुषले माहिलाको वेशभूषामा नाच्ने भएकाले यस नाचलाई पनि मारुनी नाच भन्ने गरिएको पाइन्छ । यस नृत्यमा पुरुष पात्रले नारीको अभिनयात्मक भूमिका निर्वाह गरेको पाइन्छ । यस नृत्यको सुरुमा मङ्गलगान गर्दछन् । तान्त्रिक विधिबाट गुरुले कुनै पनि किसिमको बिध्नबाधा नआओस् भन्नका लागि मङ्गलगानमा देवी देवताको नाम पुकारेर नाच सुरु गर्ने गरेको पाइन्छ । जसले गर्दा सरस्वती आउँछ । सरस्वती आए पछि देवी प्रकट भएको मानेर ठोकन हानी कम्प हटाउने गरेको पाइन्छ । त्यसपछि यसका विभिन्न चरणको थालनी गर्दछन् । नाचलाई अन्त्य गर्ने बेलामा विदाईको गीत गाउँछन् । नृत्य अन्त्य गर्ने बेलामा बिरहनीको गीत गाउने गरेको पाइन्छ । यो नृत्य साउने संक्रान्तिबाट थालनी गरेर चण्डीपूर्णिमामा अन्त्य गर्दछन् । किनकी असारमा कामको थालनी गर्नुपर्ने हुन्छ । खेतीपातीको कार्य सकिएपछि संक्रान्तिवाट फेरि थालनी गरिन्छ । यसको सम्पूर्ण जिम्मा गुरुको हातमा रहेको हुन्छ । सवै गर्राहरूले गुरुको आदेश मानेका हुन्छन् ।

### ४.१४.१ प्रथम चरण (सखी बाँध्ने )

यहाँ प्रचलित पाङ्दुरे लोकनाटक समूहमा नाच्ने गरेको पाइन्छ । समूहमा नाच्दा गाउँदा चोटपटक नलागोस् भन्ने ध्येयले चामल र फूल फुक्दै नाचगान गरिने स्थान वरपर गर्रा सबैलाई छर्ने चलन पाइन्छ । देवी देवताको मन्दिरमा नृत्य सञ्चालन गरिएको छ भने त्यहीको फूल अक्षताले छर्केर नाच्ने गाउने गरेको पाइन्छ । यसमा सबभन्दा पहिले गुरु गोरखनाथ बज्रभैरवलाई पुकार्ने चलन छ । त्यसपछि अन्यत्रका नाग नागेनी देवी

देवता थानीमानी खोलानाला हुँदै आफूले जानेजति टाढा-टाढासम्मका देवी देवताको नाम पुकार्ने गर्दछन् । शुभकार्यमा देवी देवताको नाम पुकारेमा ईच्छा सिद्धि हुन्छ, मनोकांक्षा पूरा हुन्छ भन्ने कुरामा विश्वास रहेको पाइन्छ । सुरुमा सखी मार्ने काम गर्दछन् । सखी मार्ने भनेको सरस्वती जगाउनु हो । सखी जगाउँदा सरस्वती आउँछ । सरस्वती आउँदा चोखो मानिसलाई कम्प दिन्छ । कम्प दिए पछि नृत्य सफल भएको मानेर अनि वल्ल मध्ये चरणको कार्य थालनी गरेको पाइन्छ ।

सखि बाँध्ने गीत
ह ..उपल्लोकोटको बज्रभैरव देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
गोरुखाको कालीका माता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

## ४.१४.२ मध्ये चरण

यस गाविस क्षेत्रमा प्रचलित पाङ्दुरेमा प्रथम चरणको कार्य पूरा गरेपछि मध्येचरणमा प्रवेश गरेको पाइन्छ । प्रथम चरण कार्यपछि दर्शकको चाहना अनुसार रामचरित्र र कृष्णचरित्रको कथावस्तुमा आधारित गीत गाउँछन् । रामचरित्रमा राम, लक्ष्मण, सीता र हनुमानको जीवनगाथामा आधारित गीत गाउँछन् । रामायणमा पनि मुख्यतः रामको जन्म, विवाह, वनगमन र सिकारखण्डमा आधारित गीत बढी गाउने गर्दछन् । यसै गीतलाई आधार मानेर उनीहरूले सिकार खण्ड, विवाह खण्ड र वनवास खण्ड भनेर विभाजन गरेको पाइन्छ ।

यो नाच तीन चार दिनसम्म पनि नाच्ने र गाउने गरिएको पाइन्छ । रामचरित्रको कुराहरू स्थानीय जनजिब्रोमा हलुकासाथ भिजेकाले मञ्चनमा समेत सरलता र सवैलाई भरपुर मनोरञ्जन प्रदान गर्न सक्ने भएकोले यसको लोकप्रियता बढी नै पाइन्छ । प्रायशः नेपालीहरू हिन्दु धर्म मान्ने भएकोले पनि रामचरित्रको बारेमा सवैलाई थाहा छ । जुन कुराको रहस्य वुझ्न सकिन्छ त्यो लोकप्रिय हुन्छ । जसलाई विभिन्न खण्डमा विभाजन गरी प्रस्तुत गरिएको छ । खास रामायण सात काण्डमा पाइन्छ तर यसमा गीत भने आफ्नै पाराले विभिन्न खण्डमा विभाजन गरेर भन्ने चलन पाइन्छ ।

### ४.१४.२.१ विवाह खण्ड

यस चरणको विभिन्न खण्डहरू मध्ये विवाहखण्ड पनि एक हो । यस विवाह खण्डमा राम र सीताको विवाहको बारेमा गीतगाउने गरेको पाइन्छ । यस खण्डमा राम चौध वर्ष वनवास जानुभन्दा अगाडिको घटनालाई प्रस्तुत गरिएको छ । विश्वामित्र ऋषिले गरेको यज्ञमा सुवाहु र मारिच नामक राक्षसले दुःख दिएको हुनाले उक्त यज्ञ सफल पार्न राजा दशरथसँग रामलाई माग्दछन् र लिएर जान्छन् । उनको यज्ञ सफल भए पछि

मिथिला घुम्न जान्छन् । सोही बेला जनकपुरका राजा जनकले आफ्नी छोरी सीताको स्वंयवरको कार्य थालनी गरेका हुन्छन् । उक्त स्वयम्वरमा शिवधनु उचाल्न सक्ने राजकुमारलाई मात्र राजाले छोरी सीताको विवाह गराउने कबोल गरेका हुन्छन् । तर कसैले शिवधनु उचाल्न सक्दैनन् । राजा जनक निराशः हुन्छन् । धनु उचाल्न विश्वामित्र ऋषिले राजकुमार रामलाई अनुरोध गर्दछन् । रामले धनु सजिलै उचालेर ताँदो चढाउन खोज्दछन् धनु भाँचिएर दुई टुक्रा हुन्छ र भाँचिएको धनु छ कोश पर फालिदिन्छन् । राजा जनक खुसी हुँदै आफ्नी छोरी सीताको विवाह रामसँग गरिदिन्छन् । यसै कथालाई आधार मानेर गाएको गीत विवाह खण्डमा आधारित गीत भनेर नामकरण गरेको पाइन्छ । यस खण्डमा बढीमात्रमा राम र सीताको विवाहको बारेमा गाउने गरेको पाइन्छ ।

मार्ग्नै आयो रेखी
मार्ग्नै आयो
हो ..हो तिम्री छोरी जनुकालाई
मार्ग्नै आयो

दिनै पऱ्यो रेखी
दिनै पऱ्यो
हो ..हो तिम्री छोरी जनुकालाई
दिनै पऱ्यो
हेरी देऊन वरमाण
रेखी विवाहको लगन
शुभाई जुराईकन
हेरी देऊन

### ४.१४.२.२ सिकार खण्ड

यस गाविस क्षेत्रमा गाउने पाङ्दुरेको विभिन्न खण्डहरूमध्ये सिकार खण्ड पनि एक खण्ड हो । यस खण्डमा उनीहरूले अयोध्यायको राजा दशरथ वनमा सिकार खेल्न गएको बेला भएका घटनाहरूलाई आधार मानेर गीत गाउने गरेको पाइन्छ । यस खण्डमा ढटुवारे पात्रले पनि अभिनय गरेको पाइन्छ । अयोध्यायको राजा दशरथ सिकार खेल्न साह्रै सौखिन थिए । उनी शिकार खेल्न सधैं वनमा जान्थे । एक दिन श्रवण कुमार आफ्ना बाबु-आमालाई काशी तीर्थव्रत गर्न लैजाँदा बाटामा बाबु आमालाई तिर्खा लागेछ र उनी पानी लिन वनको माँझमा पुगेर हेर्दा पोखरी देखेर भाँडो पानीमा डुबाउँदा ठूलो आवाज आएछ । त्यतिवेला राजा दशरथ त्यही पुगेछन् । मृगको आवाज लागेर दशरथले वाण छाडेछन् । मृग कराउन छोड्यो भनेर राजा दशरथ पोखरीमा हेर्न जाँदा आफ्नै भाञ्जा लडिरहेको देखेर पश्चातापमा परेछन् । श्रवण कुमारको बाबु आमालाई दशरथले पानी लगिदिँदा पानी पनि नखाई चिन्ताले मरेछन् । यिनै विषय वस्तुलाई समटेर गीत गाउने गरेको पाइन्छ । सिकारसँग सम्बन्धित कथावस्तु भएकाले सिकार खण्डमा विभाजन गर्ने गरेको पाइन्छ । उनीहरूले उक्त खण्डमा गाउने गीत यस प्रकार पाइन्छ ।

सिकारैमा जाम दाजै
सिकारैमा जाम
ए दाजै मधुवन
सिकारैमा जाम
मारिदिए हरेनी
दाजै रामैज्यु गैडुङ्ग भालाले
हो ...गुहेलीको पातैमा टिपी
हो ...हरेनीको पकुवा लगाई
सकल रनवन डुलीसके दाजै
पानीको पाएन उपाए
उपरडाली चढी हेरन दाजै
पानीको पाउला उपाए

### ४.१४.२.३ वनवास खण्ड

पाङ्दुरेको विभिन्न खण्डहरूमध्ये वनवास खण्ड पनि गाउने गरेको पाइन्छ । फिनाम गाविसका मानिसहरूले वनवास खण्डमा राजा दशरथका छोरा राम र लक्ष्मण चौध वर्ष वनवास जाँदाका घटनालाई लिएर गीत गाउने गरेको पाइन्छ ।यस खण्डमा यस प्रकारको कथानकलाई आधार मानेर गीत गाउने गरेको पाइन्छ । अयोध्यायको राजा दशरथको तीनवटी रानीहरू थिए । कुनै रानीको पनि सन्तान थिएन । राजा दशरथले सन्तानको लागि यज्ञ लगाए । उक्त यज्ञबाट पायस उत्पन्न भयो । तीनवटै रानीहरूले पायस बाँडेर खाए । त्यसैको कारणबाट तीनै रानी गर्भवती भए । राम, भरत, लक्ष्मण र शत्रुघन नामका चार भाइ सन्तान भए । राजा दशरथको अन्त्यपछि जेष्ठ सुपुत्र रामले राजकाज पाउनु पर्ने थियो । तर कान्छी रानी कैकेयीले राजा दशरथलाई अघिनै दुईवटा वाचा बाँध्न लगाएकी थिईन । राजाले रामलाई राजतिलक दिने बेलामा कैकेयीले अघिको दुईवटा वाचा मुताविक काम गर्न राजालाई दबाब दिईन । उनले पहिलो बाचामा भरतलाई राजतिलक र दोस्रो बाचामा रामलाई चौध वर्ष वनवास भनेर जिद्दि गरे पछि राजाले बाध्य भएर पालना गर्नु पऱ्यो । राजाले स्त्रीको वशमा परेर नियम विपरित भरतलाई राज्य दिए । रामलाई चौध-वर्ष वनवास को घोषणा गरे । यसै घटनालाई आधार मानेर गाएको गीतलाई पाङ्दुरेको वनवास खण्डमा आधारित गीत नामकरण गरेको पाइन्छ । यस खण्डमा उनीहरूले गाउने गीत यस प्रकारको पाइन्छ ।

कैकेयी रानीको हो ख्यालले गर्दा
जानै परो हो.. हो वनिवास
अगि अगि रामज्यू पछि लक्ष्मण
वीचैमा सीता माई
हातैमा धनुवाण काँधैमा ठोकर
सीता साथमा लागे वनिवास
जाम दाजै हो वनिवास

भाइलक्ष्मण जानै पऱ्यो हो...हो वनिवास

### ४.१४.२.४ ख्याली

यस क्षेत्रको पाङ्दुरेमा गाइने विभिन्न गीतमध्ये ख्याली पनि गाउने गरेको पाइन्छ । यस पाङ्दुरेमा वनवास खण्ड, विवाह खण्ड र सिकार खण्ड गाए पछि रमाइलो गर्नको लागि ख्याली गाउने गर्दछन् । यस ख्याली चुड्का र झ्याउरे शैलीमा गाउने गरेको पाइन्छ । ख्याली भनेको साधरण बोलचाल र व्यवहारमा हाँसखेल, ख्यालठट्टानै ख्याली हो । ख्यालीमा हाँसीमजाक आमोदप्रमोद ख्यालठट्टा आदिसँग सम्वद्ध रहेर मनोरञ्जनपूर्ण तवरले गीत गाउने गरेको पाइन्छ । यस क्षेत्रका मानिसले ख्यालीमा आङ्गिक, वाचिक र आहार्य अभिनयलाई प्राथमिकता दिएर मनोरञ्जन पूर्ण तवरले गाएको पाइन्छ ।

नाचनीले दिएको आशिष
हो ..है यसै घरमा वडिया होईजाओस्
हो..हो नाचनीले दिएको आशिष
सुनको छानो होईजाओस्
नाचनीले दिएको आशिष
गोठैभरि गाई भैसी होई जाओस्

### ४.१५.३ अन्तिम चरण

फिनाम गाविसका मानिसहरूले सिकार खण्ड, वनवास खण्ड, विवाह खण्ड र ख्याली गाए पछि रात सकिएर उज्यालो हुने वेलातिर घरको मानिससँग विदा माग्दा यस्तो गीत गाउने गरेको पाइन्छ ।

घामइ झुलक्यो
दाजै घामै झुलक्यो
हो..हो मारुनीको माझैमा
फूलै लरक्यो
विदा देउ सिदा देउ हाम्लाई
जान्छौ हामी हरर भएर

यसरी गीत गाउँदै गए पछि घरका मानिसले बिदा माग्ने बेला भएछ भनी नाङ्गलामा धान, टपरीमा चामल, पैसा, फूल, अक्षता र दियोमा बत्ती राखेर आँगनमा निकाल्दछन् । गुरुले गीत गाउँदै घरका मानिसलाई आशिष दिने काम गरेको पाइन्छ । सुरुमा सखी मारे पछि बिहानी पख विरहनीको गीत गाएर देवीदेवता पुकार्दै विदा माग्ने गरेको पाइन्छ । त्यसपछि यस्तो प्रकारको गीत गाएर बत्तीमा पूजा गर्दै हातमा नाङ्लो राखेर घुम्दै नाचेको पाइन्छ ।

सुनै बत्ती हातैमा लिएर
नाच्नु होला आशिषै दिएर
सुन बत्ती भूमिमा राखेर
दुवै हातले नमस्कार गरेर

# परिच्छेद पाँचौ
# लोकनाटकहरूको विश्लेषण

## ५.१ पृष्ठभूमि

सोरठी र पाङ्दुरे लोकनाटकलाई फिनाम गाविसमा गाउने गरेको पाइन्छ । यस क्षेत्रको वडा नं. ६ पन्थेस्वाँरामा पाङदुरे र वडा नं. ८ मा सोरठी लोकनाटक गाउने गरेको पाइन्छ । यहाँ यस लोकनाटकलाई मेला, उत्सव, पर्व, दिवसजस्ता कार्यहरूमा नचाउने गरेको पाइन्छ । यहाँ पाङ्दुरेको कथानक भने रामायणमा आधारित रहेको पाइन्छ । यहाँका मानिसहरू रामायणको कहानी बढी रूचाउँछन् । सोरठी वडा नं. ८ मा गाउने गरेको पाइन्छ तर उनीहरू सोरठी रानीको कथामा आधारित गीत कम मात्रमा गाउने भएकोले रामायणको कथालाई मिसाएर सोरठी गाउने गरेको पाइन्छ । यस दुवै क्षेत्रमा पुरुषले महिलाको भेषमा नाच्ने गाउने गर्ने भएकोले सोरठी र पाङ्दुरेलाई  मारुनी नाच भन्ने गरेको पाइन्छ । यहाँका गुरुङ, मगर, कुवँर, आले, घर्ती, खनखवास आदि जातिका मानिसहरूमा सोरठी र पाङ्दुरे प्रचलित रहेको पाइन्छ । यो नाच नाच्न केटाहरूले त्यत्ति रूची देखाएको पाईदैन । बुढाहरूले नै यस नाचमा चासो देखाएको पाइयो । नाचगान गर्नको लागि उमेरले छेक्दो रहेनछ भन्ने कुरा यस लोकनाटकबाट प्रष्ट हुन्छ । यस नाच देखाउँदा बुढा भए पनि कत्ति पनि लजाउँदैनन् ।

## ५.२. सोरठी लोकनाटकको मूलपाठ

सोरठी लोकनाटकका गीतहरूलाई फिनाम गाविसका मानिसहरूले चरणबद्ध रुपमा निम्नानुसार गाउने गरेको पाइन्छ । गीतहरूलाई चरण चरणमा बिभाजन गरी तल प्रस्तुत गरिएको छ ।

### ५.२.१. प्रथम चरणमा (सखी जगाउने गीत)

पहिलेमा समभ्कुम्ला
पहिले समभ्कुम्ला
गुरुजी हामरो छ
सरमा सती माहधले हो सखि
तिरीपया समरथ माहधले
हहँ हुई पछि समभ्कुम्ला
हुई पछि समभ्कुम्ला
धरती मातालाई
ह सरमा सती माहाधले हो
हो सखी तिरीपया समरथ माहाधले
हहँ हुई पछि समभ्कुम्ला
हुई पछि समभ्कुम्ला
चन्द्रमा सुरजेलाई
हाई सरमा सति माह

सखी तिरीपया समरस माहधले
हई गावैई केरो थानी भुवानी
गावै केरोथानी भुवानी
सेवा है हमारो है
सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
गावै केरे जलकन्या देवी
गावै केरेजलकन्या देवी
सेवा है हमारो
सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
ह गावै केरे भगबती
गावै केरे भगबती
सेवा है हमारो
हई सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
गावै केरे नाग नागेनी
गावै केरे नाग नागेनी
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
है पदेलै थोकको बिन्ध्यवासिनी
पदेलै थोकको बिन्ध्यवासिनी
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
ह गोरीखैको गोरखकाली
ह गोरीखैको गोरखकाली
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले
ह  गोरीखैको पशुपति
ह  गोरीखैको पशुपति
सेवा है हमारो
है सरमा सति महाधले हो
सखि तिरीपया समरस माहधल

ह उपल्लोकोटको बजर भैरब
उपल्लोकोटको बजर भैरब
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले

गोरीखैको महादेव
गोरीखैको महादेव
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले

ह मैदानैको कालीका माई
मैदानैको कालीका माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

ह रानी वनको सरमा सति
रानी वनको सरमा सति
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह रानी वनको गोरखनाथ
रानी वनको गोरखनाथ
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

ह नामरुङैको नामरुङे माई
ह नामरुङैको नामरुङे माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह अन्नपूर्ण अकला माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

ह है छिम्केस्वरी बकेस्वरी
ह छिम्केस्वरी बकेस्वरी

सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह पश्चिमैको छाव्दी बरै
पश्चिमैको छाव्दी बरै
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह है मनकामनाको मनकामना माई
मनकामना को मनकामना माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

ह है घैरुङकै हिमाला देवी
घैरुङकै हिमाला देवी
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हा
ह है अस्राङको असराडी माई
अस्राङको असराडी माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह है सलेनीको सलेनी माई
सलेनीको सलेनी माई
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह है नुवाकोटकी भैरवी देवी
नुवाकोटकी भैरवी देवी
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह है नेपालकै दखिनै काली
नेपालकै दखिनै काली
सेवा है हमारो
है सरमा सति माहधले हो

सखि तिरीपया समरस माहधले हो
ह है नेपालकै काला भैरव
नेपालकै काला भैरव
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

ह है नेपालको हनुमन
नेपालको हनुमन
सेवा है हमारो
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह  है  नेपालकै पशुपति
नेपालकै पशुपति
सेवा है हमारो
है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
ह है नेपालैको शिम्भु बउध
नेपालैको शिम्भु बउध
सेवा है हमारो
ह  है सरमा सति माहधले हो
सखि तिरीपया  समरस माहधले हो

ह है नेपालैको सरमा सति
नेपालैको सरमा सति
सेवा है हमारो
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
(ह है आकाशै बाधुम पातालै बाधुम)२
बाधुमला चारै सुर
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
(ह .है बाधुम पश्चिमै बाधुम)२
बाधुमला चारै सुर
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

(ह..है उत्तरै बाधुम दखिनै बाधुम )२

बाधुमला चारै सुर
ह है सरमा सति माधले हो
सखि तिरीपया समरस माधले हो
(ह..है झोलियै बाधुम म्रितुङ्गा बाधुम)२
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
(ह..है भारतै बाधुम मारुनै बाधुम)२
बाधुमला गर्रा भाइ
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
(ह..है एकतेली वाचा दुई तेली वाचा)२
बाचै बाचा पो बाधुमला
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो
(ह..है दुई तेली बाचा तिन तेली बाचा )२
बाचै बाचा पो बाधुमला
ह है सरमा सति माहधले हो
सखि तिरीपया समरस माहधले हो

(स्रोतः लाल बहादुर आले)

## ५.२.२ मध्ये चरण

यस फिनाम गाविस क्षेत्रभित्र पाइने सोरठी लोकनाटकको प्रथम चरणमा सखी बाँध्ने काम गरेपछि मध्येचरणमा मारुनी चरित्र, मारुनी सोरठी र मारुनी ख्यालीको गीत गाएर नाच्ने र गाउने गरेको पाइन्छ । यस मध्ये चरणमा गाउने गीतहरू यस प्रकारको पाइन्छ ।

### ५.२.२.१ मारुनी चरित्र

यस मध्ये चरणमा यहाँका मानिसहरू गीत गाउँदा मारुनी चरित्रको गीत गाउने गरेको पाइन्छ । उक्त गीतमा उनीहरूले अन्धा अन्धीको, राम र सीताको बारेमा गीत गाउने गरेको पाइन्छ । यस खण्डमा रामायणको कथावस्तुलाई आधार मानेर गीत गाउने गरेको पाइन्छ ।

तमु देवी हो सरमा सती
तमु देवी हो सरमा सती
हाई सर नही तुमार
पैलेको धरती माता उत्पन्न भयो हो धरती
चरण (पैलेको धरती माता
(दोसरी उत्पन्न हो धरती ) २

उही बीच विचारी वनमा
तलायो पोखरी खनायो बीच वनमा
चरण हो मटिया जो हो खनिया खनी
सुनै मुरती गडायो

काशी पुरेउ वालै काशी पुरेउ
हामी अन्धा अन्धीलाई काशी पुरेउ
अकेला हो सरिवनले
कैसेमा गरी काशी पुरेउ
अकेला हो सरिवनले
कैसेमा गरी काशी पुरेउ

हा लैजारे वालै काशीपुर
तिरीथैमा तिरीथै नुहाउन हा
चरण घरै त रिसानी कैसेमा
गरी हामु ठहरैला हा

खाव खीर खाव खिर
आओ मेरो वावा माई खाओ खिर
चरण सदाको खाओ खिर के यति अमिलो
आजको खाओ खिर के यति गुलियो

सदाको खाओ खिर मोहीको होला
आजको खाओ खिर दुधैको होला
खाओ मेरो वावा माई खाओ खिर

पानीको लाग्यो प्यास मेरो वालै
पानीको लाग्यो प्यास
चरण पातलै राखुम भनी सिंहले खाला
आकाशै राखुम भनी जटायु पन्छीले खाला

पहाड जो हो खोपी र वनाइ
अन्धा अन्धीलाई राखन
चरण वालै मेरो हो पानी भरन पो जावैला
हातैमा तुमी सरिवानले लियो
पानी भर्नलाई
चरण वाले मेरो सरीवन पानी भरन पो जावैला
मेरी वालै सरिवन कहाँ गयौ हो
हामु अन्धा अन्धीको कौनै गति हो
चरण घरै रह्यो घरै घटेनी
वनै रह्यो वनै हरेनी

पुत्रको स्वोगले धुरुधुरु रोई विन पुत्र
वालै किछुना सुहाई

चरण कि त खायो वनको सिंहले
कि त मारयो दशरथले
दशरथ राजाले पानी ल्याई पो दियो
दशरथराजाले

चरण खाओ मेरो वावा माई
सारै ज्युको जले र पानी
सरिवनको वोली र गरी
वोलन पो लाग्यो दशरथ
सारै ज्युको जलै र पानी हामु नही खावैला

हामरे वालै हो होईन तिमी
भानिज मार्ने पापी

चरण पैलेको पानी भरदा सालैजा केही भएन
दोसरी पानी भरदा शब्द केही आएन
तेसरी पानी भरदा शब्द केही भयो
एक वान छोडी पो दियो मैले
राम राम भानिजलाइ नै लाग्यो
वानै लाग्यो वानै वानै लाग्यो
राम राम भानिजलाई वानै लाग्यो

एको सराप देउ मेरी दिदै
सराप देउन मलाई
के को सराप दिऊ मेरो भाइ
के को सराप दिऊ

चरण एक काँध अन्धा, एक काँध अन्धी
माझै सरीवन तिनै जना काशीपुर
उही दिउला सराप

हा स्वहीर वाण
नदी माहिर वगा वैला है

चरण स्वहीर वान नदीया वहायो
कैसे लागेला वान

स्वहीर वान मछेडीले खायो
स्वहीर वान

चरण जालै खेल्ने जलहरी दाजु
सुनै सहर माछै पो पायौ की

मल्लहरले मछेडीको व्यापार गरेनी हा
चरण सुनै कतले सहरै माछा
राजै दरिवार सुहाउला हा

स्वहीर माछा दशरथले लियो
हुइ लागौला वान
चरण भित्रीको आलै र मालै
हातै हाली फैकि पो दियो दशरथ
मरनु भयो वालै मरनु भयो
अ ओलीको पिरले मरनु भयो
चरण पैलेको परहर कौंशिलाको सेज
दोसरी परहर स्वमित्रको सेज

वैदे वोलाई लेउ वालै
वैदे वोलाउ लेउ
जाउन वालाई रामज्यु वैद्य वोलाइलेउ
नजाउन वालै नजाउन वालै
देही भयो सितालु नजाउन वालै
भरतलाई देउन रजाई लेखी
प्रभुजी भरतलै देउन रझयई

चरण एकै र तेली दुवै र तेली
तिनै र तेली बाचा पो वाधेऔ
भरत र चतुरलाई रजाइ र कजाई
रामै र लछुमनलाई वनिवास
लेखी पो दियो दशरथले

मलाइ विधा देऊ मेरी माई
जानै पऱ्यो वनिवास...हा
चरण माई मेरी कौशिला सोमित्रा
रोई मुरी छैन पऱ्यो नी... हा
गारै होला दाजैइ गारै होला
भाइलाइ बुझाउन गारै होला
चरण हा...दशै महिना गरिभ भै रह्यो
दशै धारा दुध पियो माईको

हा..कोनै हो र चली जाम दाजेई
हो...वनिवास
उत्तरै जाम भनी हिमलै लागेला ताप
हा कौनै दिशा जाम दाजेइ हो वनिवास

भरत दिशा जाम  भाइ हो वनिवास
चरण अजुध्देको रूपै र पातै ढल्कन लाग्यो
हो तकरी वोलाउ रानी तकरी वोलाउ
आफै र स्वोमीलाई तकरी वोलाउ
चरण ह उठीमा उठी केशमा केलाउ
उठीमा उठी नगली केलाउ
उठीमा उठी गोडीयाले गोडीया धुलाऊ

रयो अजुध्दे वसेव अजुध्दे
तकरीको वचनले रह्यो अजुध्दे
सुन हो सुन न भाइ
एक विनती सुन

चरण सुनै मिरिग छालै काडी
चोलीया लाम्ला
वनैर देखी सुनै मिरीग
फूलै र वारीमा आवैला हो
चरण पातै नै खावैला टुप्पै नै खावैला
नखावैला हा
राउन्ने राजाले छलै गर्न पो आयो

सिरै हेरुम मिरिगको स्वद्धप
पाऊ हेरुम मनुष्यको स्वरूप
तुम त आवैला देवर गोसै
दाजीलाई कहाँ छाडी आयौ

चरण दाजु त भाउजु मिरिगकै पछेडा
हामु त  आवैला दरिवार रखुवाले
विभतैको रेखैर काटी
भिख नदेउ भाउजु
चरण हा अलसे पलसे जागीया आउला
जोगियालाई  भिख नदेउ भाउजु
हा...आयो जोगी आयो जोगी
चित्रकोटको दरिवारमा आयो जोगी
चरण चित्रकोटको दरिवारमा अलिख जगायो
गलै हेरुम रुद्राक्षको माला हात हेरुम झोलीया
हामु त खान्छम कन्थमुल के को भिछिया दिऊ
जे जे र खान्छौ तुमले माई सो ही भिखिया देऊ

(स्रोत लाल बहादुर आले)

### ५.२.२.२ मारुनी सोरठी

फिनाम गाविसको सोरठी लोकनाटकमा मारुनी चरित्रको गीत गाए पछि मारुनी सोरठीका गीत गाउने गरेको पाइन्छ । यहाँको मारुनी सोरठीमा रामायणको कथावस्तुलाई भन्दा सोरठी रानीको कथावस्तुलाई गाउने गरेको पाइन्छ । किनकी सोरठी रानीको बारेमा कमै मात्रामा थाहा पाएकोले गीत लामो बनाउन मारुनी चरित्र रामायणलाई आधार मानेर मारुनी सोरठीमा सोरठी रानीलाई आधार मानेर गीत गाउने गरेको पाइन्छ । मारुनी सोरठी अन्तर्गत गाउने गीत यस प्रकारको पाइन्छ ।

हा पूरीवै हेरुम पञ्चै पोखरी

किनारै हेरुम फूल र वारी

दखिनै हेरुम जलथल

किनारै हेरुम फूलवारी

उत्तर हेरुम दरीवा

किनारै हेरुम फूलवारी

किनारै हेरूम वाग वगैचा

कसको होला यो

सोरठी रानी को फूलवारी

शिर शिरै जमुना

हा  हातै लियो मरे मदुस

गलै गलै जमुना
हा हातै लियो मरे मदुस

कुम्मै कुम्मै जमुना
हा हातै लियो मरे मदुस

कम्मर  कम्मर जमुना
हातै लियो  मरे मदुस

घोडै घोडै जमुना
हातै लियो मरे मदुस
पावै पावै जमुना

हातै लियो मरे मदुस
घोडै  घोडै जमुना

घोडै  घोडै जमुना
सुनको मदुसमा वालिका हाली
जमुनामा वगाइदेऊ

कुम्मै कुम्मै जमुना
कुम्मै कुम्मै जमुना
हातै लियो मरे मदुस
सुनको मदुसमा वालिका हाली
जमुनामा वगाइदेउ

गलै गलै जमुना
गलै गलै जमुना
हातै लियो मरे मदुस
सुनैको मदुसमा वालिका हाली
जमुनामा वगाई देऊ

शिरै शिरै जमुना
शिरै शिरै जमुना
हातै लियो मरे मदुस
सुनैको मदुसमा वालिको हाली
जमुनामा वगाई देऊ

(स्रोत :लाल बहादुर आले)

### ५.२.२.३ मारुनी ख्याली

फिनाम गाविसमा गाउने सोरठीमा मारुनी ख्यालीको गीत पनि गाउने गरेको पाइन्छ । यस गीत चुड्का र झ्याउरे शैलीमा गाइन्छ । ख्याली गीतलाई बढी उत्सुक भएर यहाँका मानिसहरूले सुन्ने गरेको पाइन्छ । मारुनी ख्यालीमा गाउने गीत यस प्रकारका छन् ।

हइ मेरी बालै हो के दिनमा जनिम भयो
मेरी बालै हो के दिनमा जनिम भयो

उइ माटोको विक्षेना उइ माटोको सिरानी
माटोको विक्षेना उइ माटोको सिरानी

मेरी बालै हो के दिनमा जनिम भयो
ह ..रक्ष गर देबी बालै खेलन आयो

रक्ष गर देबी बालै खेलन आयो
ह देवीलाई पुजुम्ला भैरवी पुजुम्ला
(पुजुम्ला कालिका माई )२
रक्ष गर माई बालै खेलन आयो

(ह राम रस मुरली गकुलमा कृष्ण बजायो )२
ह रामै रामै जडेर मुरली बनायो मुरली बनायो
ह राम रस मुरली गकुलमा कृष्णले बजायो

(स्रोत लाल बहादुर आले)

### ५.२.३. अन्तिम चरण (बिदाइको बेला)

यस क्षेत्रमा गाइने सोरठीमा रातभर मारुनी चरित्र, मारुनी सोरठी र मारुनी ख्यालीको गीत गाए पछि बिहान उज्यालो हुने बेलातिर घरबेटीसँग विदा माग्ने बेलामा गाउने गीत छुट्टै प्रकारको पाइन्छ । उनीहरू बिदा हुने बेलामा यस प्रकारको गीत गाएर नाचेको पाइन्छ ।

वसिरहे मायाँ बैनैं हो
हामु त परदेशी
जाहे जान्छौ
पुरीवैको मादले
पश्चिमैको मारुनी
समय सालमा
भई रहला भेट

बसिरहे मायाँ बैनै हो
हामु त परदेशी

(स्रोतः लाल बहादुर आले)

## ५.३ सोरठी लोकनाटकको विश्लेषण

फिनाम गाविसमा प्रचलित विभिन्न लोकनाटकहरूमध्ये सोरठी पनि एक हो । यो लोकनाटक फिनाम गाविसको वडा न. ८ को लाकुरी स्वाँरामा गाइन्छ । यो नाच यस क्षेत्रमा अति प्रचलित छ । यस क्षेत्रका बुढापाका मानिसहरू यो नाच गाउन बढी रुचाउँछन् । यो नाच यस क्षेत्रका मगर, गुरुङ, आले आदि जातका मानिसहरूले नाच्न र गाउन बढी मन पराउँछन् । उनीहरूले रमाइलोभन्दा पनि देवी देवताको गुणगान गरेर नाचगान गरेमा स्वर्ग पुगिन्छ मुक्ति पाइन्छ भन्ने विश्वास रहेको पाइएकोले नै यस नाचप्रति बढी चासो रहेको पाइन्छ । केटाहरूमा देवी देवताप्रति झुकाव कम पाइन्छ । उनीहरू यस नाचप्रति त्यत्ति रुचि देखाएको पाइँदैन । यो नृत्य प्राचीन संस्कृति भएकोले यसको संरक्षण गर्न उनीहरूले प्रयास गरेको पाइन्छ । केटाहरूमा आधुनिक गीतप्रति बढी चासो रहेकोले यस नाचलाई वास्ता गरेको पाइँदैन । गीत त्यहाँका गुरु लाल बहादुर आले मगरसँग प्रत्यक्ष भेटघाट गरेर संकलन गरिएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेलले सोरठी लोकनाटक गण्डकी क्षेत्रमा प्रचलित यो लोकनाटक नेपालभरि नै फिंजिएको छ । यो नृत्य तामाङ,कुमाल,दुरा, थारु, कामी, सार्की आदि जातिमा प्रचलित छ । यो सामान्यतः चाडपर्व, बिहे, पुत्रजन्म, गृहप्रवेश, सप्ताह, पुराण, उत्सव आदि अवसरमा गाउने गरिन्छ । यो नृत्य इन्द्रजात्रादेखि वैशाख पूर्णिमासम्म प्रदर्शित गरिन्छ भन्ने कुरा बताएको पाइए पनि तर यस फिनाम

गाविसमा कामी र सार्की बसोबास गरे पनि उनीहरूले भने सोरठी गाएको पाइँदैन । अन्य सप्ताह, पुराण जस्ता अवसरमा गाउँछन् तर बिहेमा भने गाउँदैनन् । तर यो नाच साउने  संक्रान्तिबाट थालनी गरेर चण्डीपूर्णिमासम्म गाउने गरेको पाइन्छ । यी संकलित सोरठीका गीतहरूलाई लोकनाटकको विभिन्न तत्त्वहरूको आधारमा विश्लेषण गर्न उपयुक्त देखिएकोले लोकनाटकका तत्त्वहरू कथानक, पात्र, परिवेश, अभिनय र प्रस्तुतीकरण, उद्देश्य, भाषा, रङ्गमञ्च, सङ्गीत र शैलीका आधारमा विश्लेषण गरिएको छ ।

## ५.३.१ कथानक

सोरठी तनहुँ रिसिङ घिरिङका थमानसिँह आले मगर काठमाडौँमा सेनामा जागिर खाई पेन्सन भए पछि यसै गाविस फिनाम ८ का सूर्य बहादुर थापासँग यहाँ आई वसेका थिए । उनैले आफूले जानेका गीत यहाँ सिकाएर थालनी गरेका हुन् भन्ने कुरा स्थानीय दिपक चन्द्र आले मगर बताउछन् । उनले पनि पूर्णरूपमा गीत नजानेका हुँदा छोटो रूप पाइन्छ । तर सोरठी नृत्यमा जयसिङ्गे राजाको कथामा आधारित हुनु पर्ने हो । अन्यत्र भनिने सोरठीमा जयसिङ्गे राजाको पूर्ण कथा पाइन्छ भने यस क्षेत्रमा प्रचलित सोरठीमा सोरठी रानीको बगैंचा, फूलवारी, सुनको मदुस हालेर बालिका बगाएको गीतहरू अलिकति मात्र पाइन्छ । रामायणको कथावस्तु र सोरठी रानीको कथावस्तु दुवै मिसाएर भनिने भएकोले यसमा गीतको शृङ्खला मिलेको पाइँदैन ।  सोरठी रानीको कथा उनीहरूलाई सुनाउँदा यसबारे थाहा नभएको कुरा यसका गुरु लाल बहादुर आले बताउनु हुन्छ । पूर्णरूपमा जयसिङ्गे राजाको कथा भने गाउन सक्दैनन् । यस सम्बन्धी गीतलाई मारुनी सोरठीको गीत भनेर गाएको पाइन्छ ।

गीत अपूर्ण भई रातभर सोरठी गाउन असमर्थ भएकोले यहाँका अन्य बासिन्दासँग बसेर रामायणको कथावस्तुसँग आधारित गीत बनाएर सोरठी गाउने गरेको पाइन्छ । त्यस गीतलाई सोरठीको मारुनी चरित्रमा नामकरण गरेको पाइन्छ । फिनाम गाविस क्षेत्रमा प्रचलित सोरठीको मारुनी चरित्रमा गाउने गीतलाई हेर्दा श्रवण कुमारले आमा-बाबुलाई उनीहरूको चाहना अनुसार काशी तीर्थ गर्न लैजान्छन् । वाटोमा राखेर उनी पानी भर्न लाग्दा राजा दशरथले मृगको आवाजजस्तो लागेर वाण छाडिदिन्छन् । उक्त वाण श्रवणकुमारलाई लाग्छ र उनी ढल्छन् । राजा दशरथ हेर्न जाँदा भाञ्जा ढलिरहेका हुन्छन् । भाञ्जाको मृत्यु हुन्छ । राजा दशरथले श्रवण कुमारको स्वर गरेर अन्धा-अन्धीलाई  पानी खुवाउन खोज्दा पानी खान मान्दैनन् । राजा दशरथ पश्चातापमा पर्दछन् । यसै घटनालाई लिएर मारुनी चरित्रको गीत गाउने गरेको पाइन्छ ।

मारुनी चरित्रमा गाउने अर्को कथावस्तुमध्ये राम र सीताको विवाहमा आधारित घटनालाई पनि आधार मानेर गाउने गरेको पाइन्छ । रामायणमा सातकाण्ड भए पनि प्रत्येक काण्डको आधारमा सोरठी गाउने गरेको पाइँदैन । यस क्षेत्रमा विवाह खण्ड, ख्याली, सिकार खण्ड र वनवास प्रवेश विषयमा आधारित गीत गाएर नाच्ने चलन पाइन्छ । विवाह खण्डमा विश्वामित्र ऋषिले आफ्नो यज्ञमा सुवाहु र मारिच नामको  राक्षसले दुःख दिएकोले  दशरथसँग  सहयोग  माग्दछन् । रामसँग राक्षस मार्न सक्ने क्षमता छ । त्यसैले मलाई केही दिनको लागि हजुरको सुपुत्र राम मलाई दिन पर्‍यो भनेर राजा दशरथसँग माग्दछन् । राजा दशरथ छोराको उमेर कम भएकोले नसक्ने कुरा बताउँछन् तर ऋषिको

जिद्दिले लगेर यज्ञ पूर्ण भएपछि मिथिला प्रदेशतिर घुम्न निस्कन्छन् । मिथिलाको राजा जनकले छोरी सीताको विवाहको लागि भव्य समारोहको थालनी गरेका हुन्छन् । देशावरका राजकुमारहरू जम्मा हुन्छन् । राजा जनकले एउटा प्रतिज्ञा गरेका हुन्छन् । जस्ले मेरो धनुष उचाल्न सक्छ उसैसँग म  छोरी सीताको स्वयम्वर गराउँदछु । अरु सवैले प्रयास गरे तर कसैले सकेनन् । राजा जनक निराश भए । रामको शक्तिको कसैले विश्वास गरेनन्  । विश्वामित्र ऋषिको आज्ञा अनुसार उचालेर ताँदो चढाउन लाग्दा दुई टुक्रा भयो । उनले छ कोष टाढा फ्याकिदिए । सवै आश्चर्य चकित भए । राजा जनकले आफ्नी छोरी सीताको विवाह रामसँग गराईदिने निर्णय गरे । राजा दशरथले हात्ती, घोडा र जन्ती लिएर गए । रामको विवाह सीतासँग धुमधामसँग भयो । यस घटनामा आधारित भएर नाचगान गर्दछन् । यहाँ वीररस प्रधान रसको रूपमा रहेको पाइन्छ ।

अरण्यकाण्डमा रावणलाई सीता आफ्नो बनाउन मारिच नामको राक्षसलाई मृगरूप धारण गरेर राम र सीताको अगाडि देखा पर्न लगायो । सीतालाई लोभ लागेकोले रामले लखेट्दै गए । त्यसै वेला रावण भिक्षुवेषधारी सिद्ध वनेर रामाश्रममा गयो । सीतालाई छल गरेर हरण गरी लङ्का पुऱ्यायो । यस कथामा राम र सीताको वियोग भएको छ । रामले सुग्रीवसँग मित्रता कायम गरी सीतालाई फिर्ता ल्याएका छन् । यसरी राम र सीताको संयोग भएको छ । यस फिनाम गाविसको लाँकुरीस्वारामा यिनै कथानकमा आधारित भएर सोरठी लोकनाटक देखाउने गर्दछन् ।

फिनाम गाविसको लाकुरीस्वाँरामा सोरठी लोकनाटक देखाउने गरेको पाइन्छ । यस क्षेत्रको सोरठीमा सोरठी रानीको कथानक कम मात्रमा पाइन्छ । यहाँ गाउने सोरठीमा रामायणको कथावस्तु बढीमात्रमा पाइन्छ । "नेपाल र भारतमा प्रचलित लगभग दशओटा सोरठी कथाको अध्ययन गर्दा प्रायः कथामा समानता भेटिएको छ तर कतिपय घटनावलीहरू केही पृथक भेटिएका छन् । लगभग कथानक मिल्न जान्छ । यो नृत्य लगभग ४०० वर्ष पुरानो भएकोले यसको गायन र अभिव्यक्तिमा विविधता आएको हो ।"१ तर यहाँको सोरठीमा भने सोरठी रानीको कथावस्तु कम मात्रमा पाइन्छ । रामायणको विष( ायवस्तु बढी पाइन्छ । अन्यत्र भाका लयजस्ता कुरामा फरक पाइए पनि कथावस्तु प्रायशः मिन्ने देखिन्छ भने यस क्षेत्रको सोरठीको कथानक नै फरक पाइन्छ । मोतीलाल पराजुलीको मानक रूप कथामा पनि यहाँको जस्तो कथानक पाइँदैन् । सोरठी नृत्यनाटिकामा उल्लेख भएको कथासँग यहाँको कथावस्तु फरक पाइन्छ । अन्यत्र क्षेत्रतिर भनिने सोरठीमा जयसिँगे राजाको घटनालाई आधार मानेर पाइन्छ भने यस क्षेत्रको सोरठीमा जयसिँगे राजा र रामायणको कथावस्तुलाई पनि आधार मानेर गाउने गरेको पाइन्छ ।

### ५.३.२. पात्र

फिनाममा प्रचलित सोरठीलाई समूहमा नृत्य प्रस्तुत गरिने भएकोले यसमा विविध पात्रहरूले नाट्यमण्डलीमा भाग लिएको पाइन्छ । यसमा गुरु, मारुनी, भारते, मादले, ढटुवारे, गर्राजस्ता सहभागी पात्रले भाग लिएका हुन्छन् । रङ्गमञ्चीय पात्र गुरु लाल बहादुर आले, मारुनी कृष्ण बहादुर थापा र चञ्चले थापा, भारते मिन बहादुर गुरुङ, मादले दिप

१. मोतीलाल पराजुली,**सोरठी नृत्यनाटिका**, (काठमाडौँःदीक्षान्त पुस्तक प्रकाशन,२०६३) पृ.५१ ।

बहादुर आले, फत्त बहादुर आले, सन्तोष बहादुर थापा र मन बहादुर थापा, गर्रा र ढटुवारेमा कृष्ण बहादुर थापा, उद बहादुर थापा र काजी आले छन् । नगत् पात्रहरूमा जयसिङ्गे राजा, हैमती रानी, सोरठी, ज्योतिष, राम, लक्षमण, सीता, शत्रुघन, राजा दशरथ, कौशल्या, कैकेयी, सुमित्रा, राजा जनक, विश्वामित्र ऋषि, गुरु वशिष्ठ लगायतका अन्य पात्रहरूको विशेष भूमिको रहेको पाइन्छ । यस सोरठी लोकनाटकमा आख्यानगत् पात्रभन्दा पनि रङ्गमञ्चीय पात्रको विश्लेषण गरिएको छ ।

### ५.३.२.१ गुरु (मूल मादले)

फिनाम गाविसमा प्रचलित सोरठी लोकनाटकमा विशेष भूमिका निर्वाह गर्ने प्रमुख पात्र गूरु लाल बहादुर आले हुन् । उनलाई मूल मादले पनि भनिन्छ । अन्यत्र सोरठीको गुरुलाई रौरा, सखिवाल र गुरुबा पनि भन्ने गर्दछन् । तर यहाँ गुरु वा मूल मादले भन्ने गरेको पाइन्छ । यहाँको गुरुले टोपी, भोटो, कछाड, इष्टकोट, पटुका आदि पहिरन लगाएको पाइन्छ । लोकनाटकको सम्पूर्ण नेतृत्व गुरुले नै गरेको पाइन्छ । गीत थालनी गर्ने मादल बजाउने कार्य गुरुले गरेपछि मात्र गर्राले थालनी गर्नु पर्दछ । यसको सम्पूर्ण नेतृत्व उनैले गर्छन् । गाउँलेहरूबाट बोलावट हुँदा गुरुलाई नै निम्ता दिने गरेको पाइन्छ । गुरुले आफ्ना गर्राभाइहरूलाई लिएर निम्ता गरेको घरमा लैजान्छन् । उनकै नेतृत्वमा नाचगान सञ्चालन गर्दछन् । विहानीपख घरबेटीसँग विदा लिएर आआफ्नो घरमा जाने गर्छन् । नाचमा रमाइलो गर्नको लागि उनीहरू पहल गरिरहेको पाइन्छ । यस क्षेत्रको सोरठीमा पूजा अनुष्ठान गर्ने, बन्धन बाँध्ने र सोरठीलाई नचाइ सेलाउने काम गुरु द्वारा गराइएको पाइन्छ । अन्यत्र गुरु पछिको गुह्या (प्रमुख सहायक) पात्र हुन्छन् तर त्यस्तो पात्र यस फिनाम गाविसको सोरठीमा भने पाइँदैन ।

### ५.३.२.२ मारुनी

फिनामको लाकुरीस्वाँरामा प्रचलित सोरठीमा गुरुपछि अर्का प्रमुख पात्र मारुनी पाइन्छ । मारुनीले पनि नृत्यमा रमाइलो गर्ने कार्य गरेको पाइन्छ । मारुनीले महिलाको भेषमा नाच्ने भएकोले दर्शकलाई हसाउँने कार्य गरेको पाइन्छ । पुरुषले महिलाको भेषमा नाच्ने भएकोले दर्शक महिलाले सवभन्दा वढी चासो दिएर मारुनीलाई नै हेर्ने गरेको पाइन्छ । उसको लवाइ महिलाको जस्तो हुन्छ । हाल यस सोरठीको मारुनीमा कृष्ण बहादुर थापा र चञ्चले थापाले भूमिका निर्वाह गरेको पाइन्छ । यस क्षेत्रमा मारुनीलाई महिलाको भेषमा नाच्नु पर्ने भएकोले उसलाई चोलो, घाँघर, पोते, सेतो रातो दोकादे पटुका, पगरी र पछ्यौराले सिँगारेर नचाउने गर्दछन् । मारुनीले दुवै हातमा रुमाल लिएर नाच्ने गर्दछन् । मारुनीले यस नृत्यमा कल्ली, सिरबन्दी, बाला, जन्तर, सिक्रीजस्ता गहना लगाएको पाइन्छ । यस क्षेत्रमा मारुनी दुई जनामात्र हुन्छन् । मारुनीले हैमती रानी र सोरठीको भूमिका निर्वाह गर्ने भएकोले मारुनी दुई जना बनाउने गरेको पाइन्छ । अन्यत्र प्रचलन अनुसार मारुनी थपेको पनि पाइन्छ तर यहाँ मारुनी दुई जनामात्र नचाउने गर्दछन् । कपडा र गरगहनामा भने प्रायशः एकनासको नै पाइन्छ । मारुनीले मारुनी चरित्र, मारुनी ख्याली र मारुनी सोरठीको गीतमा एउटै पहिरनले नाच्ने गरेको पाइन्छ । मारुनी बढीमात्रमा हसिलो तवरले नाचेको पाइन्छ ।

### ५.३.२.३ भारते

यस सोरठीमा नृत्य गर्ने अर्को पात्र भारते हुन्छ । भारते भनेको मारुनीसँग पुरुष भएर नाच्ने पात्र हो । यसले पुरुष पात्रको भूमिका निर्वाह गरेको पाइन्छ । यस क्षेत्रको सोरठीमा भारते भएर मिन बहादुर गुरुङले अभिनय गर्ने गरेको पाइन्छ । भारतेले सेतो फेटा, सेतो कछाड, जामा, इष्टकोट र सेतो फेताको पगरी पहिरिएर नृत्य प्रस्तुत गरेको पाइन्छ । यसले गीतको भाव अनुसार नृत्य गरेर दर्शकलाई मनोरञ्जन दिने काम गर्दछ । उसको पनि यस सोरठी नृत्यमा त्यत्तिकै भूमिका रहेको हुन्छ । उसले केटाको अभिनय गर्दछ । यस सोरठीमा जयसिङ्गे राजाको कथा आउने भएकोले भारतले जयसिङ्गे राजाको अभिनय गरेको पाइन्छ । भारतेले मारुनीलाई साथमा लिएर नाचगान गरेको हुन्छ । मारुनीसँग नाच्ने पात्रलाई यहाँ भारते भन्दछन् भने अन्यत्र पुर्सुङ्गे पनि भनेको पाइन्छ ।

### ५.३.२.४ मादले

यस क्षेत्रको सोरठीमा गुरुलाई सहयोग गर्ने अर्का पात्र मादले हुन्छ । उसले गुरुको मादल तालमा ताल थपेर बजाउँने गरेका हुन्छन् । हाल यस क्षेत्रको सोरठीमा मादले दिप बहादुर आले, फत्त बहादुर आले, सन्तोष बहादुर थापा र मन बहादुर थापा पाइन्छ । उनीहरू गीतको ताल र भाव अनुसार फन्को मार्दै मादल बजाएर गुरुलाई साथ दिने काम गरेको पाइन्छ । यसको वेशभूषामा स्थानीय प्रकृतिको पाइने हुनाले पनि प्रायशः एकै प्रकारको नै पाइन्छ । यस क्षेत्रको सोरठीमा मादलेले चार किसिमको तालमा मादल बजाउने गरेको पाइन्छ । मादलेले गर्रा बाध्ने ताल, ठकन हान्ने ताल, लमी ताल र छोटी तालजस्ता चार तालमा मादल बजाएको पाइन्छ । लमी ताल ढिलो बजाउँछन्  भने छोटी ताल छिटो गतिमा बजाउने गरेको पाइन्छ । यहाँको सोरठीमा छोटी ताल ख्यालीमा बजाउँने गर्दछन् । यी विभिन्न तालमा मादल बजाउन मादले बाहेक कसैले सक्दैनन् । मादल बजाउन सिक्नु पर्ने हुन्छ । सोरठीको उठान लमी तालबाट गरेर फर्काउने काम छोटी तालबाट गर्दछन् । यस क्षेत्रको मादलेको भनाइ अनुसार गर्रा बाँध्ने तालमा सखी गीत गाउँछन् । यसमा ६ मात्रा प्रयोग गर्दछन् । ताल फिराउँदा ६ देखि २४ मात्रासम्मको ताल प्रयोग गर्दछन् । ठकन हान्ने तालमा सरस्वती जगाउँने गर्दछन् । यसमा ४/४ मात्रामा अडान गर्ने गर्दछन् । १६ मात्राको ताल प्रयोग गर्दछन् । लमी तालमा १४ मात्रा र ताल दिँदा २८ मात्राको एक ताल दिन्छन् । छोटी तालमा ४/४ मात्रामा अडान हुने ८ मात्राको ताल दिएर यहाँको सोरठीमा नाच गान गरेको पाइन्छ ।

### ५.३.२.५ ढटुवारे

यहाँ प्रचलित पाङ्दुरेमा अर्का पात्र ढटुवारे हुन्छन् । गर्राहरू मध्येबाट एक जनाले ढटुवारेको भूमिका निर्वाह गरेको पाइन्छ । यसले जोकरको काम पनि गरेको हुन्छ । अन्यत्र यसलाई हवल्दार, मोखऱ्या, ढाटुवारे, लवरपाँडे भन्ने गरेको पाइन्छ तर यहाँ ढटुवारे वा जोकर भन्ने गरेको पाइन्छ । उसको कार्य भनेको स्वाँग पारेर दर्शकलाई हँसाउनु हो । उसले बीच बीचमा प्रहसन गरेर हसाउँने समय कटाउने काम गरेको पाइन्छ । उसले वेशभूषाबाट पनि हँसाउने गर्दछ । उसको वेशभूषा भोटो, कछाड, बिर्के टोपी, इष्टकोट,

हास्यमूलक मुखाकृति मकुण्डो लगाएको हुन्छ । च्यातिएको लुगा, एक खुट्टामा जुत्ता अर्को खुट्टामा चप्पल, खोयाको माला, कम्मरमा फलफुल बाधेर झुण्ड्याएको पाइन्छ । नक्कली वोली निकालेर नचिनिने पाराले वोलेको पाइन्छ । ढटुवारेले विभिन्न अभिनय गरेर दर्शकलाई हसाउँनु उसको प्रमुख विशेषता मानिएको पाइन्छ ।

### ५.३.२.६ गर्रा

फिनाम गाविसमा प्रचलित सोरठीमा गर्रा जति धेरै भयो त्यत्ति रमाइलो हुने भएकोलेगर्राहरू धेरै नै बनाएको पाइन्छ । उनीहरूले गीत गाउने काम गर्दछन् । अरु थप गर्राहरूमा जहाँ गीत गाउन गएको हुन्छ त्यहीका स्थानीय बासिन्दा गर्रा बनेको पाइन्छ । गर्रा धेरै भएमा नाच रमाइलो गीतको भाका प्रष्ट बुझिने हुन्छ । अन्यत्र यिनीहरूलाई गीदाङ्गे पनि भन्ने गरेको पाइन्छ तर यहाँ गर्रामात्र भन्ने गरेको पाइन्छ । यस सोरठीको गर्रामा रुचि हुने जो कोही पनि गर्रा हुने गरेको पाइन्छ ।

### ५.३.३. परिवेश

सोरठी लोकनाटकमा आख्यानगत् र नाट्यगत् परिवेश प्रयोग भएको पाइन्छ । नृत्य पक्ष अर्न्तगत समावेश परिवेश नाट्यगत् परिवेश र आख्यानले ओगटेको परिवेश आख्यानगत परिवेश अन्तर्गत पर्दछ । यस फिनाम गाविसको सोरठीमा आख्यागत् परिवेश अन्तर्गत सोरठीलाई वाकसमा राखेर पानीमा बगाईदासमेत सकुशल वाँच्न सफल रहनु पछि ठूलो भएपछि आफ्नो बाबु सजिलै चिन्न सक्नु परीक्षण गर्दा समेत सोरठीको मुखमा दुध पर्नु जस्ता घटना पाइन्छन् । रामायणतर्फ राजा दशरथ पुत्र यज्ञ गर्दा सफल हुनु, रावणले रामकी पत्नी हरण गरेर लैजानु, रामले फिर्ता ल्याउन सक्नु, शिवधनुष रामले उचालेर ताँदो चढाउन लाग्दा भाँचिनु आदि अलौकिक परिवेशमा घटेका घटना हुन् । यसभित्र समावेश गरिएका भौगोलिक स्थानहरू लौकिक परिवेश हुन् । यसमा प्रयोग भएका पात्रहरू धामी, झाँक्री, सुनार, लोहार, जलहारी र कुमाले जस्ता निम्न वर्गीय ग्रामिण परिवेशका पात्र हुन् ।

सोरठी लोकनाटक अनौपचारिक रङ्गमञ्चमा तिहारमा भैलो, द्यौसी रुपमा प्रर्दशन गर्दा धार्मिक शुभ कार्यमा रमाइलो गर्दा सरस्वती पूजा सम्पन्न गर्दा कुनै सभा समारोह उत्सव चाडपर्वमा पनि यसलाई प्रस्तुत गर्ने परम्परा रही आएको पाइन्छ । फिनाम गाविसको वडा नं.८ मा गाउने यस गीत उनीहरूले रिसिङबाट यहाँ बसाइ सरेर आउँदा ल्याएको पाइन्छ । सोरठी यहाँ गाउन थालेको लगभग एक सय वर्ष जति भएको अनुमान गर्न सकिन्छ । यस सोरठी लोकनाटक सहरी क्षेत्रभन्दा पनि गाउँमा बढीमात्रामा प्रचलनमा रहेको पाइन्छ ।

### ५.३.४ अभिनय तथा प्रस्तुतीकरण

यस क्षेत्रमा प्रचलित सोरठी लोकनाटकमा प्रथम चरणमा गरिने सम्पूर्ण विधि विधान पूरा गरिसके पछि वल्ल अभिनयको सुरुवात गर्ने गरेको पाइन्छ । अभिनय सुरु हुनुपूर्व मादलको ठोकान हान्दछन् देवी देवताको पुकार गरी शरणमा पर्दछन् । अन्य नाटकमा जस्तैगरी सोरठी नृत्यमा पनि यसका गर्राहरूले आङ्गिक, वाचिक, सात्विक र आहार्य अभिनय प्रस्तुत गरेको पाइन्छ । "यस नाचमा १६ ताल, १६ भाका र १६ प्रकारको

अभिनय हुन्छन् तर सामान्य दर्शकले विविध ताल र सुरलाई छुट्याउन सक्दैनन् । यस नाचको अध्ययनमा २२ भाका र ४ ताल भेटिएका छन् ।"२ यस फिनाम गाविसमा भने १६ मादलको ताल र ४ प्रकारको अभिनय पाइन्छ। यहाँ ती चार प्रकारको अभिनयको विश्लेषण गरिएको छ ।

### ५.३.४.१ आङ्गिक अभिनय

यहाँ गाउने सोरठी नृत्यमा आङ्गिक अभिनय गरिएको पाइन्छ। यस सोरठीमा भारते र मारुनीले नृत्य प्रस्तुत गर्दा मादलको ताल र गीतको वोलअनुसारशरीरका विभिन्न अङ्गहरू कलात्मक तवरले सञ्चालन गरी विभिन्न भावभङ्गिमाका साथ नृत्य प्रस्तुत गर्ने भएकोले आङ्गिक अभिनय पाइन्छ। नृत्य हाउभाउविना रोचक नहुने भएकोले ढटुवारेले पनि वेलावेलामा अङ्गको अभिनय गरिरहेको पाइन्छ। शरीरका विभिन्न अङ्गद्वारा गरिएको अभिनयले नृत्यलाई प्रभावकारी वनाउने भएकोले यस क्षेत्रका सोरठीका पात्रहरूले अभि( नयलाई विशेष जोड दिने गरेको पाइन्छ।

### ५.३.४.२. वाचिक अभिनय

फिनाम गाविसको लाकुरी स्वाँराभित्र प्रचलित सोरठीमा वाचिक अभिनय पनि प्रस्तुत गरेको पाइन्छ ।यस क्षेत्रका मानिसहरूले गीत गाउँदा स्थानीय भाषाका साथै शब्दलाई अलि विगारेर वोल्ने गरेको पाइन्छ । साधारण वोलीचालीको शब्दभन्दा अलि भिन्नखालको शब्दवोली निकाल्दछन् । यस क्षेत्रको ढटुवारेले वोलीको माध्यमबाट पनि अभिनय गरेको पाइन्छ । यहाँ प्रचलित सोरठीमा गुरु र ढटुवारेले बढीमात्रमा अभिनय गरेको पाइन्छ ।

### ५.३.४.३. सात्विक अभिनय

यस गाविसमा भएको सोरठीमा सात्विक अभिनयलाई पनि प्राथमिकता दिएको पाइन्छ । गीतको भावअनुसार ढटुवारेले दर्शकलाई प्रभाव पार्न अनुहारको भाव फेरबदल गरिरहेको हुन्छ । उसले वेलावेलामा स्वाँग पार्ने दर्शकलाई मनोरञ्जन दिने काम गरेको पाइन्छ । सुरुमा गुरुले सरस्वती निकाल्दा पनि कम्प आउने गर्दछ । यसरी फिनाम गाविसका गुरु र ढटुवारेले सोरठीमा बेला र अवस्था अनुसार अभिनय प्रस्तुत गरी दर्शकहरूलाई आनन्द र मनोरञ्जन दिने गरेको पाइन्छ।

### ५.३.४.४. आहार्य अभिनय

यस क्षेत्रमा देखाइने सोरठीमा आहार्य अभिनयलाई पनि प्राथमिकता दिएको पाइन्छ । यहाँका सोरठीका पात्रहरूले स्थानीय स्तरको आर्कषक वेशभूषा तथा गरगहना लगाई शृङ्गार गरेर आहार्य अभिनय प्रस्तुत गरेका पाइन्छ। यस आहार्य अभिनयले पनि दर्शकलाई प्रभाव पारेको हुन्छ। आहार्य अभिनयमा भारतेले इष्टकोट, कछाड कालो, टोपी, ढटुवारेले लौरो टेक्ने, च्यातिएको लुगा, चस्मा, टोप र मारुनीले चोलो, लुङ्गीजस्ता आकर्षक वेशभूषा गरगहना लगाएर आहार्य अभिनय प्रस्तुत गरेको पाइन्छ । नृत्यलाई आहार्य अभिनयले पनि प्रभाव पार्ने भएकोले यहाँका मानिसहरू सोरठीमा

---

२. मोतीलाल पराजुली,पूर्ववत्, पृ.३४।

आर्कषक वेशभूषा तथा गरगहना लगाई शृङ्गार गरेर दर्शकको मन जित्नको लागि यस आहार्य अभिनयलाई जोड दिएको पाइन्छ ।

### ५.३.५. सङ्गीत

फिनाम गाविसको लाकुरी स्वाँरामा सोरठी लोकनाटकमा मौलिक लोकसङ्गीतको प्रयोग भएको पाइन्छ । सोरठी लोकलयमा आधारित रहने हुँदा यसमा प्रयोग हुने वाद्यवादनहरू पनि लोकप्रचलित पाइन्छन् । यसमा बजाइने प्रमुख वाजा भनेको मादल हो । राम्रोको लागि मुर्चुङ्गा र मुजुरा वाजाको पनि प्रयोग गर्दछन् । जसको प्रयोगले लोकनाटकलाई श्रुतिरम्यता प्रदान गर्दछ । अन्यत्र गाउने सोरठीमा भने मादल, खैंजडी, करताल, वासुरी, मुर्चुङ्गा आदि वाजा बजाएको पाइन्छ । यस क्षेत्रको सोरठीमा मुर्चुङ्गा, मादल र मुजुरामात्र बजाउने गरेको पाइन्छ । यस लोकनाटकमा मादल नै प्रमुख मानिन्छ । यस क्षेत्रको सोरठीमा यहाँका बासिन्दाले गर्रा बाँध्ने ताल, ठकन हान्ने ताल, लमीताल र छोटीताल बजाउने गरेको पाइन्छ । सखी बाध्ँने वेलामा गर्रा बाँध्ने ताल र सरस्वती जगाउँदा ठकन हान्ने ताल बजाउने गरेको पाइन्छ । मारुनी सोरठी र मारुनी चरित्रको गीत गाउँदा लमी ताल बजाउँछन् भने छोटी ताल ख्याली गाउँदा बजाउने गरेको पाइन्छ । लमी तालमा ढिलो र छोटी तालमा छिटो मादल बजाउँछन् । यी विभिन्न ताल गीतको वोलअनुसार बजाइएको पाइन्छ ।

### ५.३.६ उद्देश्य

लोकजीवनमा प्रचलित धेरै लोकनाटकहरू निश्चित उद्देश्य लिएर प्रर्दशन गरिएझैं सोरठीमा पनि निश्चित उद्देश्य लिएर प्रर्दशन गरिएको पाइन्छ । यस फिनाम गाविसमा सोरठी गाउनुको मुख्य उद्देश्य भनेको लोकसाँस्कृतिक परम्परालाई जीवन्त राख्न, मनोरञ्जन प्रदान गर्न र तिहारमा देउसीको रूपमा खेली आर्थिक संकलन गर्न, मानिसहरूमा धर्मप्रति आस्था जगाउन, धार्मिक शुभकार्यमा मनोरञ्जन प्रदान गर्न र विशेष पर्व र महोत्सव समारोहमा प्रर्दशन गरी आफ्नो पहिचान कायम गर्ने उद्देश्यले यो नाच प्रर्दशन गरिएको पाइन्छ । यहाँका बासिन्दाले सोरठीलाई जिल्लामा उत्सव दिवसजस्ता प्रतियोगितात्मक कार्यक्रममा सञ्चालन गरिँदा आफू र आफ्नो गाविसको प्रतिष्ठा र प्रतिभा देखाउने उद्देश्यले यो गीतको थालनी गरेको पाइन्छ ।

### ५.३.७ भाषा

यस गाविसको सोरठी लोकनाटकमा प्रयोग हुने केही शब्दहरू मानक नेपाली भाष( ाभन्दा भिन्न पाइन्छन् । यसमा प्रयोग हुने शब्दहरू मानक नेपाली भाषाका भएपनि उच्चारणले गर्दा अन्य भाषाजस्तो पाइन्छ । यहाँ गाउने सोरठी गीतमा स्थानीय भाषाका कतिपय शब्दहरू विकृतरूपमा प्रयोग भएका पाइन्छन् । यस फिनाम गाविसको सोरठी लोकनाटकमा यहाँका मानिसहरूले प्रयोग गर्ने शब्दहरू यस प्रकारको पाइन्छ ।

जन्म ⁄ जनिम,जमिन ⁄ जिमिन,जन्ती ⁄ जनती,गर्भ ⁄ गरिभ,बालक ⁄ वालखै,वाण ⁄ वान,पूर्व ⁄ पूरिवै,गृह ⁄ गिरिया, सूर्य ⁄ सुरिज, निर्मल ⁄ नरमल, अग्नि ⁄ अगिनी, यज्ञ ⁄ जग्गे, नही ⁄ नाई, हाट ⁄ हटिया जस्ता शब्दहरू प्रयोग भएका छन् ।

यस क्षेत्रमा प्रचलित शब्दहरूलाई गायनक्रममा ध्वनी एवम् वर्ण परिवर्तन गरेर पनि भनिने गरिएको पाइन्छ । जस्तैः आईपुग्यो–याईपुग्यो, खाउला–खावैला, आँगन–यागन, लाउला–लावैला, हामी–हामु, सुरो–सुरावो, अगँनो-अघिनी, बसौँला–बसैला, हाम्रो–हामरो, राजाको–राजै, छाला–छलिया, कुमाल–जलिया, सुहायो–मलायो, डोले–डोलीया आदि

### ५.३.८. शैली

यस क्षेत्रको लाकुरी स्वाँरामा गाइने सोरठीमा विभिन्न प्रकारको शैली प्रयोग भएको पाइन्छ । यस क्षेत्रको सोरठीमा पुरुषले नारीको भेषमा नारीको अभिनय गरेर मारुनी शैली प्रस्तुत गरेको पाइन्छ । यहाँको सोरठीमा दुई पुरुषले नारीको भेष गरी नाच्दछन् । जस्लाई मारुनी भन्दछन । गुरुको गीतसँगै जोकरले पनि अभिनय गरेको हुन्छ । यहाँको सोरठीमा कतै कतै गीति संवादयुक्त प्रस्तुतिको प्रयोग पाइन्छ । यसमा प्रश्नोत्तरात्मक संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

### ५.३.९ द्वन्द्व

फिनाम गाविसमा प्रचलित सोरठी लोकनाटकमा गुरुले गीतको माध्यमबाट द्वन्द्व प्रस्तुत गरेको पाइन्छ । गुरुले आफूले गाउने सोरठी गीतको कथावस्तु अनुसार कहिले वैचारिक द्वन्द्व र कहिले शक्तिको द्वन्द्व प्रस्तुत गरेको पाइन्छ । यस लोकनाटकमा नाच्दा र गाउँदा द्वन्द्वको स्थितिले गर्दा दर्शकलाई मनोरञ्जन प्रदान गर्दछ । दर्शकले गीत सुनेर त्यसपछि के हुन्छ ? के भयो होला ? भन्ने जिज्ञासाले राखेको हुन्छ । यस क्षेत्रको सोरठीमा द्वन्द्व दुई प्रकारको पाइन्छ ।

### ५.३.९.१ वैचारिक द्वन्द्व

यस गाविसको सोरठीमा गुरुले गीतको माध्यमबाट वैचारिक द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ । गुरुले सोरठी गीतमा कैकेयीको रामप्रतिको व्यवहार, राजाले कैकेयीको वचन नाघ्न नसक्नु, रावण र सीतावीच भएको संवादलाई वैचारिक द्वन्द्वको रूपमा गीतको माध्यमबाट प्रस्तुत गरेको पाइन्छ । राजा दशरथले श्रवण कुमारलाई मारेपछि अन्धाअन्धी र दशरथको बीचमा भएको विवादलाई गीतको माध्यमबाट वैचारिक द्वन्द्वका रूपमा प्रस्तुत गरी करुण भाव व्यक्त गरेको पाइन्छ ।

### ५.३.९.२. शक्तिको द्वन्द्व

यहाँ प्रचलित सोरठीमा गुरुले कथावस्तुलाई गीतको माध्यमबाट शक्तिको द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ । सोरठीलाई सुनको वाकसमा राखी नदीमा बगाउनु, सुनको वाकस माँझी र जलहारीले नदीबाट निकाल्नु, रामले लङ्काबाट रावणसँग युद्ध गरेर सीतालाई फिर्ता ल्याउनु, रामले शिवधनु उचालेर छ कोष पर पुऱ्याउनु, रामले मारिच र सुवाहुजस्ता राक्षसलाई नास गर्नु जस्ता कथावस्तुलाई गीतको माध्यमबाट गुरुले यस फिनामको सोरठी लोकनाटकमा शक्तिको द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ ।

## ५.४ निष्कर्ष

प्रस्तुत परिच्छेद फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको संकलन र विश्लेषणमा आधारित छन् । यस खण्डमा फिनाम गाविसको वडा नं. ८ लाकुरी स्वाँरामा

प्रचलित सोरठीलाई गुरु लाल बहादुरबाट प्राप्त संकलित सामग्रीहरूलाई लोकनाटकको तत्त्वहरूको आधारमा वर्गीकरण गरिएको छ । यस क्षेत्रमा पाइने सोरठी लोकनाटकको कथावस्तु जयसिँगे राजाको जीवनवृत घटना, उनकी छोरी सोरठी रानीको कथावस्तु र रामायणको कथावस्तुसँग सम्बन्धित रहेको पाइन्छ । तर अन्य क्षेत्रमा गाउने सोरठीमा भने जयसिँगे राजाको जीवनवृत घटना र उनकी छोरी सोरठी रानीको कथासँग मात्र सम्बन्धित रहेको पाइन्छ । नेपाली लोकसंस्कृतिको धरोहर तथा अमुल्य निधिको रूपमा रहेको यस नृत्यलाई लोकनाटकको रुपमा प्रस्तुत गरिएको छ । यो नृत्य प्राचीन नृत्य हो ।

## ५.५ पाङ्दुरे लोकनाटक

### ५.५.१ ऐतिहासिक पृष्ठभूमि

यो पाङ्दुरे लोकनाटक फिनाम गाविसको पन्थेस्वाँरामा परापूर्व कालदेखि गाउँदै नाच्दै आएको पाइन्छ । हाम्रो पुर्ख्यौली थलो तनहुँको ढोरफिर्दी हो । हामी तनहुँमा छँदा हामी ब्राम्हण जातिका आत्रेय गोत्रका पौडेल थरका थियौँ । हाम्रो पुर्खा गुरु गोरखनाथका भक्त भएकोले गुरु गोरखनाथको सेवा गर्न गोरखाको गोरखनाथ बाबाको सेवा गर्न यहाँ बसाइँ सरेर आएका थिए । गुरु गोरखनाथको सेवा गर्न उनीहरूले कान चिरेर योगीको रूपधारण गरी वसेको रहेछन् । त्यसै बेलादेखि हाम्रो थर परिवर्तन गरी योगी लेखेका रहेछन् । अहिले पनि हाम्रो गोत्र आत्रेय नै हो । योगीहरू जातिले मगन्ते भएको कारण गाउँमा रमाइलो गर्न नाचगान गर्न थालेछन् । यहाँका वासिन्दाले धर्मकर्म गर्न कार्तिक मार्गमा सत्यनारायणको पूजा, माघ फाल्गुनमा सप्ताह लगाउने रात्रीमा देवी देवताको नाम पुकारेर नाचगान गरेमा धर्म प्राप्ति हुने भएकोले रामायणको विषयवस्तुमा आधारित गीत गाउन थालेछन् । जाडोको मौसममा नाचगान गर्न जाडो हुने भएको कार्तिकमा पाक्ने पाङ्दुर कोदोको जाँड र रक्सी बनाइ खाँदै नाचगान गर्दा साह्रै रमाइलो हुने भएकोले यस नाचलाई पाङ्दुरे नाच भन्ने गरेको पाइन्छ । अहिले योगी भनेको मगन्ते भएकोले हामीहरूले थर परिवर्तन गरी कुँवर लेख्न थालेका हौँ । यसमा कुँवरहरू मात्र नभई अन्य जनजातिहरू पनि मिसिएर नाच्न गाउन थालेका छन् । यस पाङ्दुरे नाचप्रति यहाँका मानिसहरू आस्था रहेको पाइन्छ । हाल पनि यो पाङ्दुरे नाच देखाउन उत्सुक नै भएको पाइन्छ ।(स्रोत : हर्कबहादुर कुँवर)

### ५.५.२ लोक प्रचलन

फिनाम गाविसको पन्थेस्वाँराका मानिसहरू वर्षायाममा अर्थात् असारमा खेतीको काम सकेर वसेका हुन्छन् । जव साउने संक्रान्तिको दिन हुन्छ अव वाँचियो भनेर यहाँको वासिन्दाले पाङ्दुरे लोकनाटकलाई चाडको रुपमा मनाउने गरेको पाइन्छ । साउने संक्रान्तिको दिन खुसियालीसाथ गुरुको घरमा जम्मा हुन्छन् । गर्राहरू मिलेर गाउँमा भएका फलफूल जम्मा गर्छन ।उनीहरूले साउने सँक्रान्तिको दिन वेलुका राँके पूजा गर्ने सामग्री सवै भएर जम्मा पार्छन् । पूजा गर्नलाई एउटा वासेको कुखुराको भाले ल्याउँछन् । उनीहरूले जाँड र रक्सी पनि जम्मा पार्छन् । साउने संक्रान्तिको दिन बेलुका गुरु नुहाएर आँगनमा पूजाको सामान लिएर राँके पूजागर्न थाल्छन् । यहाँका अरु गर्राभाइ जम्मा भएर पाङ्दुरे नाचगान गर्न थाल्छन् । त्यस दिनदेखि यो नाचगान गर्न सुरु हुन्छ । यो पूजालाई राँके पूजा भनिन्छ । कसैकसैले लुतो फाल्ने पनि भन्ने गर्छन् । राँके पूजा गरे पछि गाउँमा

कोही कसैलाई रोग लाग्दैन र घाउ खटिरा आउँदैन भन्ने विश्वास गरेको पाइन्छ । यसरी वेलुका राँके पूजा अर्थात लुतो फाल्ने काम गरिन्छ । अर्को त्यसदिन मकैको घोगा राँके पूजामा चढाएर त्यही आगोमा पोलेर देवतालाई चढाउने काम गरिन्छ । त्यस दिनदेखि मकै पोलेर खान हुन्छ भन्ने भनाइ पाइन्छ । गुरुले पूजा गरेर कुखुराको भालेको रगत मादल, मुजुरा लगायत कपडामा पनि चढाउँछन् । रक्सी र कुखुराको मासु खाएर पाङ्दुरे गाउँदै रमाइलो गरेको पाइन्छ । त्यस दिनदेखि यो नाचगान फुक्छ । दसैंमा गाउँका मान्ने मानिस मुखिया, पण्डित र जिम्मुवालका घरमा पालैसित रातभर नाचगान गर्ने गरेको पाइन्छ ।

तिहारमा त झन् सवैको घरमा गई भैलोको रूपमा नाचगान गर्दछन् । कसैले धार्मिक कार्य गरेर रातमा रमाइलो गर्न निम्ता दिए गएर नाचगान गरिदिन्छन् । विहानीपख पैसा, धान, चामल, फूल, अक्षता लगायत फलफूल दिएर विदाइ गर्ने चलन पाइन्छ । यसरी हिउँदमा नाचगान गर्दै जान्छन् । वर्षा लागेपछि चण्डीपूर्णिमाको दिन वेलुका कुखुराको भाले, जाँड र रक्सी ल्याई गुरुको घरमा बसेर खाएर रातभर पाङ्दुरे नाच लगाउँछन् । विहानीपख मादल, मुजुरा लगायत कपडा पूजा गरेर गल्ती भएमा क्षमा दिनुहोस् भनेर विदा माग्ने गर्दछन् । नाचगान गर्दा प्रयोग गरिने सामानहरू गुरुको घरमा थन्क्याउने चलन छ । साउने संक्रान्तिदेखि यता मादल बजाउन हुँदैन बजायो भने मकैमा किरा लाग्छ भन्ने गरेको पाइन्छ । (स्रोत:मिनवहादुर भुजेल)

### ५.५.३ भौगोलिक एवम् जातीय चिनारी

विभिन्न गाविसहरूमध्ये फिनाम गाविस गोरखा नगरपालिकासँग जोडिएको गाविस हो । यस गाविसको वडा नं. ६ को पन्थेस्वाँरामा ब्राम्हण, कुँवर, मगर, घर्ती, खनखवास र सार्की जातजातिका मानिसहरू बसोबास गर्दछन् । पन्थेस्वाँरा यस गाविसको अग्लो स्थानमा रहेको छ । यस क्षेत्रमा जाडोमा अन्य वडाको तुलनामा बढी जाडो हुन्छ । यो वडा अन्य वडाभन्दा लगभग अलि ठूलो नै छ । यस क्षेत्रका मानिसहरूको शैक्षिक र आर्थिक अवस्था न्युन भएको पाइन्छ । अन्य वडाको तुलनामा यस वडामा धान खेती कम पाइन्छ । यस क्षेत्रमा कोदो र मकै भने राम्रै हुन्छ । यहाँका मानिसहरू हाल भने वैदेशिक रोजगार पनि जाने गरेको पाइन्छ । यहाँ फलफूलमा सुन्तला, कागती, आलुवखडा, कागती, स्याउ र नास्पाती पाइन्छ । ब्राम्हणहरू कमै मात्रमा पाइन्छन् । कुवँर जातिका मानिसहरू पहिला भिक्षा मागेर हिड्ने गर्दथे भने हाल माग्ने कार्य गरेको पनि पाइँदैन् । केही कुवँरहरू गोरखनाथको मन्दिरमा जाने गोरखनाथ बाबाको सेवा गर्ने गर्दछन् । प्रत्येक वर्षको कार्तिक र चैत्र महिनामा गाउँ घरमा गएर रात्रीको समयमा फेरी लगाउने कार्य गरेको पाइन्छ । यस क्षेत्रमा फेरी लगाउँदा गोरखनाथ बाबा खुसी हुने कुरामा कुवँर जातिमा विश्वास रहेको पाइन्छ । मगर, घर्ती, खनखवास र सार्कीहरू भने घर बनाउने र फर्निचर काम गर्ने गरेको पाइन्छ । यस वडामा वसोवास गर्ने सवै जातिहरू पाङ्दुरे लोकनाटकमा नाचगान गर्न भने रूची राख्ने गरेको पाइन्छ ।

## ५.६ पाङ्दुरे लोकनाटकको मूलपाठ

फिनाम गाविसको वडा नं. ६ को पन्थेस्वाँरामा ब्राम्हण, कुँवर, मगर, घर्ती, खनखवास र सार्की जातजातिका मानिसहरू बसोबास गर्दछन् । ब्राम्हण, कुँवर, मगर, घर्ती

र खनखवास जातिका मानिसहरूले यो पाङ्दुरे नाच देखाउने गरेको पाइन्छ । उनीहरूले यस नृत्यलाई विभिन्न चरणमा विभाजन गरेर गाउने गरेको पाइन्छ । यस नृत्यको विभिन्न चरणमा गाउने गीतलाई प्रथम चरण, मध्येचरण र अन्तिम चरणमा विभाजन गरी क्रमशः उल्लेख गरिएको छ ।

### ५.६.१ प्रथम चरण (सखी वाँध्ने )

यहाँका मानिसहरूले यो पाङ्दुरे नृत्य सुरु गर्दा गुरुले देवीदेवता पुकारेर गीत गाउने गरेको पाइन्छ । नाचगानमा कुनै अनिष्ट नहोस भनेर गर्रा, मादल र लगाउने कपडा वाँध्ने चलन छ । प्रथम चरणको कार्यमा देवी देवताहरूको नाम पुकारेर गीत गाउँदै नाच गान गर्ने गर्दछन् । पाङ्दुरेको प्रथम चरणमा गाउने गीत यस प्रकारको पाइन्छ ।

ह ..उपल्लोकोटको बज्रभैरव देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
गोरुखाको कालीका माता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

गोरुखैको गोरखनाथ
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

गोरुखैको महादेव
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

काठमाडौको पशुपति नाथ देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

काठमाडौको गुज्जे सोरी देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

गोरखाको मनकामना माई
तुमारो शरण

तमु मेरा सरामा सोती माताले
सखी है मारुला
गोरखैको छिम्के स्वरी देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
तनहुँको अकला देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

हटियाको भीमसेन देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

तनहुँको छाउदी वरा देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

काठमाडौँको तेत्तिस कोटी देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
यस घरको कुलमा देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

यसै गाउँको सिमे भुमे देवता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
यसै र ठाउँको धरती माता
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला
जालपाको तीन कन्या देवी

तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला
पोखराको विन्दवासिनी माई
तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला
पश्चिमैको मुक्तिनाथ देवता
तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला
पातालैको वासुकी नाग
तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला

आकाशैको तेत्तिस कोटी देवता
तुमारो शरण
तमु मेरा सरमा सोती
माताले सखी है मारुला

यस धरतीका सम्पूर्ण देवी र देवता
तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला

हामु रक्ष गरने सरस्वती माता
तुमारो शरण
तमु मेरा सरमा सोती माताले
सखी है मारुला

मादलै वादुम झ्याली है वादुम
वादुम है गर्रा भाइ
तुमारो शरण
तमु मेरा सरामा सोती माताले
सखी है मारुला

भारते वादुम मारुनी वादुम
वादुम है गर्रा भाइ
तुमारो शरण

तमु मेरा सरामा सोती माताले
सखी है मारुला

ए आकाशै चन्द्र सूर्यमा
तुमारे सरण तामु मेरा सरमा सोती
माई मादल सखि है मारन

एक तेली वाचा दुई तेली वाचा
वाचा वाधुम्ला
तामु मेरा सरमा सोती
मादले सखिया मारुम्ला

स्रोत :राम बहादुर कुँवर (राजन)

## ५.६.२ मध्येचरण

फिनाम गाविसको पन्थेस्वाँराका मानिसहरूले पाङ्दुरे नाच देखाउँदा प्रथम चरणमा सखी बाध्ने कार्य गरेको पाइन्छ । यसरी सँखी वाँधेपछि रमाइलो गर्न विभिन्न प्रकारको गीत गाउने गर्दछन् । यसमा विवाह खण्ड, सिकारखण्ड, वनवास खण्ड र ख्याली गाउने गर्छन् । उनीहरूले प्रत्येक खण्डमा गाउने गीत यस प्रकार पाइन्छ ।

### ५.६.२.१ विवाह खण्ड

यस विवाह खण्डमा यस क्षेत्रका मानिसले पाङ्दुरे गाउँदा राम र सीताको विवाहलाई आधार मानेर गाउने गरेको पाइन्छ । विवाह खण्डमा गाउने गीत यस प्रकारका छन् ।

किन आयो रेखी किन आयो
किन घरमा वासुदेव किन आयो

माग्नै आयो रेखी माग्नै आयो
हो ..हो तिम्री छोरी जनुकालाई
माग्नै आयो

कल्ले दिने कल्ले दिने हो
चेली वढ्यो समरथ कसलाई दिने हो

दिनै पर्‍यो रेखी दिनै पर्‍यो
हो ...हो तिम्री छोरी जनुकालाई
दिनै पर्‍यो

दिनै पर्‍यो मैँले दिनै पर्‍यो
पत्तालाइको वासुदेवलाई दिनै पर्‍यो

हेरी देऊन वरमाण रेखी विवाहको लगन
शुभाई जुराईकन हेरी देऊन

हेरी दिए वरमाण
रेखी विवाहको लगन
शुभाई छ तिमीलाई
भनी हेरी दिए

कतिमा ल्याउछौ हात्तीमा घोडा
कतिमा ल्याउछौ हो जनती

दशैमा लाख हात्तीमा घोडा
पाँचैमा लाख हो जनती
केले वाधैँला हात्तीमा घोडा
केले वाधैँला जनती
साङ्गलैले वाँधेला हात्तीमा घोडा
वचनैले वाधैला जनती
कहाँ बैठला हात्तीमा घोडा
कहाँ बैठला जनती
तवेलामा बैठला हात्तीमा घोडा
बैठकैमा बैठला जनती
केले बाँधेला राजा रहुतेला
केले बाँधेला जनतीलोक

पिरतिले बाँधेला राजा रहुतेला
वचनैले बाँधैला जनती लोक

के के खावैला हात्तीमा घोडा
के के खावैला जनती

चनाभुजा खावैला हात्तीमा घोडा
चौराशी व्यञ्जन जनती

चोखीमा माटी खनीमा खनी
गजमुखी चौकापुर
सोही उपरमा चदुँवा टँगैला
चारै सुरमा घचुवा गँडैला
चारै सुरमा घईला बसैला
चारै सुरमा बरमाण पढैला

लगनको वेला वरमाण
चुरा र पोते लावैला

(स्रोत पदमबहादुर योगी)

### ५.६.२.२ सिकार खण्ड

यस गाविसमा पाङ्दुरे गीत गाउँदा विवाह खण्डको गीत गाउने गर्दछन । त्यस गीत पछि सिकारसँग सम्बन्धित गीत गाउने गरेको पाइन्छ । उनीहरूले सिकार खण्डमा गाउने गीत यस प्रकार पाइन्छ ।

सिकारैमा जाम दाजै
सिकारैमा जाम

ए दाजै मधुवन
सिकारैमा जाम

मारिदिए हरेनी
दाजै रामैज्यु गैडुङ्ग भालाले

हो ...गुहेलीको पातैमा टिपी
हो ...हरेनीको पकुवा लगाई

सकल रनवन डुलीसके दाजै
पानीको पाएन उपाए

परडाली चढी हेरन दाजै
पानीको पाउला उपाए

हेयारैको दुधै सुक्यो
हामरो वालिका कहाँ पुग्यो

कि त वालै सिगैंले खायो
कि त वालै नदीयाको तीर

ए हामरो वालिका हरिलाने
को मा को हो को मा को

दुधैको वालिका लाने
रहिछौं त नी हाम्रौ राजा

हेयारैको दुधै सुक्यो
हामरो वालिका कहाँ पुग्यो

हामरो वालिका हरि लाने
रहिछौं त नि हामरो राजा

(स्रोतः रामबहादुर कुँवर )

### ५.६.२.३ वनवास खण्ड

यस क्षेत्रका मानिसहरूले सिकार खण्डको गीत गाए पछि राम, सीता, लक्ष्मणको चौध वर्ष वनवासको घटनालाई लिएर गीत गाउने गरेको पाइन्छ । यस वनवासको

घटनालाई लिएर गाउने गीत वनवास खण्डमा विभाजन गरेको पाइन्छ । यस खण्डमा गाउने गीत यस प्रकार पाइन्छ ।

कै कै रानीको हो  ख्यालले गर्दा
जानै  परो हो.. हो  वनिवास

अगि अगि रामज्यु पछि लक्ष्मण
बीचैमा सीता माई

हातैमा धनुवाण काधैमा ठोकर
सीता साथमा लागे वनिवास

जाम दाजै हो  वनिवास
भाइलक्ष्मण जानै पऱ्यो हो..हो वनिवास

गए रामजी भाइ सीता लिएर
कैकै खुसी भो विदा दिएर

दशरथ राजा मुर्छा पर्नू भो
हो  वनिवास गा को देखेर

ए संगारैमाथि हेरन दाजै
दशरथ बुवाले वनवास

जाम दाजै वनिवास
भाइ लछुमन हो जान पऱ्यो वनिवास
हा ..भरतैको राजै भयो
राम लछुमन भयो वनिवास

अगि अगि रामज्यू पछि लछुमन
लागे हो ....वनिवास

(स्रोत :केशरबहादुर राना)

### ५.६.२.४ ख्याली

यस क्षेत्रका गर्राहरूले अन्य खण्डको गीत गाए पछि चुड्का र झ्याउरे शैलीमा गीत गाउने गरेको पाइन्छ । यस खण्डमा गुरुले आशिष दिँदै गीत गाउने गरेको पाइन्छ । ख्यालीलाई यस क्षेत्रमा कसैले आशिष खण्डको गीत पनि भन्ने गरको पाइन्छ ।

नाचनीले दिएको आशिष
हो ..है यसै घरमा वडिया होई जाओस

हो..हो नाचनीले दिएको आशिष
सुनको छानो होई जाओस

नाचनीले दिएको आशिष
गोठैभरि गाई भैसी होई जाओस

नाचनीले दिएको आशिष
बाखरी लाखौ लाख भई जाओस

नाचनीले दिएको आशिष
घरभरि अन्न भई जाओस

नाचनीले दिएको आशिष
धरती धेरै होई जाओस

नाचनीले दिएको आशिष
भकारी टन्न भई जाओस

यसइमा घरको माताको ज्यानले
माटोमा छुँदा, अन्नपूर्ण

ढुङ्गामा छुँदा, धन दौलत
पानीमा छुदा तेलसरी सरीवरी
सिन्कामा छुँदा सुन

यसैमा घरको बाबाको ज्यानले
भोट र मदेस, देश र विदेश
खेपीमा रहुन
लासाको सुन, भोटको नुन
तावाँ, कासा मलमल खासा

घरभरि भरिपूर्ण होईमा रहून
नाचनीले दिएको आशिष
शिरैमा बसोस्
कमाथइमा वसोस्,
भुईमा नखसोस्

स्रोतः रामबहादुर कुँवर (राजन)

### ५.६.३ अन्तिम खण्ड

यस गाविसमा प्रचलित पाङ्दुरे लोकनाटकमा यहाँका नृत्य समूहका मानिसहरूले रात भर गीत गाए पछि बिहान उज्यालो हुने बेलामा घरबेटीसँग विदा माग्दै आशिष दिँदै यस प्रकारको गीत गाउने गरेको पाइन्छ।

घामइ झुलक्यो
दाजै घामै झुलक्यो

हो..हो मारुनीको माझैमा
फूलै लरक्यो

विदा देउ सिदा देउ हाम्लाई
जान्छौ हामी हरर भएर

सुनै बत्ती हातैमा लिएर
नाच्नु होला आशिषै दिएर

सुन बत्ती भूमीमा राखेर
दुवै हातले नमस्कार गरेर

(स्रोत:राजन कुँवर)

## ५.७ पाङ्दुरे लोकनाटकको विश्लेषण

फिनाम गाविसमा प्रचलित विभिन्न लोकनाटकहरूमध्ये पाङ्दुरे पनि एक हो । यो लोकनाटक फिनाम गाविसको वडा न.६ को पन्थेस्वाँरामा पाइन्छ । यो नाच यस क्षेत्रमा अति प्रचलित छ । यस क्षेत्रका बुढापाका मानिसहरू यो नाच गाउन बढी रुचाउँछन् । यो नाच यस क्षेत्रका कुँवर, खनखवास, मगर, आले आदि जातका मानिसहरूले नाच्न गाउन बढी मन पराएको पाइन्छ । उनीहरूमा रमाईलोभन्दा पनि देवी देवताको गुणगान गरेर नाचगान गरेमा स्वर्ग पुगिन्छ, मुक्ति पाइन्छ भन्ने विश्वास रहेको पाइएकोले नै यस नाचप्रति बढी चासो रहेको पाइन्छ । केटाहरूमा देवी देवताप्रति झुकाव कम पाइन्छ । उनीहरू यस नाचप्रति त्यत्ति रुचि देखाउँदैनन् ।

केटाहरूमा आधुनिक गीतप्रति बढी चासो रहेकोले यस नाचलाई वास्ता गरेको पाइँदैन । गोरखाको विभिन्न क्षेत्रमा पाङ्दुरे नाच लगाएको पाइन्छ । अन्य क्षेत्रको पाङ्दुरे र यस क्षेत्रको पाङ्दुरेमा खासै भिन्नता पाइँदैन । गोरखाको अन्य क्षेत्रमा गाउने पाङ्दुरे मगर, गुरुङ, तामाङ, आले आदि जनजातिहरूले गाउने गरेको पाइन्छ । पाङ्दुरेको कथानक रामायण नै हो । यसमा प्राय जनजातिहरूको वेषभूषा नै पाइन्छ । यो नृत्य साउने संक्रान्तिबाट थालनी गरेर चण्डीपूर्णिमामा समापन गर्ने एउटै चलन पाइन्छ । ठाउँ अनुसार लय र भाका भने केही फरक पाइनु स्वाभाविक नै हो । नेपालको अन्य क्षेत्रतिर पाङ्दुरेलाई नचरी, मारुनी, करङ नाच, नाचन्या, ठूलो नाच आदि भनिएको पाइन्छ । जे नामले पुकारे पनि पाङ्दुरे नाच हो ।यस फिनाम गाविसमा भने पाङ्दुरे भन्ने गरिएको पाइन्छ । यसको विषयवस्तु रामायणको राम र सिताको कथानकमा आधारित भएर गाउने गरेको पाइन्छ ।यी संकलित सोरठीका गीतहरूलाई लोकनाटकको विभिन्न तत्त्वहरूको आधारमा विश्लेषण गर्न उपयुक्त देखिएकोले लोकनाटकका तत्त्वहरू कथानक, पात्र, परिवेश, अभिनय र प्रस्तुतीकरण, उद्देश्य, भाषा, रङ्गमञ्च, सङ्गीत र शैलीका आधारमा विश्लेषण गरिएको छ ।

### ५.७.१ कथानक

यस गाविसको वडा नं. ६ को पन्थेस्वाँरामा पाङ्दुरे लोकनाटक गाउने गरेको पाइन्छ । यहाँको पाङ्दुरेमा धेरै घटनाहरू जोडिएको पाइन्छ । यहाँको पाङ्दुरेका कथावस्तु रामायणसँग सम्बन्धित छन् । रामायणमा सात काण्डहरू पाइन्छन् । तर प्रत्येक काण्डअनुसार भने गीत गाएको पाइँदैन । यस क्षेत्रका मानिसहरूले रामायणका घटनालाई आफ्नै पाराले गाउने गरेको पाइन्छ । गुरुले पाङ्दुरेलाई विभिन्न खण्डमा विभाजन गरेर गाउँछन् । जस्तै विवाह खण्ड, सिकार खण्ड, वनवास खण्ड र ख्यालीजस्ता विभिन्न खण्डमा विभाजन गरेर भन्ने गरेको पाइन्छ । कान्छी रानी कैकेयी डाहडे स्वभावले

गर्दा भरतलाई राज्य र रामलाई वनवास गराएको पाइन्छ । उता जेठा छोरा रामलाई राजतिलक दिन नपाउँदा राजा दशरथ शोकमा डुवेर मृत्युवरण गरेका छन् । मिथिला राज्यमा राजकाज गर्ने राजा जनकले छोरीको विवाहको लागि प्रतिज्ञा गरेका छन् । उनको प्रतिज्ञालाई कसैले पनि पूरा गर्न सकेका छैनन् । तर रामले पूरा गरेका पाइन्छ । बाबुको आज्ञा पालना गरेर रामले चौध वर्ष वनवास पनि पूरा गरेका छन् । रामकी पत्नी सीतालाई रावणले हरण गरेर लैजाँदा रामले फिर्ता ल्याउन सफल भएको छन् । रावणले हरण गरेर लगिएको सीताको अग्नि परीक्षा गर्दा सीता सफल भएकी छिन । यस कथामा रामको आदर्शता र सीताको पतिव्रतता देखाइएको छ । यसैले यसको कथानक लामो छ यी सम्पूर्ण कथानकलाई गीतको माध्यमबाट गाएर दर्शकलाई मनोरञ्जन दिने गरेको पाइन्छ । यस घटनामा सुखद र दुःखद दुवै पक्षलाई समेटेर गीत गाउने गरेको पाइन्छ । यस पाङ्दुरेमा राम र सीताको मिलन र विछोड दुवै घटना समेटिएको छ । पात्रको बहुलता, घटनाको बहुलता, संयोग र वियोगपूर्ण घटना संयोजन र कौतुहलतापूर्ण घटना संयोजनले दर्शक तथा स्रोताहरूको मन छुन सकेकोले पनि यो पाङ्दुरे लोकनाटक सफल बन्न पुगेको पाइन्छ । फिनाम गाविसका पन्थेस्वाँरामा यस प्रकारको कथानकमा गीत गाएर पाङ्दुरे नाच देखाउने गर्दछन् । यसरी राम र सीतासँग सम्बन्धित कथावस्तु नै पाङ्दुरेको कथानक हो । नेपालको अन्य क्षेत्रमा प्रचलित पाङ्दुरे लोकनाटकमा पनि यिनै रामायणसँग सम्बन्धित कथावस्तु पाइन्छ । यस फिनाम गाविसको पाङ्दुरेमा पनि रामायणसँग सम्बन्धित कथावस्तु नै पाइन्छ ।

## ५.७.२ पात्र

पाङ्दुरे लोकनाटक फिनाम गाविसमा अति प्रचलित छ । यस गाविस प्रचलित पाङ्दुरे लोकनाटक समूहद्वारा नृत्य प्रस्तुत गरिने भएकोले यसमा विविध पात्रहरूले नाट्यमण्डलीमा भाग लिएको पाइन्छ । यसमा दुई किसिमका सहभागी पात्रहरूको प्रयोग गरिएको पाइन्छ । यस पाङ्दुरेमा रङ्गमञ्चीय र आख्यानगत् पात्रहरूको प्रयोग भएको छ । यस फिनाम गाविसको पाङ्दुरेको रङ्गमञ्चीय पात्रहरूमा गुरु पदम बहादुर कुँवर अर्का सहायक गुरु मिन बहादुर थापा, मादले टंक बहादुर थापा, मिन बहादुर थापा, अमृत बहादुर थापा, प्रेम बहादुर कुँवर, गर्रा हर्क बहादुर कुँवर, केशर बहादुर कुँवर, बिष्णु कुँवर मारुनी प्रकाश कुँवर, शिव कुँवर, भारते राजन कुँवर र ढटुवारेमा गर्राहरूबाट एकपात्र सहभागी भएको पाइन्छ । रङ्गमञ्चीय पात्रहरूलाई अलग राखेर हेर्दा कथामा उपस्थित रहेका मुख्य सहभागी वा चरित्रहरूको आफ्नै छुट्टै विशेषता रहेको पाइन्छ । मूल कथाका मुख्य चरित्रहरूमा दशरथ, कौशल्या, कैकेयी, सुमित्रा, राम, लक्ष्मण, भरत, शत्रुघन, विश्वामित्र, वशिष्ठ, जनक, सीता र रावणजस्ता पात्रहरूको प्रयोग भएको छ । यस क्षेत्रमा प्रचलित लोकनाटकमा विभिन्न किसिमका रङ्गमञ्चीय पात्रहरू पाइन्छ । तिनीहरू यस प्रकार छन् ।

### ५.७.२.१ गुरु (मूल मादले)

गोरखा जिल्ला फिनाम गाविसको पन्थेस्वाँरामा प्रचलित पाङ्दुरेको प्रमुख पात्र गुरु पदम बहादुर कुँवर अर्का सहायक गुरु मिन बहादुर थापा हुन् । पदम बहादुर कुवँर बूढा

भएको कारणले हाल मिन बहादुर थापाले गुरुको कार्य गरिरहेको पाइन्छ । नेपालको अन्य क्षेत्रतिर गुरुलाई रौरा, सखिवाल पनि भन्ने गरेको पाइन्छ । यस क्षेत्रमा गुरुलाई कसैले मुल मादले पनि भन्ने गरेको पाइन्छ । यस नृत्यको सम्पूर्ण नेतृत्व गुरुले नै गरेको पाइन्छ । यस क्षेत्रको पाङ्दुरेमा गीत थालनी गर्ने मादल बजाउने कार्य गुरुले गरेपछि मात्र गर्राले थालनी गर्दछन् । यस नृत्यको सम्पूर्ण नेतृत्व उनैले गर्छन् । गाउँलेहरूबाट बोलावट हुँदा गुरुलाई नै निम्ता गर्ने गर्छन् । गुरुले आफ्ना गर्राभाइहरूलाई लिएर निम्ता गरेको घरमा लैजान्छन् । उनकै नेतृत्वमा नाचगान सञ्चालन गर्दछन् । विहानीपख घरबेटीसँग विदा भएर आ आफ्नो घरमा जान्छन् । यसको सम्पूर्ण नेतृत्व गुरुले नै गरेको पाइन्छ । उनैले गर्रा बाध्ँने, सरस्वती जगाउँने, विवाह खण्ड, सिकार खण्ड, वनवास खण्ड र ख्याली गीत गाएर बिहानी पख मण्डप सेलाउने काम गरेर मात्र गीत अन्त्य गरेको पाइन्छ ।यस क्षेत्रको पाङ्दुरेमा गुरुले नै निर्देशकको भूमिका निर्वाह गरेको पाइन्छ ।

### ५.७.२.२ मारुनी

पाङ्दुरेमा अर्को पात्र मारुनी पाइन्छ । फिनाम गाविसका पुरुषले महिलाको वेषभूषामा नाच्ने भएकाले मारुनी भनिएको पाइन्छ । मारुनीले पनि नृत्यमा रमाइलो गर्ने गरेको पाइन्छ । मारुनीले महिलाको भेषमा नाच्ने भएकोले दर्शकलाई हसाउँने कार्य गरेको पाइन्छ । पुरुषले महिलाको भेषमा नाच्ने भएकोले दर्शक महिलाले सवभन्दा वढी चासो दिएर मारुनीलाई नै हेर्ने गरेको पाइन्छ । उसको लवाइ महिलाको जस्तो हुन्छ । हाल यस सोरठीको मारुनीमा कृष्ण बहादुर थापा र चञ्चले थापाले भूमिका निर्वाह गरेको पाइन्छ । मारुनी महिलाको भेषमा नाच्नु पर्ने भएकोले उसलाई चोलो, घाँघर, सेतो रातो दोकादे पटुका, पगरी, पछ्यौरा र दुवै हातमा रुमाल लिएको पाइन्छ । उसले यस नृत्यमा सिरबन्दी, बाला, चुरा, पोते, जन्तर, सिक्री पनि लगाएको पाइन्छ । यस नृत्यमा महिलाजस्तो भएर नाच्नु पर्ने हुन्छ । विभिन्न खण्ड अनुसारको मादलको ताल पनि फरक फरक हुने भएकोले नृत्य पनि फरक फरक पाइन्छ । यसमा रामायणको कथावस्तु पाइने भएकोले नै मारुनीले सिताको चरित्रको अभिनय प्रस्तुत गरेको पाइन्छ । यसमा ढटुवारेले आफू रावण बनेर मारुनीलाई  सिता मानेर विभिन्न प्रहसन देखाउने गरेको पाइन्छ । मारुनीले भारतेसँग केटी बनेर नाच देखाउनु पर्ने हुन्छ । यस फिनाम गाविसमा महिलालाई  रातको समयमा अन्य केटाहरूसँग नाचगान गर्न समाजले छुट नदिएको कारणले यस नृत्यमा महिला पनि चाहिने भएकोले पुरुषलाई महिलाको वेशभूषामा नचाउने गरेको पाइन्छ । जस्लाई मारुनी भन्ने गरिएको पाइन्छ ।

### ५.७.२.३ भारते

फिनाम गाविसमा प्रचलित पाङ्दुरेमा नाच्ने अर्को पात्र भारते पाइन्छ । भारते भनेको मारुनीसँग पुरुष भएर नाच्ने पात्र हो । यहाँको पाङ्दुरेमा हाल राजन कुँवरले भारतेको भूमिका निर्वाह गरेको पाइन्छ । भारतेले सेतो फेटा, सेतो कछाड, जामा, इष्टकोट र सेतो फेताको पगरी पहिरिएको पाइन्छ । यसले गीतको भाव अनुसार नृत्य गरेर दर्शकलाई मनोरञ्जन दिने काम गरेको पाइन्छ । उसको पनि नृत्यमा त्यत्तिकै भूमिका रहेको हुन्छ । उसले केटाको अभिनय गरेको हुन्छ । भारतेले मारुनीलाई साथमा लिएर

नाचगान गरेको हुन्छ । भारते एक जना मात्र हुन्छ । भारतेले मारुनीलाई आफ्नो केटी साथीको रुपमा लिएर नाचगान गरेको पाइन्छ । गीतमा राम र लक्ष्मणको कथावस्तु आए पछि उसले राम र लक्ष्मणको अभिनयात्मक नृत्य प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन दिने काम गरेको पाइन्छ ।

### ५.७.२.४ मादले

फिनाम गाविसमा प्रचलित पाङ्दुरेको अर्का पात्र मादले हो । यसले गुरुलाई मादल बजाउन सहयोग गरेको पाइन्छ । यस पाङ्दुरेमा मादलेले गुरुको मादल तालमा ताल थपेर मादल बजाउने गरेको पाइन्छ । यस क्षेत्रको मादलेमा टंक बहादुर थापा, मिन बहादुर थापा, अमृत बहादुर थापा, प्रेम बहादुर कुँवर भूमिका निर्वाह गरेको पाइन्छ । मादले चार जना भए पनि एउटै स्वरमा मादल बजाउनु पर्ने हुन्छ । उनीहरूले मादलको ताल कत्ति पनि नबिगारेर बजाउने काम गर्दछन । उनीहरू गीतको ताल र भाव अनुसार फन्को मार्दै मादल बजाएर गुरुलाई साथ दिने काम गरेको पाइन्छ । अरुभन्दा मादले अलि फुर्तिलो भएको पाइन्छ । यस क्षेत्रको पाङ्दुरेमा मादलेले चार किसिमको तालमा मादल बजाउँछन् । गर्रा बाध्ने ताल, ठकन हान्ने ताल, लमी ताल र छोटी तालजस्ता चार तालमा मादल बजाएको पाइन्छ । लमी ताल ढिलो हुन्छ भने छोटी ताल छिटो गतिको बजाउँछन् । छोटी ताल ख्यालीमा बजाउने गर्दछन् । यी विभिन्न तालमा मादल बजाउन मादलेबाहेक जो कसैले सक्दैनन् । यिनीहरूले मादलको उठान लमी तालबाट गरेर फर्काउने काम छोटी तालबाट गरेको पाइन्छ ।

### ५.७.२.५ढटुवारे

यस गाविसको पाङ्दुरेमा गर्राहरू मध्येबाट एक जनाले ढटुवारेको भूमिका निर्वाह गरेको पाइन्छ । यसले जोकरको काम गरेको हुन्छ । नेपालको अन्य क्षेत्रतिर यसलाई हवल्दार, लवरपाँडे भन्ने गरेको पाइन्छ तर यहाँ ढटुवारे वा जोकर भन्ने गरेको पाइन्छ । उसको कार्य भनेको दर्शकलाई हँसाउनु हो । उसले वेशभूषाबाट पनि हँसाउने गर्दछ । उसको वेशभूषा भोटो, कछाड, बिर्के टोपी, इष्टकोट, हास्यमूलक ढङ्गबाट मुखमा विभिन्न किसिमको रङ्ग लगाएको हुन्छ । टाउकामा टोप लगाएको हुन्छ । च्यातिएको लुगा, एक खुट्टामा जुत्ता अर्को खुट्टामा चप्पल, खोयाको माला, कम्मरमा फलफुल बाधेर झुण्ड्याएको पाइन्छ । नक्कली वोली निकालेर नचिनिने पाराले वोलेको पाइन्छ । ढटुवारेले विभिन्न अभिनय गरेर दर्शकलाई हसाउने काम गरेको हुन्छ । यसले अभिनयात्मक नृत्य प्रस्तुत गरेर दर्शकलाई मनोरञ्जन दिलाउने गरेको पाइन्छ ।

### ५.७.२.६ गर्राहरू

यहाँको पाङ्दुरेमा गीत गाउने अरु थप पात्र गर्राहरू पनि हुन्छन् । उनीहरूले गीत गाउने काम गर्दछन् । यहाँका अरु गर्राहरूमा जहाँ गीत गाउन गएको हुन्छ, प्रायशः त्यहीका स्थानीय बासिन्दा हुन्छन् । गर्रा धेरै भएमा नाच रमाइलो हुन्छ । यस गर्रामा प्राय बूढापाका नै बढी पाइन्छन् । गर्रा धेरै भएमा गीत पनि रोचक हुन्छ । यस नृत्यमा गर्राहरू गोलाकाररूपमा बसेका हुन्छन् । बीचमा मादले,गुरु,भारते र मारुनीले नृत्य प्रस्तुत गरिरहेको पाइन्छ ।

## ५.७.३ परिवेश

यस क्षेत्रमा प्रचलित पाङ्दुरेमा दुई किसिमका परिवेश देखाउन खोजिएको पाइन्छ । आख्यानगत् परिवेश र नाट्य परिवेश । आख्यानले ओगटेका परिवेश आख्यानगत् परिवेश हो भने नृत्य पक्ष अर्न्तगत समाविष्ट परिवेशहरू नाट्य परिवेश हुन् । पाङ्दुरेमा विशाल आख्यानगत परिवेशको चित्रण गरिएको पाइन्छ । यही आख्यानगत् परिवेशलाई समेटेर नाट्यगत परिवेशमा बदलेको पाइन्छ । किनकी यसमा घटना बहुलता रहेको छ । यस कथामा राजा दशरथले पुत्रेष्टि यज्ञ सम्पन्न गर्नु, यज्ञमा पायस उत्पन्न हुनु, पायस खाँदा सन्तान हुनु, राजा कान्छी रानीको वशमा पर्नु, रामले वाल्यकालमा आफ्नो प्रतिभा प्रर्दशन गर्नु, रामले शिवधनुष उचालेर राजा जनकको वचन पूरा गरिदिनु, रामकी पत्नी रावणले हरण गरेर लङ्का लैजानु रामले फिर्ता ल्याउनु, महिनौं दिनसम्म सीताको सतित्व रावणले लुट्न नसक्नु सीताले आफ्नो सतित्व देखाउन अग्नि परीक्षा गर्दा सीता सफल हुनु जस्ता घटनाहरू अलौकिक हुन् भने भौगोलिक स्थानहरू लौकिक परिवेश हुन् । यस नृत्यमा सहरीया परिवेश, गाँउले परिवेश दुवै देखाईएको छ । यस पाङ्दुरेमा सामान्य परिवेशदेखि दरवारिया परिवेशसम्म देखाईएको छ । विश्वामित्र ऋषिको चर्चा गरिनुले प्राचीनकालको परिवेश पनि देखाउन खोजिएको छ । यहाँका मानिसहरूले नगत् परिवेशलाई नाट्यपरिवेशमा उतारेर तिहारमा भैलो उत्सव समारोहमा नाचगान देखाउनु धार्मिक शुभकार्यमा नाचगान गरेर मनोरञ्जन प्रदान गर्नु यहाँको प्रमुख विशेषता हो । फिनाम गाविसको पन्थेस्वाँरामा कुँवर, आले र मगर जातिका मानिसहरू बसोबास गर्दछन् । उनीहरूले यिनै विभिन्न परिवेशमा रहेर गीत गाउने गर्दछन् । यिनीहरुले गीतको माध्यमबाट नै आख्यानगत् परिवेशको चित्रण गरेको पाइन्छ ।

## ५.७.४ अभिनय तथा प्रस्तुतीकरण

यस गाविसको पन्थेस्वाँरामा पाङ्दुरे लोकनाटक हाल पनि प्रचलनमा रहेको पाइन्छ । यस क्षेत्रको पाङ्दुरे लोकनाटकमा अभिनयलाई विशेष जोड दिएको पाइन्छ । जति अभिनयात्मक भूमिको निर्वाह गर्न सक्यो त्यति प्रभावकारी हुने भएकोले उनीहरू अभिनयतर्फ ध्यान दिएका हुन्छन् । त्यसैले उनीहरूले जति सक्यो उति अभिनय गर्ने गर्दछन् । सोरठीमा जस्तै यसमा पनि आङ्गिक, वाचिक, आहार्य र सात्विक अभिनय गरेर नृत्य रोचक र प्रभावकारी बनाएको पाइन्छ । जसमा वोली र अनुहारका भाव मुख्य र अरु शरीरको चालढाल र वेशभूषा सहयोगीको रुपमा प्रस्तुत गर्ने गर्दछन् । उनीहरूले देखाउने पाङ्दुरे लोकनाटकमा मुख्यतः चार प्रकारको अभिनय पाइन्छ । यिनीहरूले दर्शकहरूलाई प्रभाव पार्न अभिनयलाई विशेष जोड दिने गरेको पाइन्छ । अभिनयात्मक नृत्यको प्रस्तुत गर्नु यिनीहरूको प्रमुख विशेषता मानिन्छ । यिनीहरूले समाजमा चेतना फैलाउने कार्य पनि अभिनयको माध्यमबाट गरेको पाइन्छ । यहाँको पाङ्दुरेमा प्रस्तुत हुने अभिनय यस प्रकार पाइन्छन् ।

### ५.७.४.१ वाचिक अभिनय

यस क्षेत्रको पाङ्दुरेमा ढटुवारे र गुरुले बोलीको माध्यमबाट वाचिक अभिनय प्रस्तुत गरेको पाइन्छ । यहाँ ढटुवारेले बालवालिका र बूढाबूढीको अभिनय गरेको पाइन्छ ।

ढटुवारेले वोल्दा शब्द विगारेर र गीत गाउँदा उच्चारण प्रक्रिया फरक गरेर पनि वाचिक अभिनय गरेको पाइन्छ । गुरुले गीत गाउँदा सामान्य बोलीचालीको शब्दलाई पनि बिगारेर वाचिक अभिनय गरिरहेको हुन्छ । गुरुले गीत गाउँदा अवस्थानुसार ढटुवारेले गुरुको गीतमा जवाफ दिएको पाइन्छ ।

### ५.७.४.२ सात्विक अभिनय

यहाँका नृत्यमा गुरुले सरस्वती निकाल्दा कामेर, ढटुवारेले पनि बेलाबेलामा गीतको भाव अनुसार अनुहारको रूप बिगारेर सात्विक अभिनय प्रस्तुत गरेको पाइन्छ । राम र सिताको वियोगको कथामा ढटुवारेले दर्शकलाई प्रभाव पार्नको लागि रोएको जस्तो गरेर अभिनय गरेको पाइन्छ । विभिन्न कथावस्तुमा कथानुसार ढटुवारेले सात्विक अभिनयद्वारा अभिनय प्रस्तुत गरी दर्शकलाई प्रभाव पार्ने काम गरेको पाइन्छ ।

### ५.७.४.३ आहार्य अभिनय

फिनाम गाविसको पाङ्दुरेमा विभिन्न किसिमका पात्रहरू हुन्छन् । यस नृत्यमा भारते, मारुनी, मादले, र गर्राहरू हुन्छन् । यसका पात्रहरूले दर्शकको मन लोभ्याउने खालको वेशभूषा साथै गरगहना लगाएर अभिनय गरेको पाइन्छ । मारुनीले चोलो, घाँघर, पटुका, जन्तर, सिरबन्दी सिक्री, कानमा कुण्डल, भारतेले भोटो, कछाड, जामा, सेतो फेटा, कानमा कुण्डल ढटुवारेले भोटो, भाङ्ग्रा, बिर्के टोपी, मकुण्डोजस्ता वेशभूषा तथा गरगहना पहिरिएर आहार्य अभिनय प्रस्तुत गरेको पाइन्छ । यस पाङ्दुरे लोकनाटकलाई बेशभूषाले पनि प्रभाव पारेको पाइन्छ।

### ५.७.४.४ आङ्गिक अभिनय

यहाँ गाउने पाङ्दुरेमा गुरुले गीत अनुसार हातको भाउ लगाएर, मारुनीले गीत र मादलको ताल अनुसार शरीरका विभिन्न अङ्गहरू चलाएर वा कँपाएर आङ्गिक अभिनय गरेको पाइन्छ । मादलको ताल र गीतको वोलअनुसार शरीरका विभिन्न अङ्गहरू कलात्मक तवरले सञ्चालन गरी विभिन्न भावभङ्गिमाका साथ नृत्य प्रस्तुत गरेर भारतेले आङ्गिक अभिनय गरेको पाइन्छ । ढटुवारेले पनि गीतको ताल र वोल अनुसार अभिनय गरेर हसाउँने गरेको पाइन्छ ।

## ५.८ सङ्गीत

फिनाम गाविसमा प्रचलित पाङ्दुरेमा स्थानीय मौलिक नेपाली लोकसङ्गीतको प्रयोग गरिएको पाइन्छ । यो नृत्य लोकलयमा आधारित रहने हुँदा यसमा प्रयोग गरिने वाद्यवादन पनि लोकप्रचलित नै पाइन्छ । यस नृत्यमा आधुनिक किसिमको वाद्यवादन प्रयोग गरिएको पाइँदैन् । यस नृत्यको प्रमुख वाजा मादल नै हो । मादलका साथमा रमाइलोको लागि वाँसुरी, मुजुरा र मुर्चुङ्गा पनि प्रयोग गरिएको पाइन्छ । यी वाद्यवादनले लोकनाटकलाई श्रुतिरम्यता प्रदान गर्दछ । यस लोकनाटकमा मादल नै प्रमुख मानिन्छ । यहाँ प्रचलित लोकनृत्य पाङ्दुरेमा गर्रा बाँध्ने ताल, ठकन हान्ने ताल, लमीताल र छोटीतालमा गाउने र बजाउने गरेको पाइन्छ । सखी बाँध्ने वेलामा गर्रा बाँध्ने ताल बजाउँछन् भने सरस्वती जगाउँदा ठकन हान्ने ताल बजाउँछन् । यहाँको नृत्यमा प्रस्तुत

हुने विवाह खण्ड, सिकारखण्ड र वनवास खण्ड गीत गाउँदा लमी ताल बजाउने गरेको पाइन्छ । छोटी ताल ख्याली गाउँदा बजाउने गर्दछन् । लमी ताल भनेको ढिलो र छोटी ताल भनेको छिटो मादल बजाउनु हो । यी विभिन्न ताल गीतको वोल अनुसार गुरु र मादलेले बजाएको पाइन्छ । (स्रोतः राजन कुँवर)

## ५.९ उद्देश्य

यस गाविसका स्थानीय बासिन्दाले परम्परादेखि प्रस्तुत गरिँदै आएको लोकसंस्कृतिलाई जीवन्तता दिँदै लोकसंस्कृतिको जगेर्ना गर्ने, मनोरञ्जन दिने लिने समाजको हितको लागि आर्थिक संकलन गर्ने, धार्मिक शुभकार्य गर्ने लोकशिक्षा दिने विभिन्न समारोह चाडपर्वमा प्रतियोगितात्मक कार्यक्रममा सहभागी भई आफ्नो पहिचान दिने उद्देश्यले यो लोकनाटक सञ्चालन गरेको पाइन्छ । जिल्लामा उत्सव दिवसजस्ता प्रतियोगितात्मक कार्यक्रममा सञ्चालन गरिँदा यस क्षेत्रको प्रतिष्ठा र प्रतिभा उजागर गर्ने उद्देश्य अनुरूप पाङ्दुर गीतको थालनी गरेको पाइन्छ ।

## ५.१० शैली

यहाँका स्थानीय बासिन्दाले आफ्नै शैलीमा पाङ्दुरे लोकनाटक प्रस्तुत गरेको पाइन्छ । नाचगान गर्दा नारी र पुरुषसँगै ननाच्ने हुँदा मारुनी नारी हुनु पर्ने भएकोले पुरुषलाई नै महिलाको वेशभूषा र गहना लगाइदिएर नचाउने गर्दछन् । यहाँको नृत्यमा मारुनी शैली पनि पाइन्छ । भारते पुरुष हुनु पर्ने भएकोले स्थानीय वेशभूषामा नचाउने गर्दछन् । पाङ्दुरेमा रामचरित्र र कृष्णचरित्रमा आधारित गीत गाएर गीति संवादात्मक शैलीको पनि प्रयोग गरिएको पाइन्छ । यहाँका नृत्यमा लीला शैली, भारत शैली र लास्य शैली प्रयोग गरेको पाइँदैन । यहाँ मारुनी शैली मात्र प्रयोग गरेको पाइन्छ । यसमा कतै कतै प्रश्नोत्तरात्मक संवादात्मक शैलीको प्रयोग भएको पाइन्छ ।

## ५.११ भाषा

यस क्षेत्रको पाङ्दुरे लोकनाटकमा मानक नेपाली भाषाकै बाहुल्यता पाइन्छ । गीत गाउँदा उच्चारणले मात्र भाषामा भिन्न बनाएको पाइन्छ । प्रायशः शब्दहरू स्थानीय बोलीचालीकै भाषा प्रयोग गरेको पाइन्छ । केही शब्दहरू मानक नेपालीभन्दा फरक पाइन्छ । केही शब्दहरू हिन्दी, संस्कृत, मगर, गुरुङ्ग आदि भाषाबाट आएको पाइन्छ । स्थानीय रूपमा प्रचलनमा रहेका केही स्थानीय भाषिका र मानक नेपालीका कतिपय शब्दहरू विकृत रूपमा प्रयोग गरिएको पाइन्छ । यस फिनाम गाविसको पाङ्दुरेमा प्रयोग गरिने शब्दहरू यस प्रकार पाइन्छन् । जस्तै :

तुमारो-तिम्रो, तमु-तिमी, सरमासोती-सरस्वती, वरमाण-ब्राम्हण, कै कै-कैकेयी, शुभइ-शुभ, कपडा-कपडा, घामइ-घामै, फूलइ-फूलै, धरती-धर्ती, गोरुखा-गोरखा, जनती-जन्ती ,तामु-तिमी, कल्ले- कसले, पत्तालाई- पातल,वरमाण-ब्राम्हण, शुभाई- शुभ, बैठला-बस्ला, पिरति-प्रिति, माटी-माटो,गँडैला-गाडौँला,टँगैला-टागौँला,बसैला-बस्ला, हरेनी- मृग, सकल- सम्पूर्ण, हेयार-हृदय, जाम-जाऊ जस्ता भाषा प्रयोग गरिएको पाइन्छ ।

## ५.१२ द्वन्द्व

फिनाम गाविसमा प्रचलित पाङ्दुरेमा गुरुले गीतको माध्यमबाट द्वन्द्व प्रस्तुत गरेको पाइन्छ । गुरुले आफूले गाउने पाङ्दुरे गीतको कथावस्तु अनुसार कहिले वैचारिक द्वन्द्व र कहिले शक्तिको द्वन्द्व प्रस्तुत गरेको पाइन्छ । गीतको माध्यमबाट प्रस्तुत गरिएको द्वन्द्वले के भयो होला ? अव के हुन्छ होला ? भन्ने जिज्ञासा उत्पन्न गराउँछ । जति जिज्ञासा उत्पन्न हुन्छ त्यति लोकनाटक प्रभावकारी हुन्छ । द्वन्द्व दुई प्रकारको पाइन्छ । यस पाङ्दुरेमा रामायणको कथानकमा आधारित गीत गाएर गीतको वोल र भाव अनुसार यी विभिन्न द्वन्द्व प्रस्तुत गरेको पाइन्छ :–

### ५.१२.१ वैचारिक द्वन्द्व

पाङ्दुरेमा गुरुले गीतको माध्यमबाट वैचारिक द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ । वैचारिक द्वन्द्वमा विचारको द्वन्द्व सृजना पाइन्छ । यसमा बलको द्वन्द्व हुँदैन । राजा दशरथ र कैकेयीबीच भएको विवाद, भरतलाई राजतिलक दिने वेलामा भएको विवाद, रामलाई वनवास पठाउने वेलामा भएका विविध क्रियाकलाप, राजा दशरथ र विश्वामित्र ऋषिबीच भएका विविध विवादात्मक कथावस्तुलाई गीतको माध्यमबाट गुरुले वैचारिक द्वन्द्वमा प्रस्तुत गरेको पाइन्छ ।

### ५.१२.२ शक्तिको द्वन्द्व

यस गाविसमा प्रचलित पाङ्दुरेमा गुरुले कथावस्तुलाई गीतको माध्यमबाट शक्तिको द्वन्द्वलाई प्रस्तुत गरेको पाइन्छ । रामले विश्वामित्र ऋषिको साथमा जाँदा सुवाहु र मारिचसँग गरिएको युद्ध, रावणले अपहरण गरी लङ्का लगिएकी आफ्नी पत्नी सीता फिर्ता ल्याउँदा गरिएको युद्ध र रामले मिथिलामा शिवधनु उचालेर गरिएको पुरुषार्थलाई गीतको माध्यमबाट गुरुले यस फिनामको पाङ्दुरे लोकनाटकमा शक्तिको द्वन्द्वलाइ दर्शकमाँझ प्रस्तुत गरेको पाइन्छ ।

## ५.१३ रङ्गमञ्च

यस क्षेत्रको पाङ्दुरे नाच देखाउन औपचारिक रङ्गमञ्चको प्रयोग गरेको पाइँदैन । नृत्यटोली जहाँ पनि जान सक्ने भएकोले मञ्चको आवश्यकता महसुस गर्दैनन् । यो नृत्य सडक, घर, आँगन, मठमन्दिरजस्ता ठाँउमा सञ्चालन गर्दछन् । हावा, पानी, घाम आदिबाट वच्नको लागि पालको व्यवस्था भने गरेको पाइन्छ । कसैकसैको घरमा भने सामान्य सजावट गरिएको पाइन्छ ।

## ५.१४ निष्कर्ष

प्रस्तुत पाँचौं परिच्छेद फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको संकलन र विश्लेषणमा आधारित रहेको छ । सूचक तथा जानिफकार व्यक्तिहरूबाट प्राप्त सवै संकलित सामग्रीहरूलाई लोकनाटकको तत्त्वहरूको आधारमा विश्लेषण गरिएको छ । फिनाम गाविसमा प्रचलित सोरठी लोकनाटक अन्य क्षेत्रको भन्दा अलि भिन्न प्रकारको पाइएको छ । यस क्षेत्रको सोरठीमा सोरठी रानीको कथावस्तु कम पाइन्छ । यस क्षेत्रको सोरठीमा रामायणको कथावस्तु थप गरिएको पाइन्छ । सोरठीमा कृष्णचरित्र र रामचरित्रमा आधारित कथावस्तु वढी मात्रामा पाइन्छ । पाङ्दुरेमा भने रामायणमा

आधारित कथावस्तु मात्र पाइन्छ । यस क्षेत्रमा पाइने लोकनाटकहरूको बारेमा सम्बन्धित गुरुहरूसँग प्रत्यक्षरुपमा भेट गरी संकलन गर्ने काम गरिएको छ ।यस फिनाम गाविसमा प्रचलित सोरठी र पाङ्दुरेबाट संकलित सामग्रीहरूलाई लोकनाटकको तत्त्वहरू कथानक, पात्र, परिवेश, अभिनय, सङ्गीत, भाषा आदिको आधारमा विश्लेषण गर्नु उपयुक्त देखिएकोले सोही अनुसार विश्लेषण  गरिएको छ । नेपाली लोकसंस्कृतिको धरोहर तथा अमुल्य निधिको रूपमा रहेको सोरठी र पाङ्दुरेलाई अन्यत्र एउटै रुपमा पाईएता पनि यस क्षेत्रमा गीत, ताल र कथावस्तुमा केही फरक पाइएकोले यसलाई छुट्टै संकलन गरी छुट्टै विश्लेषण गर्ने काम गरिएको छ ।

# छैटौँ परिच्छेद
# उपसंहार

## ६.१. सारांश

फिनाम गाविस लोक साहित्यिक क्षेत्र हो । यहाँ लोक साहित्यिक सामग्रीले भरिपूर्ण ठाँउ हो । यस क्षेत्रमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखानटुक्का आदि विविध सामग्रीहरू प्रशस्त पाइन्छ । ती सामग्रीहरूमध्ये प्रचलित लोकनाटकहरूमात्र सङ्कलन गरी विश्लेषण गर्ने उद्देश्यले प्रस्तुत शोधपत्र तयार पारिएको हो । ती संकलित सामग्रीहरूलाई प्रस्तुत गर्ने क्रममा शोधपत्रमा छ ओटा परिच्छेदहरूको व्यवस्था गरिएको छ । हरेक परिच्छेदमा आवश्यक विषयवस्तुलाई प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

पहिलो परिच्छेद शोध परिचयको रूपमा रहेको छ । यस परिच्छेदमा शोधकार्यको प्रयोजन, शोधकार्यको उद्देश्य, समस्या कथन, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, शोधको सीमा, शोधविधि र शोधपत्रको रूपरेखा आदि शीर्षकहरूको परिचय दिईएको छ । यसरी पहिलो परिच्छेद शोधपरिचयको रूपमा रहेको छ

दोस्रो परिच्छेदमा फिनाम गाविस र गोरखा जिल्लाको परिचय खण्डको रूपमा प्रस्तुत गरिएको छ । यस खण्डमा पृष्ठभूमि, नामकरण, भौगोलिक परिचय, हावापानी, नदीनाला, प्रसिद्ध ठाँउहरू, सामाजिक जनजीवन, भाषा, शैक्षिक अवस्थाको बारेमा सङ्क्षिप्तमा उल्लेख गरिएको छ ।

यसै गरी यस शोधपत्रको तेस्रो परिच्छेदमा लोकनाटकको सिद्धान्तको बारेमा उल्लेख गरिएको छ । यसमा लोकनाटकको परिचय, मूलपाठ परिभाषा, विशेषताहरू, तत्त्वहरू, वर्गीकरण र निष्कर्ष दिईएको छ ।

यसै गरी चौथो परिच्छेदमा फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको वर्गीकरण रहेको छ । यस क्षेत्रमा हाल प्रचलित लोकनाटकहरूमा सोरठी र पाङ्दुरे रहेका छन् । पाङ्दुरे नाच फिनाम गाविसको पन्थेस्वाँरामा गई त्यहाँका गुरु गर्रा र जानकार व्यक्तिहरूसँग सोधेर वर्गीकरण गरिएको छ । सोरठी नाच पनि फिनाम गाविसको लाँकुरीस्वाँरामा गई गुरु, गर्रा र जानकार व्यक्तिहरूसँग सोधेर वर्गीकरण गरिएको छ । साथै लोकनाटक निकाल्ने समय र अवस्था, उठान र वैठानको विधि र यस नाचको अध्ययन परम्पराको बारेमा पनि चर्चा गरिएको छ ।

यसै गरी अर्को पाँचौं परिच्छेदमा फिनाम गाविसमा प्रचलित लोकनाटकहरूको विश्लेषण रहेको छ । यस क्षेत्रमा प्रचलित लोकनाटकहरूको संकलन गरी लोकनाटकको तत्त्वहरूको आधारमा विश्लेषण गर्ने काम गरिएको छ । लोकनाटकका तत्त्वहरू कथानक, पात्र वा चरित्र, परिवेश, अभिनय तथा प्रस्तुतीकरण, सङ्गीत, उद्देश्य, भाषा, शैली, द्वन्द्वका आधारमा विश्लेषण गरिएको छ । अन्तमा निष्कर्ष दिईएको छ ।

त्यस्तै शोधपत्रको अन्तिम तथा छैटौँ परिच्छेदमा उपसंहार खण्डको रुपमा रहेको छ । यस परिच्छेदमा सुरुदेखि अन्तिम परिच्छेदसम्म गरिएको क्रियाकलापको सङ्क्षिप्तमा उल्लेख गरिएको छ । यस छैटौँ परिच्छेदको खण्डमा सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

## ६.२ निष्कर्ष

फिनाम गाविसमा प्रचलित लोकनाटक (सोरठी र पाङ्दुरे) तिहारमा देउसी भैलो खेल्दा, विभिन्न चाडपर्व, धार्मिक कार्य गर्दा विभिन्न उत्सव समारोह र प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गर्दा दर्शकहरूलाई मनोरञ्जन दिने आफैमा अनौठो विलक्षण र विशेष प्रकारको छुट्टै पहिचान बोकेको लोकनाटक हो । त्यसैले यो एउटा अमुल्य सांस्कृतिक निधि हो । यसमा विभिन्न ताल र लयका नाच, गीत, सङ्गीत र वाद्यवादनका अपूर्व संगम पाइन्छ । यस क्षेत्रमा प्रचलित लोकनाटकको साङ्गीतिक विकासका अध्ययन गर्दा मानव सभ्यताको उद्गम अवस्थादेखि सुरुवात भएको अनुमान गर्न सकिन्छ । यसको कथावस्तु, आख्यानगत् परिवेश र पात्र हेर्दा सहजै प्राचीनकालदेखि नै सुरुवात भएको भन्न सकिन्छ । यो लोकनाटक भएकोले यसमा गीत, सङ्गीत र नृत्यको त्रिवेणी पाइन्छ ।

रेडियो, टिभी, क्यासेट र फिल्मी डेक आदिको चलन नआउदै यसले गाँउघरमा लोकप्रियता जमाई सकेको पाइन्छ । लोकसाहित्यमा लोकगीत, लोकनाटक, लोकगाथा, लोककथा, उखानटुक्का र गाउँखाने कथा गरी छ वटा विधाहरू रहेका छन् । यी विविध विधाहरू मध्ये महत्वपूर्ण र फराकिलो क्षेत्र ओगट्ने विधा भनेको लोकनाटक हो । यसमा रहेको गीतितत्त्व, आख्यानतत्त्व र नृत्यको त्रिवेणी समन्वयले गर्दा विधागत फराकिलोपन भेटिन्छ ।यस क्षेत्रमा पाइने लोकनाटकमा मगर, गुरुङ, कुवर, खनखवास र घर्ती जातिहरूको निजी नाच भए पनि यो नेपाली लोकसंस्कृतिको एक अभिन्न अङ्ग र लोकसमुदायको साझा सम्पत्ति र मौलिक संस्कृतिको परिचायक हो ।

यस लोकनाटकले फिनाम गाविसको निजी पहिचान दिनुका साथै आदिम नेपाली लोकजीवनको प्रतिविम्ब झल्काएको पाइन्छ । यसमा आदिम समाजको रहनसहन जातीय चिनारी रीतिरिवाज र लोककलाको विम्ब  र प्रतिविम्ब पाइन्छ । यसको परिवेश अध्ययन गर्दा यसमा लौकिक र अलौकिक परिवेश पाइन्छ । यस लोकनाटकमा आख्यानगत् र नाट्यगत् परिवेश पनि पाइन्छ । यस लोकनाटकमा नेपाली समाजको प्राचीन जनजीवन, लोकव्यवहार, सामाजिक तथा पौराणिक विषयवस्तु, प्राचीनकालको वेशभूषा तथा लोकभाषाको प्रयोग पाइन्छ । बूढा पुराना र गर्राहरू सकिँदै गएकाले नयाँ पुस्ताका मादले र गर्रा उत्पादन हुन नसकेकोले अव आउँदो पुस्तामा भने यो नाच लोपै भएर जाने अवस्थामा पुगेको छ । अचेल नै यसका पूर्ण कथावस्तु अनुसारको कथा पाउन कठिन भईसकेको छ । यस क्षेत्रमा नयाँ संस्कृतिको प्रवेश मनोरञ्जनका नयाँ साधन उपलब्ध हुनु पुरानो संस्कृतिप्रति नयाँ पुस्ताले तिरस्कार गर्नु र परम्परागत लोकसंस्कृतिप्रति वितृष्णा, अतिक्रमण दवावले गर्दा यो नाच पुर्खाहरूसँगै ढलेर नजाला भन्न सकिन्न । पुरानो पुस्तासँगै ढलेर जानेछ । तर अझैसम्म केही जीवित अवस्थामा रहेको यो लोकनाटकप्रति संस्कृतिप्रेमी, कलाप्रेमी, यस क्षेत्रका जनता, सरकार पक्षबाट गैरसरकारी संस्था, सरोकारवालाहरूले यस नाचप्रति चासो देखाएमा अवस्य पनि संरक्षण र सम्बर्द्धन हुनेछ । नत्र भने निकट भविष्यमै यसको अन्त्य हुनुको साथै इतिहासको पानामा सीमित भई एउटा दन्त्यकथामा सीमित रहनेछ ।

# सन्दर्भग्रन्थसूची


१. अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाडौंः विद्यार्थी प्रकाशन ,२०६१ ।

२. उपाध्याय, केशवप्रसाद, **लोकनाटकको अध्ययन**, ललितपुर : साझा प्रकाशन, २०५६ ।

३. ओझा,रामनाथ र मधुसुदन गिरी, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध,** काठमाडौं :स्टूडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिस्टिव्युटर्स,२०६४।

४. कन्दङ्वा, काजीमान, **नेपाली जनसाहित्य** ,काठमाडौंः रोयल नेपाल एकेडेमी ,२०२० ।

५. गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन**, काठमाडौं :एकता प्रकाशन, प.स २०५७ ।

६. थापा,धर्मराज र हंसपुरे सुवेदी,**नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौंः पा.वि.के.त्रि.वि,प.स.२०४१।

७. पराजुली, कृष्णप्रसाद, **नेपाली लोकगीतको आलोक**, काठमाडौंः बीणा प्रकाशन, २०६३ ।

८. पराजुली, मोतीलाल, **नेपालमा प्रचलित नृत्य र नृत्यनाटिकाहरू** ललितपुरः साझा प्रकाशनको छापाखाना,२०६३ ।

९. पराजुली, मोतीलाल, **सोरठी नृत्य नाटिका** ,काठमाडौंः दीक्षान्त पुस्तक भण्डार ,२०६३ ।

१०. पोखरेल,बालकृष्ण(नि), **नेपाली बृहत् शब्दकोश**,काठमाडौंःनेप्रप्र,२०६७ ।

११. फिनाम गाविस,फिनाम गाविसको **पारिवारिक विवरण**, २०६७ ।

१२. बन्धु, चुडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स, २०५८ ।

१३. शर्मा, गणेश प्रसाद, **चितवन भरतपुर नगर क्षेत्रमा प्रचलित भजनहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण**, स्नातकोत्तर अप्रकाशित शोधपत्र, २०६४

१४. शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुईटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौं :विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

१५. शाह, सुबि, मारुनी - **पाङ्गदुरे लोक नाच, तुलसी दिवस,** २०३५ ।

१६. सुवेदी,तोयनारायण र पार्वती अधिकारी, **गोरखा जिल्ला पाश्वचित्र, जिविस गोरखा,२०६४ ।**

# परिशिष्ट - १



परिशिष्ट - २

# लोकनाटकमा हाल सहभागीहरूको नामावली

## पाङ्दुरे

**स्थान : गोरखा जिल्ला फिनाम गाविस वडा नं. ६ पन्थेस्वाँरा**

**गुरु : पदम बहादुर कुँवर र मिन बहादुर थापा** (हाल)

**मारुनी :** प्रकाश कुँवर र शिव कुँवर

**भारते :** राजन कुँवर

**मादले :** टंक बहादुर थापा, मिन बहादुर थापा, अमृत बहादुर कुँवर र प्रेम बहादुर कुँवर

**गाउने थप गर्राहरू :** हर्क बहादुर कुँवर, केशर बहादुर राना र विष्णु कुँवर

## सोरठी

**स्थान : गोरखा जिल्ला फिनाम गाविस** वडा नं. ८ लाकुरी स्वाँरा

**गुरु :** लाल बहादुर आले

**मारुनीः** कृष्ण बहादुर थापा र चञ्चले थापा

**भारते :** मिन बहादुर गुरुङ

**मादले :** दिप बहादुर आले,फत्त बहादुर आले,सन्तोष बहादुर थापा र मन बहादुर थापा

**गाउने थप गर्राहरू :** कृष्ण बहादुर थापा,उद बहादुर आले र काजी आले

परिशिष्ट ३

# सामग्री सङ्कलनमा सहयोग गर्नेहरूको नामावली


## सोरठी लोकनाटक

| | |
|---|---|
| १. लाल बहादुर आले मगर | फिनाम गाविस वडा नं. ८ |
| २. नविन आले मगर | फिनाम गाविस वडा नं. ८ |
| ३. दिपक चन्द्र आले मगर | फिनाम गाविस वडा नं. ८ |
| ४. दिप बहादुर आले मगर | फिनाम गाविस वडा नं. ८ |

## पाङ्दुरे लोकनाटक

| | |
|---|---|
| १. पदम बहादुर योगी | फिनाम गाविस वडा नं. ६ |
| २. मिन बहादुर भुजेल | फिनाम गाविस वडा नं. ६ |
| ३. राम बहादुर कुंवर | फिनाम गाविस वडा नं. ६ |
| ४. हर्क बहादुर कुंवर | फिनाम गाविस वडा नं. ६ |
| ६. केशर बहादुर राना | फिनाम गाविस वडा नं. ६ |

## परिशिष्ट ४



अन्तराष्ट्रिय, जिल्ला, न.पा. र गा.वि.स. सिमाना
N
चीन
मनाङ
लम्जुङ
धादिङ
तनहुँ
चितवन
संकेतहरु
सिमानाहरु
अन्तराष्ट्रिय सिमाना
जिल्ला सिमाना
न.पा
गा.वि.स.
मापन: 10 0 10 20 Kilometers
स्रोत: रा.यो.आ./स्थानीय विकास मन्त्रालय

परिशिष्ट ५

